सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ भदौ २०८०, बिहीबार (24 Aug 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १३३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

संघ र प्रदेशका संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम रोक्न अन्तरिम आदेश

सांसद आफैंले विकासको नाममा रकम छुट्याउँदा स्वार्थ बाझिने अवस्था हुन्छ : सर्वोच्च

● संघीय सांसदका लागि विनियोजित आठ अर्ब २५ करोड र सातवटै प्रदेशका सांसदहरूको क्षेत्रमा खर्च गर्न छुट्याइएको साढे नौ अर्बभन्दा धेरै रकम तत्काल खर्च गर्न नपाइने

शिल्पा कर्ण/नयाँ पत्रिका

सांसद आफैंले निर्वाचन क्षेत्रमा विकास कार्यक्रम गर्दा स्वार्थ बाझिने भन्दै सर्वोच्च अदालतले संघ र प्रदेशका संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ। सर्वोच्चको संवैधानिक इजलासले बिहीबार संविधानको शब्द, भाव र मर्मसमेतलाई दृष्टिगत गरी यस्तो आदेश दिएको बताएको छ।

कोसीको विवाद पुनः सर्वोच्चमा

मुख्यमन्त्रीले पाएको विश्वासको मत असंवैधानिक भएको भन्दै रिट, आज सुनुवाइ

(विस्तृत समाचार पृष्ठ ११)

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको नेतृत्वमा न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमानसिंह राउत सम्मिलित इजलासले दिएको आदेशमा व्यवस्थापिकाको प्रकृतिले कार्यकारिणी प्रकृतिको कार्य गर्ने जिम्मेवारी दिएको नदेखिने उल्लेख छ। नेपालले शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित लोकतान्त्रिक शासन प्रणालीलाई अंगीकार गरेको र त्यसअन्तर्गत कार्यकारिणी अधिकार संघको

» पृष्ठ ११ मा क्रमशः

■ संवैधानिक इजलासबाट भएको आदेशमा भनिएको छ-



विश्वम्भरप्रसाद श्रेष्ठ, प्रधानन्यायाधीश | ईश्वरप्रसाद खतिवडा, न्यायाधीश | आनन्दमोहन भट्टराई, न्यायाधीश | अनिलकुमार सिन्हा, न्यायाधीश

■ ... नेपालको संविधानको शब्द, भाव र मर्मसमेतलाई दृष्टिगत गर्दा विनियोजन ऐन, २०८० को रूपमा पारित आर्थिक वर्ष ०८०/८१ को बजेट वक्तव्यको बुँदा नं. ४४५ सँग सम्बन्धित व्यवस्था र सातवटै प्रदेशका व्यवस्थापिकाहरूको आर्थिक वर्ष ०८०/८१ को विनियोजन ऐनमा व्यवस्था गरिएका समान प्रकृतिका संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमसम्बन्धी व्यवस्थाहरू तथा ती व्यवस्थाहरूका लागि छुट्याइएको विनियोजित रकम खर्च गर्ने कार्य प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नू-नगराउनू।

■ संघीय र प्रदेश व्यवस्थापिकाको मूल कार्य व्यवस्थापकीय प्रकृतिको कार्य नै हुने देखिन्छ। संघीय सांसद वा प्रदेश सभा सदस्यहरूलाई कार्यकारिणी प्रकृतिको कार्य गर्ने जिम्मेवारी प्रदान गरेको देखिँदैन। यस स्थितिमा राष्ट्रिय योजना आयोग वा प्रदेश योजना आयोग वा सम्बन्धित मन्त्रालयको सिफारिसमा नपरेका विषयमा संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमका नाममा सांसद आफैंले आफ्नो संसदीय निर्वाचन क्षेत्रको पूर्वाधार विकासको नाममा रकम छुट्याउँदा स्वार्थ बाझिने अवस्था पनि रहन्छ। यस प्रकारको विकास निर्माणको कार्यले सुशासनलाई प्रवर्द्धन गर्छ भनी निश्चित हुने अवस्थासमेत रहँदैन।

विकासको बाधा फुकाउने सर्वोच्च संयन्त्रकै निर्णय हुँदैनन् कार्यान्वयन

विकासका बाधा पहिल्याउँदै समाधानका लागि राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक)ले पछिल्लो साढे चार वर्षमा तीन बैठकबाट गरेका ५२ निर्णयमध्ये पाँचवटा मात्रै पूर्ण कार्यान्वयन

कृष्ण रिजाल/नयाँ पत्रिका

विकाससम्बन्धी बाधा फुकाउन प्रधानमन्त्रीकै अध्यक्षता रहेको सर्वोच्च संयन्त्र राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक)ले गरेका निर्णयसमेतको कार्यान्वयन पक्ष फितलो छ। पछिल्ला साढे चार वर्षमा एनडेकका तीन बैठकले गरेका ५२ निर्णयमध्ये जम्मा पाँच निर्णय मात्रै पूर्ण कार्यान्वयन भएका छन्।

राष्ट्रिय योजना आयोगको तथ्यांकअनुसार एनडेकका ४३ निर्णय आंशिक कार्यान्वयन भएका छन् भने चार निर्णय कार्यान्वयनमै आउन सकेका छैनन्। एनडेक देशको विकास अनुगमन तथा मूल्यांकनसम्बन्धी सर्वोच्च संयन्त्र हो। मन्त्रालय तथा विभागको योजना तथा कार्यक्रमको प्रगतिको समीक्षा गर्ने, मन्त्रालयहरूबीच समन्वय गराइदिने, देखिएका समस्या समाधानका लागि निर्देशन दिनेलगायत काम यो समितिबाट हुन्छ। विकासमा जे-जे समस्या देखिएका छन्, त्यसको समाधान यहींबाट खोजिन्छ। तर, समाधानका लागि गरिएका निर्णयको कार्यान्वयन अवस्था भने फितलो देखिन्छ।

योजना आयोगका अनुसार १५ चैत ०७८ मा बसेको ४९औं बैठकले २२ वटा निर्णय गरेको थियो। तीमध्ये एउटा निर्णय पनि पूर्ण कार्यान्वयन भएको छैन। २० वटा आंशिक

» पृष्ठ ११ मा क्रमशः

■ के छन् कार्यान्वयन हुन नसकेका निर्णय ?

खासगरी एनडेकको ४८औं र ४९औं बैठकका निर्णयको कार्यान्वयन कमजोर छ। पूर्वाधार आयोजनाका लागि जग्गा प्राप्ति गर्ने कार्यलाई सहजीकरण गर्ने, राष्ट्रिय राजमार्गको रेखांकन तथा सडक सीमा निर्धारण कार्य यथाशीघ्र कार्यदल बनाई एक महिनाभित्र टुंग्याउने, बजेटको दोहोरोपना हटाउनेलगायत थुप्रै निर्णय दुवै बैठकबाट भए पनि पूर्ण रूपमा कार्यान्वयन भएको देखिँदैन। निजी क्षेत्रबाट सञ्चालित ठूला आयोजनाका लागि छुट्टै सुरक्षा मापदण्ड तीन महिनाभित्र तयार गरी लागू गरिने, एकल बिन्दु सेवा केन्द्र पूर्ण रूपमा सञ्चालनमा ल्याउने, सरकारी निकायबाट आयात-निर्यातको ढुवानी नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनीमार्फत गराउनेलगायत ४८औं बैठकका निर्णय पनि कार्यान्वयन भएको देखिँदैन। त्यस्तै, विकास साझेदारबाट सञ्चालित कार्यक्रम, परियोजना र आयोजनाको शोधभर्ना समयमै लिन समिति बनाउने, संघबाट तल्ला तहमा हस्तान्तरण भएका आयोजना छिट्टै सम्पन्न गर्नेलगायत ४९औं बैठकका निर्णय कार्यान्वयन भएका छैनन्। ४७औं बैठकले गरेका आठ निर्णयमध्ये ६ आंशिक कार्यान्वयन मात्रै भएका छन्।

प्रक्रिया पूरा गर्नुपर्नेलगायत कारणले ढिलाइ हुने गरेको छ

● डा. मीनबहादुर श्रेष्ठ
उपाध्यक्ष, राष्ट्रिय योजना आयोग



मन्त्रिपरिषद्ले जग्गा कित्ताकाट गर्ने निर्णय गऱ्यो, तर कार्यान्वयनमा आउन तीन महिना लाग्यो। यस्ता थुप्रै उदाहरण छन्, जो निर्णय भएलगत्तै कार्यान्वयनमा आउन सकेका छैनन्। एनडेकको हकमा पनि त्यस्तै हो, कानुन संशोधनमा समय लाग्ने, समन्वय गर्नुपर्ने, प्रक्रिया पूरा गर्नुपर्नेलगायत कारणले कार्यान्वयनमा ढिलाइ भएको हो। कतिपय सन्दर्भमा कर्मचारीमा काम गर्ने इच्छाशक्ति तथा लगाव नहुँदासमेत निर्णय कार्यान्वयन हुन नसकेको हो।

एनडेकका निर्णय कार्यान्वयन भए विकासले गति लिन्छ

● डा. गोविन्दराज पोखरेल
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग



राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक) का निर्णय कार्यान्वयन हुने हो भने विकासले गति लिन्छ, एनडेक अति महत्त्वपूर्ण संयन्त्र हो। तर, राजनीतिक नेतृत्वले दीर्घकालीन सोच नराख्ने, कर्मचारी सरुवा भइरहने, काम नगर्नेलाई दण्ड-सजायको व्यवस्था नहुने र आयोगले पनि नियमित फलोअप नगर्ने कारणले एनडेकका निर्णय कार्यान्वयन भएका छैनन्। यो दुःखद पक्ष हो। यसले विकासको गति घटाउँछ।

■ ५१औं बैठकले गर्नेछ ५०औं बैठकका निर्णय कार्यान्वयनको समीक्षा



गत २३ चैतमा बसेको एनडेकको ५०औं बैठक

गत २३ चैतमा एनडेकको ५०औं बैठक बस्यो। यसले २३ वटा निर्णय गऱ्यो। तर, यसको पनि कार्यान्वयन पक्ष कमजोर देखिन्छ। संघबाट तल्ला तहमा जाने ससर्त अनुदानलाई आयोजना वा कार्यक्रम नतोकी नतिजा सूचक वा क्षेत्र तोकेर हस्तान्तरण गर्ने, कार्यान्वयन हुने गरी तीनै तहका लागि खर्चको मापदण्ड तयार गर्ने, काठमाडौं-तराई मधेस द्रुतमार्गअन्तर्गत खोकना-बुडमती क्षेत्रमा अधिग्रहण भएको जग्गा विवादको समस्या समाधान गर्ने, सहकारी नियमनका लागि दुई महिनाभित्रै दोस्रो तहको नियामक निकाय स्थापना गर्न कानुनी व्यवस्था गर्नेलगायत निर्णयको कार्यान्वयन हुन सकेको छैन। यी निर्णयमा आंशिक प्रगति मात्रै देखिन्छन्। त्यस्तै, नौबस्ता औद्योगिक क्षेत्र, मोतीपुर औद्योगिक क्षेत्र, कृषि फाराम चन्द्रडाँगी, ज्येष्ठ नागरिक भवन गोठाटारलगायतमा भएको अतिक्रमण हटाएर तोकिएको काममा उपयोग गर्ने, मन्त्रालय तहबाटै जग्गा अधिग्रहणको आदेश दिन सक्ने व्यवस्था गर्नेलगायत निर्णयसमेत कार्यान्वयनमा आएका छैनन्।

बायाँ लेनमा गुड्नुपर्ने बस दायाँतिर लाग्दै खस्यो त्रिशूलीमा

आठ यात्रुको मृत्यु, चालक र सहचालकसहित १७ को उद्धार, दुई बेपत्ता



त्रिशूलीमा दुर्घटनाग्रस्त बस। तस्बिर : नयाँ पत्रिका

धादिङमा अर्जुन श्रेष्ठ

चालक र सहचालकसहित २७ जना बोकेर काठमाडौंबाट म्याग्दीको बेनी जाँदै गरेको यात्रुवाहक बस पृथ्वी राजमार्गअन्तर्गत धादिङको गजुरी गाउँपालिका- २ चालिसेबाट त्रिशूली नदीमा खस्दा आठजनाको मृत्यु भएको छ। चालक, सहचालकसहित १७ को उद्धार भएको छ। दुई यात्रु भने हराइरहेका छन्।

प्रदेश ३-०१-००५ ख ९९५२ नम्बरको बस दुर्घटनामा ६ पुरुष र दुई महिलाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धादिङका डिएसपी सन्तुलालप्रसाद जैसवारले जानकारी दिए। उनका अनुसार पर्वतको जलजला गाउँपालिका- ६ पर्वतकी ४२ वर्षीया राधिका सापकोटा, मोदी गाउँपालिका- १ की १५ वर्षीया कृतिका शर्मा पौडेल र मोदी गाउँपालिका- ५ का ४५ वर्षीय झपटबहादुर क्षेत्रीको मृत्यु भएको हो। त्यस्तै, म्याग्दीको रघुगंगा गाउँपालिका- ३ का ५० वर्षीय थानबहादुर भण्डारी र धौलागिरि गाउँपालिका- ५ का ७२ वर्षीय तीर्थबहादुर छत्याल तथा धादिङको गजुरी

» पृष्ठ ११ मा क्रमशः

३७ दिनपछि संसद् कार्यसूचीमा प्रवेश

सिआइबीले निष्पक्ष अनुसन्धान गरी सुन तस्करीमा संलग्नलाई अभियोजन गर्न दिने र त्यसपछि आयोग गठन गर्ने



(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



चन्द्रमाको दक्षिणी ध्रुवमा चन्द्रयान- ३ को अवतरण

दक्षिणी ध्रुवमा यान सफलतापूर्वक उतार्ने भारत पहिलो देश, अनुमानित खर्च पाँच अर्ब २० करोड भारतीय रुपैयाँ



चन्द्रमाको कक्षमा प्रवेश गरेपछि चन्द्रयान- ३ का क्यामेराले केही फोटोसमेत खिचेको थियो। २० अगस्टमा यानले खिचेको एउटा तस्बिर इसरोले मंगलबार सेयर गरेको छ। सो तस्बिरमा चन्द्रमाको धुलाम्मे खैरो सतहको 'क्लोज-अप' दृश्य देखिन्छ। इसरोका प्रमुख एस सोमनाथले यो इसरोका एक पुस्ताका वैज्ञानिकहरूको काम भएको बताएका छन्। उनले भने, 'यो हाम्रो एक्लो काम होइन, यो इसरोका एक पुस्ताका वैज्ञानिकहरूको काम हो।'

काठमाडौं/ दक्षिण एसियाली मुलुक भारतले चन्द्रमाको दक्षिणी ध्रुवमा चन्द्रयान-३ को सफलतापूर्वक अवतरण गराएको छ। चन्द्रमाको दक्षिणी ध्रुवमा यान सफलतापूर्वक उतार्ने भारत पहिलो देश बनेको छ।

प्रक्षेपण गरेको ४० दिनमा तीन लाख ८४ हजार चार सय किलोमिटरको दूरी पार गर्दै चन्द्रयान- ३ भारतीय समयअनुसार बुधबार साँझ ०६:०४ बजे चन्द्रमाको सतहमा अवतरण भएको हो। यानलाई भारतीय अन्तरिक्ष अनुसन्धान संस्थान 'इसरो'ले १४ जुलाईमा दक्षिण भारतस्थित श्रीहरिकोटा प्रक्षेपण केन्द्रबाट प्रक्षेपण गरेको थियो।

चन्द्रयानको अवतरणलाई इसरोले नियन्त्रण कक्षबाट लाइभ प्रसार गरेको थियो। लाइभमा ब्रिक्स सम्मेलनमा सहभागी हुन दक्षिण अफ्रिकाको राजधानी जोहानेसबर्गमा रहेका प्रधानमन्त्री नरेन्द्र मोदी पनि जोडिएका थिए।

चन्द्रयानले सफल अवतरण गरेपछि प्रधानमन्त्री मोदीले यो भारतको मात्र नभई सम्पूर्ण मानवताकै सफलता भएको बताए। 'भारतको सफल चन्द्र-अभियान भारतको मात्र होइन। यो अभियान मानव-केन्द्रित दृष्टिकोणमा आधारित छ र यसको सफलता सम्पूर्ण मानवताको सफलता हो,' प्रधानमन्त्री मोदीले लाइभ प्रसारणबाट

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

प्रधानमन्त्री प्रचण्डले दिए बधाई



प्रधानमन्त्री प्रचण्डले छिमेकी मुलुक भारतले चन्द्रयान- ३ को सफल अवतरण गराएकोमा समकक्षी नरेन्द्र मोदी र भारतीय जनतालाई बधाई दिएका छन्। 'मित्रराष्ट्र भारतले 'चन्द्रयान- ३' नामक यान चन्द्रमाको दक्षिणी ध्रुवमा सफलतापूर्वक अवतरण गराएको खबरले प्रफुल्लित छु। मित्रराष्ट्र भारतको यस सफलताबाट अन्तरिक्षको खोज, अनुसन्धानका साथै नयाँ सम्भावनाको खोजीमा मानव जातिले अर्को महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ, संसारभरिका वैज्ञानिक एवं अनुसन्धानकर्तामा थप प्रेरणा प्रदान गरेको छ,' प्रधानमन्त्री प्रचण्डले सामाजिक सञ्जालमार्फत भनेका छन्, 'यस ऐतिहासिक कार्यका निम्ति समकक्षी महामहिम नरेन्द्र मोदी, भारत सरकार र भारतीय जनताका नेपाल सरकार र नेपाली जनताको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछु।'

कपाली तमसुक बनाएका साहुकारले धर्मेन्द्रप्रसादलाई दुई वर्षका लागि जेल पुऱ्याए

वीरगन्जमा तिवारी यादव

पर्साको वीरगन्ज महानगरपालिका- २७ कुहडी टोलका धर्मेन्द्रप्रसाद पासवानलाई साहुकारले जेल पुऱ्याएका छन्। कुहडीकै साहुकार बलिराम यादवसँग ५० हजार ऋण लिएका पासवान कपाली तमसुकको भुमरीमा परेर दुई वर्षका लागि जेल चलान भएका हुन्। उनी गत १६ माघदेखि जिल्ला कारागार वीरगन्जमा कैद जीवन बिताइरहेका छन्।



■ साहुकार बलिरामविरुद्ध मिटरब्याजका तीन उजुरी

पासवानका परिवारले आफूहरूले ५० हजार रुपैयाँ मात्र लिएको बताइरहे पनि बलिरामले भने दुई लाख ५६ हजार ऋण दिएको दाबीसहित कपाली तमसुकलाई मुख्य आधार बनाएर दायर गरेको मुद्दा पर्सा अदालतले सदर गरिदिएपछि धर्मेन्द्र जेल पुगेका हुन्। धर्मेन्द्रकी श्रीमती मीनाका अनुसार ०७२ मा बलिरामसँग ऋण

» पृष्ठ ११ मा क्रमशः

'दलित परिवारमाथि अन्याय'



साहुकार बलिरामले जेल पुऱ्याएका धर्मेन्द्रप्रसाद पासवानको परिवार

विपन्न दलित परिवारका धर्मेन्द्र पासवानले पटक-पटक गरेर ऋण र ब्याज तिरिसक्दा पनि जेल जानुपरेको स्थानीय राजकेश्वर पासवानले बताए। उनले ऋण र ब्याज तिरिसक्दा पनि सात महिनादेखि जेलजीवन बिताइरहेका धर्मेन्द्रमाथि अन्याय भएको बताए। 'धर्मेन्द्र मासिक १५ हजारभन्दा बढी कमाउँथे। तर, जेल पुऱ्याएपछि परिवारको बिचल्ली छ,' उनले भने। स्थानीय सुरेन्द्र पासवानले पनि ऋण र ब्याज तिरिसकेका पासवानलाई जेल पठाउने यादवलाई मिटरब्याजी र फौजदारी मुद्दा लगाउन माग गरे।

■ बुबा जेल परेपछि छोरीहरूको पढाइ रोकियो

श्रीमान् धर्मेन्द्रप्रसाद जेल गएको सात महिना भयो। त्यसवेलादेखि मीनाको मनमा चैन छैन। उनलाई दुई छोरी र एक छोराको गाँसको जोहो गर्ने धौ-धौ छ।

विद्यालयको शुल्क तिर्न नसक्दा दुई छोरीको त पढाइ नै छुटिसकेको छ। छिमेकीको डेढ धुर जग्गामा सानो घर बनाएर बसेकी मीनाले भनिन्, 'श्रीमान् धर्मेन्द्रप्रसाद अरूको टेलर्समा सिलाइको काम गर्नुहुन्थ्यो। उहाँलाई पुलिसले लगेपछि धान रोप्ने, गोड्ने काम गर्छु। अरू वेला घरमै हुन्छु।' सिजनमा खेतमा काम गरेबापत उनले दैनिक पाँच किलो धान वा डेढ-दुई सय रुपैयाँ पाउँछिन्, त्यही पैसाले उनका छोराछोरीको जीविका चल्दै आएको छ।

तीन सन्तानमध्ये जेठी छोरी कक्षा ६ र कान्छी छोरी कक्षा १ मा स्थानीय सरस्वती बाल वोधनी एकेडेमीमा पढ्दै थिए। उनीहरूको मासिक फी क्रमशः नौ सय र ६ सय गरी एक हजार पाँच सय भए पनि लामो समयदेखि नबुझाउँदा २१ हजार पुगेको छ। मीनाले उक्त शुल्क जुटाउन नसकेपछि गत चैतमा भएको परीक्षा उनीहरूले दिन पाएनन्।

'सामुदायिक विद्यालयमा पढाउने भनेको, तर साइकल भएन,' मीनाले भनिन्, 'सामुदायिक विद्यालय घरबाट पाँच किलोमिटर टाढा छ।' मीना श्रीमान्लाई भेट्न १२ दिनअघि मात्र कारागार पुगेकी थिइन्। भेटमा श्रीमान्ले जेलमा धेरै दुःख रहेको र बाहिर निकाल्न भन्दै रोएको सुनाइन्।

■ सडकमा अनुशासनहीनता

एउटै चालकले गरे दुई सय ६० पटकसम्म नियम उल्लंघन



नयाँ पत्रिका

न्यून जरिवाना र कमजोर कारबाही प्रणालीले सडकमा अनुशासनहीनता कतिसम्म छ भन्ने ट्राफिक प्रहरीको एक तथ्यांकले देखाउँछ। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार काठमाडौं उपत्यकामा एउटै चालकले दुई सय ६० पटकसम्म सवारी नियम उल्लंघन गरेर कारबाहीमा परेका छन्। तर, त्यस्ता चालकको समेत लाइसेन्स निलम्बन हुन सकेको छैन, निस्फिक्री सवारी चलाइरहेका छन्।

यसरी बारम्बार ट्राफिक नियम मिच्ने चालकको संख्या ठूलो रहेको ट्राफिक प्रहरी कार्यालयका एसएसपी राजेन्द्रप्रसाद भट्ट बताउँछन्। ट्राफिक जरिवाना न्यून हुँदा चालकहरू सडकमा अनुशासनहीन बनेको उनको भनाइ छ। ट्राफिक प्रहरीको तथ्यांकअनुसार १० पटकभन्दा धेरै सवारी नियम मिच्ने चालकको संख्या करिब १५ हजार छ। चारजना चालकले त दुई सयभन्दा धेरैपटक ट्राफिक नियम मिचेको उनले जानकारी दिए। यस्तै, एक सयदेखि दुई सय पटकसम्म ट्राफिक कारबाहीमा पर्ने ५५ जना छन्। ५० देखि एक सयपटकसम्म ट्राफिक नियम मिच्नेको संख्या सात सय ३५ छ। चार हजार दुई सय १४ जनाले २० पटकभन्दा धेरै तथा ५० पटकभन्दा कम ट्राफिक नियम मिचेका छन्। १० पटकभन्दा धेरै र २० पटकभन्दा कमपटक ट्राफिक नियम मिच्ने १० हजार ४७ जना रहेका छन्।



● एसएसपी राजेन्द्रप्रसाद भट्ट, उपत्यका ट्राफिक प्रहरी कर्यालय

जरिवाना न्यून हुँदा सडकमा अनुशासन पालनामा कठिन भएको छ। बारम्बार नियम मिच्नेमा धेरै सार्वजनिक यातायातका चालक छन्।

■ पटके कारबाहीमा पर्ने धेरै सार्वजनिक यातायातका चालक

पटके कारबाहीमा पर्ने चालकमा धेरैजसो सार्वजनिक यातायातका चालक छन्। 'एकातर्फ जरिवाना नै न्यून छ,' एसएसपी भट्ट भन्छन्,'अर्कोतर्फ सार्वजनिक यातायातका चालक कारबाहीमा पर्दा जरिवाना पनि कम्पनीले नै तिरिदिने भएकाले नियम उल्लंघन गर्ने प्रवृत्ति व्याप्त छ।' अर्कोतर्फ, ट्राफिक प्रहरीले यस्ता चालकलाई कारबाहीमा पनि ल्याउन सकेको छैन।

सवारी तथा यातायात व्यवस्था नियमावली ०५४ मा पाँचपटकभन्दा धेरै सवारी नियम मिचेमा केही समयका लागि लाइसेन्स निलम्बन गर्न सक्ने प्रावधान छ। मादक पदार्थ सेवन गरी सवारी चलाउनेलगायतका कारबाहीमा लाइसेन्स निलम्बन गर्न थालेकोमा पछिल्लो समय त्यो पनि रोकिएको छ। यातायात व्यवसायीकै दबाबमा यसरी नियम पालना कमजोर बनाइएको ट्राफिक प्रहरी अधिकारीहरू बताउँछन्।

■ नियम उल्लंघन गरे कति तिर्नुपर्छ जरिवाना ?

ट्राफिक प्रहरीले नियम उल्लंघन गरेबापत न्यूनतम पाँच सय जरिवाना लिँदै आएको छ। न्यून जरिवानाकै कारण ट्राफिक नियम उल्लंघन बढेको भन्दै गत मंसिरदेखि उपत्यकामा ट्राफिक प्रहरीले जरिवाना बढाएको थियो। १६ वटा कसुरमा न्यूनतम जरिवाना एक हजार पाँच सय बनाइएको थियो। त्यसविरुद्ध यातायात व्यवसायी तथा मजदुर आन्दोलित भए। आन्दोलन उग्र बन्दा नयाँ बसपार्क क्षेत्रमा तोडेफोड र लुटपाटसमेत हुन पुग्यो। त्यसपछि सरकारले वृद्धि भएको जरिवाना फिर्ता लिएको थियो। नेपालमा जरिवाना नै न्यून रहेको र १० वर्षदेखि वृद्धि हुन नसकेको एसएसपी भट्ट बताउँछन्। अन्य देशमा उच्च जरिवानाबाटै सडक नियम पालनामा कडाइ हुने गरेको, तर नेपालमा न्यून जरिवानाकै कारण नियम पालनामा समस्या भएको उनको भनाइ छ।

विकसित देशमा सडक नियम नमिच्नेलाई यातायातसम्बन्धी कर तथा बिमामा छुटको सुविधा दिने गरिन्छ। हरेक चालकको रेकर्ड राखेर 'ट्राफिक एब्सट्र्याक्ट' दिइन्छ। तर, नेपालमा यो पद्धति पनि सुरु हुन सकेको छैन। जसकारण सडकमा अनुशासनहीता र दुर्घटना उच्च छ। गत आर्थिक वर्षमा काठमाडौं उपत्यकामा ट्राफिक कारबाही अधिल्लो वर्षभन्दा झन्डै दोब्बर हुँदा पनि दुर्घटना घट्न सकेको छैन। आर्थिक वर्ष ०७९/८० मा उपत्यकामा आठ लाख ९५ हजार चालक कारबाहीमा परेका थिए।

पूर्वाधार विकास सम्पर्क कार्यालय खोल्दै महानगर



काठमाडौं/ काठमाडौं महानगरपालिका मेयर बालेन्द्र साहले पूर्वाधार निर्माण र मर्मत-सम्भारका लागि सम्पर्क कार्यालय स्थापना गर्ने बताएका छन्। पूर्वाधार विकास साझेदार कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूसँग बुधबार सम्पन्न बैठकमा मेयर साहले कार्यालय स्थापनाबारे जानकारी दिएका हुन्। उनले विकासका दायित्व भएका कार्यालय फरक ठाउँमा हुँदा एक-अर्काको जिम्मेवारी भन्दै तर्किन सजिलो भएको बताए। यसलाई अन्तरसम्बन्धित बनाउन साझेदार कार्यालयलाई अनुरोध गरे पनि नतिजा नदेखिएको उनको भनाइ थियो। त्यसैले सबै कार्यालयका प्रतिनिधि रहने गरी महानगरमा सम्पर्क कार्यालय स्थापना गर्न लागिएको उनले बताए। उनले भने, 'सबै कार्यालयका प्रतिनिधि एकैठाउँमा भेटिएपछि सेवाग्राहीले समस्या लिएर ठाउँठाउँमा धाउनुपर्दैन।'

बैठकले सम्पर्क कार्यालय स्थापना गर्ने, पानी तथा ढल चुहावट भएको ठाउँमा तत्काल महानगरपालिकाले मर्मत-सम्भार गर्ने त्यसको खर्च सम्बन्धित कार्यालयले व्यहोर्नुपर्ने र अनुमति नलिई कसैले पनि सडक खन्न नपाउने निर्णय गरेको छ। ढल निकास, टेलिफोन तथा विद्युत् सेवा, खानेपानी वितरण प्रणाली जुनसुकै क्षेत्रको काम गर्नुपरे पनि अब महानगरपालिकाको स्वामित्वमा भएका सडक खण्डमा काम गर्न महानगरपालिकासँग र सडक विभागको स्वामित्वमा भएका सडक खन्न विभागसँग स्वीकृति लिनुपर्नेछ। सडकमा भएका खाल्टाखुल्टी लामो समयसम्म नटालिने गरेको, त्यसको जिम्मेवारी कसैले नलिने जसको कारणले नागरिकलाई सास्ती भइरहने, पूर्वाधार भत्किने क्रम नरोकिने अवस्थाका विषयमा छलफल गर्दै बैठकले यस्तो निर्णय गरिएको हो।

बुधबार उपत्यकामा

चाँगुनारायण : चाँगुनारायण नगरपालिका- ८ कलामसीको नेपालगाउँस्थित रामकृष्ण गिरीको घरबाट कोही नभएको अवस्थामा मूल गेटको ताला फोडी करिब आठ लाख ६ हजार रुपैयाँबराबरको सुनका गहना चोरी भएको छ। चोरीमा संलग्नको खोजी तीव्ररूपमा भइरहेको प्रहरीले जनाएको छ।

इमाडोल : ललितपुरको महालक्ष्मी नगरपालिका- ४ इमाडोल डकिटोल बस्ने रमेश ज्ञवालीको घरबाट कोही नभएको अवस्थामा ढोका फोरेर नगद तथा सुनका विभिन्न गहना गरी करिब चार लाख दुई हजार पाँच सय रुपैयाँबराबरको धनमाल चोरी भएको छ। चोरीमा संलग्नको खोजी भइरहेको प्रहरीले जनाएको छ।

विमानस्थल : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान (होल्ड ब्यागेज) एरियाबाट ११ किलो सात सय ग्राम चरेससहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्ने लमजुङ दोर्दी गापा- ५ फोर्जुङका ३४ वर्षीय सुन्दर गुरुङ र छैलुङका ४७ वर्षीय औताराम गुरुङ रहेका छन्। बाटिक एयरको उडानद्वारा मलेसिया हुँदै थाइल्यान्ड जान लागेका उनीहरूको लगेजभित्र फल्स बटम बनाई टेपले च्यापिङ गरिएको अवस्थामा उक्त चरेश बरामद भएको हो।

गाईजात्रा प्रदक्षिणा मार्गका तार व्यवस्थित गरिँदै

भक्तपुर/ भक्तपुरको गाईजात्रा प्रदक्षिणा मार्गमा रहेका अव्यवस्थित तार व्यवस्थित गरिने भएको छ। नगरपालिका प्रमुख सुनील प्रजापतिको उपस्थितिमा बुधबार बसेको बैठकले यस्तो निर्णय गरेको हो। बैठकले गाईजात्रा (सापारु)पर्वलाई व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न गाईजात्रा प्रदक्षिणा मार्गमा रहेका विद्युत, टेलिफोन, इन्टरनेट र केबल नेटवर्कका तार व्यवस्थित गर्न १० भदौभित्र तार व्यवस्थापन गर्न सरोकारवाला निकायलाई निर्देशन दिएको छ। बैठकले प्रसिद्ध गाईजात्रा (सापारु) पर्वलाई व्यवस्थित र मर्यादित रूपमा सञ्चालन गर्न सरोकारवाला सबै पक्षबाट सहयोग गर्न र तोकिएको समयभित्र तार नहटाएमा नगरपालिकाले नै हटाउने निर्णय गरेको छ। यसैगरी, नगरपालिकाभित्र अस्तव्यस्त रहेका तारको व्यवस्थापनमा आवश्यक समन्वय तथा अनुगमन कार्य गर्न वडा नम्बर- ७ का वडाध्यक्ष उकेश कवांको संयोजकत्वमा ६ सदस्यीय समितिसमेत गठन गरेको छ।

महानगरपालिकाको सञ्चार रजिस्ट्रारमा काफ्ले नियुक्त

काठमाडौं/ काठमाडौं महानगरपालिकाको सञ्चार रजिस्ट्रारमा महेश काफ्ले नियुक्त भएका छन्। सञ्चार, सूचना तथा तथ्यांक व्यवस्थापनलाई व्यवस्थित गर्न बनेको सञ्चार तथा सूचना ऐन २०८० को दफा १८ बमोजिम उनलाई सञ्चार रजिस्ट्रारमा नियुक्त गरिएको हो। ऐनअनुसार सूचना प्रविधि विभागका प्रमुख सञ्चार रजिस्ट्रार हुने व्यवस्था गरिएको छ। स्थानीय पत्रपत्रिका, एफएम रेडियो, केबल टेलिभिजन, अनलाइन श्रव्यदृश्यमाध्यम एवं अनलाइन पत्रपत्रिकाको अभिलेखन, नवीकरण र नियमन गर्ने र अभिलेखन भएका सञ्चारमाध्यमलाई कुनै खास स्थान, अवधि वा एक वर्षसम्मको प्रेस पास जारी गर्ने काम रजिस्ट्रारबाट हुनेछ। महानगरपालिकाको तथ्यांक र सूचना प्रविधि व्यवस्थापन, वेबसाइट, सामाजिक सञ्जाल, इमेल व्यवस्थापन, अनुगमन तथा नियमन गर्ने, महानगरपालिकाको सञ्चार प्रतिष्ठानको सदस्यसचिवका रूपमा काम गर्ने, सञ्चार रजिस्ट्रारको जिम्मेवारीमा तोकिएका जिम्मेवारी पूरा गर्ने गराउने रजिस्ट्रारका मुख्य काम हुन्।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७०६७५


NIC ASIA
एन आई सी एशिया बैंक लि.

गैर बैकिङ्ग सम्पत्ति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पत्तिको विवरण
१.	यस बैंकको नाममा रहेको भूमिसुधार तथा मालपोत कार्यालय पर्सा, विरगंजको लगतमा दर्ता कायम रहेको, पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७ ख (हाल पर्सा जिल्ला, बहादुरमाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५१७ र ५१८ को क्षेत्रफल क्रमशः ०-१-७ र ०-५-१७ (विगाह) को घर/जग्गा ।
२.	यस बैंकको नाममा रहेको भूमिसुधार तथा मालपोत कार्यालय पर्सा, विरगंजको लगतमा दर्ता कायम रहेको, पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७ क (हाल पर्सा जिल्ला, बहादुरमाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ९८१ र ९८३ को क्षेत्रफल क्रमश : ०-०-१३-८ र ०-०-२-८ (विगाह) को घर/जग्गा ।
३.	यस बैंकको नाममा रहेको भूमिसुधार तथा मालपोत कार्यालय पर्सा, विरगंजको लगतमा दर्ता कायम रहेको, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. १३६ को क्षेत्रफल ३४० (व.मी) को घरजग्गा ।
४.	यस बैंकको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, जगरनाथपुर गा.वि.स. वडा नं. २ (हाल जगरनाथपुर गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ८५८ को क्षेत्रफल ०-१५-१०-० (विगाह) को जग्गा ।
५.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७ क (हाल बहदुरमाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ८६७ र ८६९ को क्षेत्रफल क्रमश : ०-०-०-१२ र ०-०-९-४ (विगाह) को जग्गा ।
६.	यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको, मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ६ ग स्थित कित्ता नं. ५१ को क्षेत्रफल ४४१७.५० व.मि.को जग्गा ।
७.	यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको, मुगु जिल्ला, श्री नगर गा.वि.स. वडा नं. ५ क स्थित कित्ता नं. १९५ को क्षेत्रफल २६.२५ व.मि. को घरजग्गा ।
८.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा वडा नं. १०) स्थित कित्ता नं. ३५९ को क्षेत्रफल ०००६७.७ व.मी. को घरजग्गा ।
९.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ६ (हाल वीरगंज म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. २६४ को क्षेत्रफल ३६६.४० व.मि. को घरजग्गा ।
१०.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, बहुअरी वी गा.वि.स. वडा नं. २ (हाल विरगंज म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ८३९ र ८४० को क्षेत्रफल क्रमशः ०-२-५-० र ०-०-१-४-९ (विगाह) को घरजग्गा ।
११.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९१ र ९४ को क्षेत्रफल क्रमशः २९५ र १०.४० (व.मि.) को जग्गा ।
१२.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. २६५ र ७२१ को क्षेत्रफल क्रमशः ८४.६५ र १५१.३२ (व.मि.) को जग्गा ।
१३.	यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ४ घ स्थित कित्ता नं २५४ को क्षेत्रफल ११२५ वर्गमिटर को जग्गा ।
१४.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ७ (हाल बृन्दावन न.पा वडा नं ६) स्थित कित्ता नं. २१७७ को क्षेत्रफल ०-१७-१३ (विगाह) को जग्गा ।
१५.	यस बैंकको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. ३ (हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४०७३, ३९१४ र ३९५२ को क्षेत्रफल क्रमशः ०-०-५-०, ०-०-५-० र ०-०-४-० (विगाह) को जग्गा ।
१६.	यस बैंकको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७४२ को क्षेत्रफल ०-०-१९-० (विगाह) को जग्गा ।
१७.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ५ क (हाल बुद्धभूमि न.पा. वडा नं. ८) स्थित कित्ता नं. १४६८, १४६५, १४७०, १४६७, १४६६ र १४६९ को क्षेत्रफल क्रमशः १-१-१०, ०-२-०, ०-१७-२, ०-१-०, ०-२-० र ०-१९-१८ (विगाह) को जग्गा ।
१८.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-४-१० (विगाह) को घर जग्गा ।
१९.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल बिरेन्द्रनगर न.पा वडा नं. २) स्थित कित्ता नं. २६६०, ६३९, ७०८७, २६६१ र ५२७५ को क्षेत्रफल क्रमशः ५५.०२, ३३८.५८, १५४, ६३.४८ र २३.५५ (व.मी) को घर/जग्गा ।
२०.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ ख स्थित कित्ता नं. १६३३ र १६३६ को क्षेत्रफल क्रमशः ०-२-०-१ र ०-२-८-२ (विगाह) को घर/जग्गा ।
२१.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. २ ख (हाल बिरेन्द्रनगर न.पा. वडा नं. २) स्थित कित्ता नं. १७०२ र १७०९ को क्षेत्रफल क्रमशः ०-०-१-३ र ०-०-४-० (विगाह) को घरजग्गा ।
२२.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, जर्बुटा गा.वि.स. वडा नं. ४ क (हाल बिरेन्द्रनगर न.पा. वडा नं. २) स्थित कित्ता नं. ३७७२ को क्षेत्रफल ३०९ (व.मि) को जग्गा ।
२३.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ४९७२ को क्षेत्रफल २६३.२७ ब.मी. को घर/जग्गा ।
२४.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वागेश्वरी तित्रौना गा.वि.स. वडा नं. ४ (हाल पर्सागढी न.पा. वडा नं. ७) स्थित कित्ता नं. २२७ को क्षेत्रफल ४३१३.८७ (व.मी) को जग्गा ।
२५.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.प. गा.वि.स. वडा नं. ३ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ६६ को क्षेत्रफल ०-०-४-० (विगाह) को जग्गा
२६.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.प. गा.वि.स. वडा नं. ३ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ३०१ को क्षेत्रफल ०-६-०-० (विगाह) को जग्गा ।
२७.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, धर्मपुर गा.वि.स. वडा नं. ९ क (हाल गढीमाई न.पा. वडा नं. ६) स्थित कित्ता नं. १०८० र ८२६ को क्षेत्रफल ०-१-१०-० र ०-०-५-८ (विगाह) को जग्गा ।
२८.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, धर्मपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ८३४ को क्षेत्रफल ०-२-११-८ (विगाह) को जग्गा ।
२९.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, डेउढाकला गा.वि.स. वडा नं. ३ (हाल बाँसगढी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २०६ र ६३४४ को क्षेत्रफल क्रमशः ४१५ र ५५८.७० (व.मी) को घरजग्गा ।
३०.	यस बैंकको नाममा मालपोत कार्यालय कुश्मा पर्वतको लगतमा दर्ता कायम रहेको पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ४, स्थित कित्ता नं. १७१४ को क्षेत्रफल ०-१-३-२ (रोपनी) को घर जग्गा ।



लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयमले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

३७ दिनपछि संसद् कार्यसूचीमा प्रवेश

सहमतिका दुई बुँदा

■ सिआइबीले निष्पक्ष अनुसन्धान गरी सुन तस्करीमा संलग्नलाई अभियोजन गर्न दिने र त्यसपछि आयोग गठन गर्ने

■ विद्युतीय चुरोट, ब्रेकसुलगायतमा राखेर पटक-पटक भएको सुन तस्करीको स्वतन्त्र र निष्पक्ष छानबिन गर्ने

कमलराज भट्ट/नयाँ पत्रिका

सुन तस्करी प्रकरणले निरन्तर अवरुद्ध संसद् ३७ दिनपछि बुधबार कार्यसूचीमा प्रवेश गरेको छ। सुन तस्करी प्रकरणमा जाँचबुझ आयोग बनाउने सर्वदलीय सहमतिपछि सदन खुलेको हो।

सहमतिअनुसार आयोग गठन मस्यौदालाई दलहरूले बुधबार अन्तिम रूप दिएसँगै प्रमुख प्रतिपक्षी एमालेले अवरोध हटाएको हो। १० साउनमा तोकिएको प्रतिनिधिसभा बैठकयता एमालेले निरन्तर अवरुद्ध गर्दै आएकोमा प्रधानमन्त्रीले आइतबार र सोमबार संसद्मा प्रतिनिधित्व गर्ने दलसँग संवाद गरेर जाँचबुझ आयोग बनाउने सहमति गरेका थिए। ३१ असारमा मिटरब्याजसम्बन्धी विधेयक पारित गरेको प्रतिनिधिसभा त्यसयता बस्न सकेको थिएन भने ४ साउनपछि राष्ट्रिय सभा नियमित कार्यसूचीमा चल्न सकेको छैन। २ साउनमा सिनामंगलबाट समातिएको तस्करीको क्विन्टल सुन बरामद भएपछि प्रमुख प्रतिपक्षी एमालेले गृह र अर्थमन्त्रीमाथि नैतिक प्रश्न उठाउँदै उच्चस्तरीय छानबिन समितिको माग गर्दै आएको थियो।

संसद्मा प्रतिनिधित्व गर्ने सात राष्ट्रिय दलका प्रमुख सचेतकले हस्ताक्षर गरेको सहमतिपत्रमा सिआइबीले निष्पक्ष अनुसन्धान गरी सुन तस्करीमा संलग्नलाई अभियोजन गर्न दिने र त्यसपछि आयोग गठन गर्ने उल्लेख छ। जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम एक महिनापछि ५ असोजमा सरकारले गठन गर्ने आयोगले पूर्वसभामुख कृष्णबहादुर महरा मुछिएको भेपमा अवैध सुन पैठारीलगायत पटक-पटक सुन तस्करी भई मुलुकभित्र आइरहेको विषयमा स्वतन्त्र र निष्पक्ष छानबिन गर्ने सहमतिपत्रमा उल्लेख छ। 'यस्तो तस्करीजन्य कार्यको पूर्ण रूपमा नियन्त्रण गर्न मौजुदा कानुनमा गर्नुपर्ने परिमार्जन, संरचनागत सुधार र पटक-पटकको सुन तस्करी सम्बन्धमा भएका छानबिन अनुसन्धानबारे समेत अध्ययन गरी सुझावसहितको प्रतिवेदन पेस गर्ने गरी आयोगले कार्य प्रारम्भ गर्नेछ,' सहमतिपत्रमा भनिएको छ।

रास्वपा प्रमुख सचेतक सन्तोष परियारका अनुसार सुन प्रकरणमा सिआइबीले अनुसन्धान गर्ने समयसीमा ३१ भदौसम्म छ। 'सिआइबीले गर्दै गरेको संगठित अपराधको अनुसन्धानमा ६० दिन पुग्न भदौ ३१ गते पुग्छ। त्यसपछाडि एक-दुई दिन सार्वजनिक बिदा पनि छ। तीन दिनजति 'वर्किङ डे' राख्दा ५ असोजमा गठन गरेर कार्य प्रारम्भ गर्ने सहमति भयो,' उनले भने।

उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले उच्चस्तरीय जाँचबुझ आयोगले सुन तस्करीबारे निष्पक्ष ढंगले छानबिन गर्ने बताए। 'सहमतिपछि संसद्ले जनताका सरोकारसँग जोडिएका समस्यालाई छलफल गरेर निकास दिँदै जाने वातावरण निर्माण भएको छ। अब सदन कानुन निर्माणमा सक्रिय हुनेछ,' उनले भने।



■ **समिति सदस्य हेरफेर**

बैठकले प्रतिनिधिसभाका विषयगत समितिमा रहने सदस्यको नाम हेरफेर गरेको छ। मन्त्रीबाट राजीनामा दिएका अमनलाल मोदी लेखा समितिमा सदस्य बनेका छन्। अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा रहेकी नागिना यादव कानुन, न्याय तथा मानव अधिकार समितिमा आएकी छिन्।

अन्तर्राष्ट्रिय समितिबाट संगीता मण्डल धानुक शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पुगेकी छिन्। उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबाट सोनु मुर्मू कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा पुगेकी छिन्।

कानुन समितिबाट किरणकुमार साह महिला तथा सामाजिक मामिला समितिमा पुगेका छन्। कानुनकै शशांक कोइराला अन्तर्राष्ट्रिय समितिमा पुगेका छन्। कानुनकै रामहरि खतिवडा राज्य व्यवस्था तथा सुशासन समितिमा पुगेका छन्। कानुनबाट रूपा सोसी चौधरी कृषि समितिमा गएकी छिन्। कृषिमा रहेका अब्दुल खान उद्योगमा पुगेका छन्। कृषिकै विमला सुवेदी कानुनमा गएकी छिन्। शिक्षामा रहेका योगेश गौचन थकालीलाई अन्तर्राष्ट्रियमा पठाइएको छ। सदस्य हेरफेरसँगै अब सभापति चयनको प्रक्रिया अगाडि बढ्ने सभामुख देवराज घिमिरेले बताएका छन्।

■ ललितानिवासदेखि गिरीबन्धु टीसम्म चर्चा

३७ दिनपछि नियमित कार्यसूचीमा प्रवेश गरेको प्रतिनिधिसभा बैठकमा अहिलेको सुन काण्ड, पूर्वसभामुख महरा मुछिएको भेप सुन काण्ड, ललितनिवास जग्गा प्रकरण, गिरीबन्धु टी जग्गामा भएको अनियमिततालगायत काण्डको उठान भएको छ। सांसदहरूले काण्डहरूको छानबिन गरेर संलग्नलाई कारबाही गर्न माग गरेका छन्।

एमाले सचिव योगेश भट्टराईले ललितानिवास जग्गा प्रकरण र भेपमा आएको नौ किलो सुन प्रकरणमा सिआइबीलाई स्वतन्त्रतापूर्वक काम गर्न नदिइएको भन्दै सुन काण्डमा उच्चस्तरीय छानबिन समितिको माग गर्नुपरेको बताए। अझ नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धानमा संलग्न प्रहरी अधिकारीलाई सरुवा गर्दा आशंका बढाएको उनको भनाइ थियो।

'सिआइबीप्रति अविश्वास गरेको होइन, अदालत र अख्तियारप्रति पनि हामीलाई अगाध विश्वास छ। यी हामी सबैले बनाएका संस्था हुन्,' उनले भने, 'तर, घटनाक्रमले सिआइबीलाई स्वतन्त्रतापूर्वक छानबिन गर्न दिइएको छैन। उच्चपदस्थको नाम आयो कि अनुसन्धानमा ब्रेक लागिरहेको छ।' ढिलै भए पनि सुन तस्करी प्रकरणको उच्चस्तरीय छानबिन गर्न सरकार तयार हुनु सकारात्मक भन्दै भट्टराईले संसद्को गतिविधि अगाडि बढाएर थाती रहेका विधेयक पारित गराउनेतर्फ सबै राजनीतिक दल जिम्मेवार बन्नुपर्नेमा जोड दिए। माओवादी सचिव देवेन्द्र पौडेलले नागरिकमा सरकारले गरिरहेको अनुसन्धान ओझेलमा पर्ने हो कि भन्ने गम्भीर चिन्ता देखिएको भन्दै सिआइबीबाट भइरहेको छानबिन रोकिन नहुने बताए। आयोग बनाउने कुरा सकारात्मक भन्दै उनले अनुसन्धान प्रतिवेदनमै सीमित हुन नहुनेमा जोड दिए।



रास्वपा सभापति रवि लामिछानेले वर्तमान सरकारको सुशासन आफ्ना पार्टीका मानिसहरू नपरुन्जेल मात्रै सीमित रहेको बताए। आफ्ना मान्छेहरू पर्न थालेपछि सुनपानी छर्केर चोख्याउने काम भएको उनले आरोप लगाए। भुटानी शरणार्थी प्रकरणमा अनुसन्धान अधिकृतको सरुवा, ललितानिवासमा निर्णयकर्तालाई उन्मुक्ति, सुन प्रकरणमा सत्तारूढ नेताको नाम आउँदा अनुसन्धान सुस्ताउनुले सरकारको सुशासनमाथि शंका उत्पन्न भएको उनको भनाइ थियो। लामिछानेले बाबु पुस्तालेे गरेको आन्दोलनको आवरणमा नवयुवराजहरूले लुट मच्चाइरहेको र उनीहरूतिर अनुसन्धान आएपछि अड्किने आशंका पनि व्यक्त गरे। सही ढंगले छानबिन अगाडि बढाउन उनले अपिल गरे। लामिछानेले पछिल्लो सुन काण्डमा एकजना बहालवाला महानिर्देशकले सुन आएको जानकारी सिआइबीको हिरासतमा रहेका दावा छिरिङलाई दिएको सूचना आफूलाई प्रहरीबाट आएको सुनाए।

त्यसमा बिचौलियाका रूपमा केही पूर्वआइजिपी र लामो समय पत्रकारिता गरेका व्यक्तिसमेत रहेको उनले सुनाए। पूर्वआइजिपीको दावासँग कुरा नै भएको उनले उल्लेख गरे। सिआइबीलाई स्वतन्त्रपूर्वक काम गर्न दिन र दोषीलाई उम्काउन नदिन उनले अपिल गरे। फरेन्सिक ल्याबबाट सुन प्रकरणमा पक्राउ परेका दावाको फोन रेकर्ड संसद्ले जस्ताको तस्तै हेर्ने व्यवस्था मिलाउन माग गरे। राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले ललितानिवास प्रकरणमा पूर्वप्रधानमन्त्रीहरूलाई हिरासतमा राखेर अनुसन्धान नगरे सडक आन्दोलनमा जाने चेतावनी दिए। निर्दोष जनतालाई जेलमा कोच्ने, तर पूर्वप्रधानमन्त्रीहरूलाई भने हिरासत जानै नपर्ने दुई खालको कानुन लागू गरिए आफूहरूलाई सह्य नहुने उनको चेतावनी छ।

एकीकृत समाजवादीका प्रमुख सचेतक मेटमणि चौधरीले गिरीबन्धु टी जग्गा प्रकरणमा सरकारलाई छानबिनका लागि जवाफदेही बनाउन सदनबाट रुलिङको माग गरे। यो अनियमिततामा जोडिएका अपराधीलाई कारबाहीको दायरामा ल्याउन उनको माग छ। कांग्रेसका रामहरि खतिवडाले गिरीबन्धु टी इस्टेट घोटाला ललितानिवासभन्दा पनि खतरनाक भएको बताए। ६५ सय रोपनी जग्गा कौडीका भाउमा दिएर देशको सम्पत्ति ब्रह्मलुट गर्ने काम भएको र यसमा सरकारले छानबिन गर्नुपर्ने माग गरे। राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसीले जनताका महत्त्वपूर्ण विषय उठाउने वेला भएको संसद् अवरोधकै गम्भीर छानबिन हुनुपर्ने माग गरे। जसपाका प्रदीप यादवले नेपाल-भारत सीमामा भन्सारले सय रुपैयाँभन्दा बढीको सामान ल्याउन नदिँदा मधेसी जनता मारमा परेको, जनमतका अब्दुल खानले भारतबाट अवैध आयात भइरहेको विषादी तरकारी रोक्नुपर्ने विषय उठाएका थिए।

■ प्रधानमन्त्री प्रचण्डलाई ओलीको जवाफ-

गिरीबन्धु टी इस्टेटको छानबिन गर्न मन भए गरे हुन्छ

नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले वर्तमान सरकारले झापास्थित गिरीबन्धु टी इस्टेटको जग्गा सट्टापट्टासम्बन्धी निर्णयको छानबिन गरे हुने प्रतिक्रिया दिएका छन्। तत्कालीन नेकपाका अध्यक्षसमेत रहेका ओलीको नेतृत्वमा रहेको सरकारले टी इस्टेटको जग्गा सट्टापट्टासम्बन्धी निर्णय गरेको थियो। केही दिनदेखि सो निर्णय हुँदा भ्रष्टाचार भएको आशंकामा छानबिनको माग उठिरहेको छ।

गत ३० साउनमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बालुवाटारमा मूलधारका सञ्चारमाध्यमका केही सम्पादकसँगको भेटवार्तामा टी इस्टेटको जग्गा सट्टापट्टासम्बन्धी निर्णय गर्दा नीतिगत भ्रष्टाचार भएको आशंका गर्दै त्यसमाथि पनि छानबिन गर्ने बताएका थिए। त्यसैको जवाफमा ओलीले बुधबार प्रधानमन्त्री प्रचण्डलाई छानबिन गरे हुने प्रतिक्रिया दिएका हुन्। त्यसक्रममा ओलीले अधिल्ला सरकारहरूले विनाकानुन गिरीबन्धु टी इस्टेटलाई गैरकानुनी रूपमा जग्गा सट्टापट्टा गरी प्रयोग गर्न दिएको, तर आफ्नो सरकारले कानुन बनाएर वैधानिक हिसाबले सट्टापट्टा गर्न दिने नीतिगत निर्णय गरेको प्रस्ट्याए।

'गिरीबन्धु भनेको को हो ? म हो ? गिरीबन्धुले चिया इस्टेट लगाएका छन्, चिया बनाएका छन्। पहिला (अधिल्लै सरकारहरूले) कानुनविनै जमिन सट्टाभर्ना दिँदै आएका थिए, तर हामीले कानुन बनाइदियौँ, अरू केही गरेको त छैन,' गिरीबन्धु टी इस्टेट छानबिनबारे सञ्चारकर्मीको जिज्ञासामा ओलीले भने, 'छानबिन गर्ने मन भए गर्दा पनि हुन्छ।'

प्रधानमन्त्री प्रचण्डले गिरीबन्धु टी इस्टेटलगायतमा जग्गा दुरुपयोग भएको भन्दै ललितानिवास हुँदै गिरीबन्धुसम्म छानबिन गरिने बताएका थिए। 'भूमाफियाले सरकारी जग्गामा कसरी दुरुपयोग गर्छन्, व्यक्तिका नाममा कसरी लैजान्छन्, नेता-कर्मचारीलाई कसरी प्रभावमा पार्छन् भन्ने एउटा उदाहरण पनि हो ललितानिवास प्रकरण,' प्रधानमन्त्रीको भनाइ थियो, 'बिचौलिया र भूमाफियाको जग्गामाथिको चलखेललाई अन्त्य गर्ने यो पहिलो खुड्किलो हो। गिरीबन्धु टी इस्टेटलगायत सरकारी जग्गा दुरुपयोग गरिएका यस्ता धेरै घटना छन्। क्रमशः ती सबैको पनि छानबिन हुने हो। पुगिने त्यहीँ हो।'

अरूले त्यसै दिए, हामीले कानुन बनाइदियौँ

■ केपी ओली, अध्यक्ष, एमाले



एमाले नेताहरूले सरकारले गिरीबन्धु टी इस्टेटलगायतमा भ्रष्टाचार भएको स्टन्टबाजी गर्दै आएको भन्दै सबै विषयमा छिटो छानबिन अगाडि बढाउन चुनौती दिँदै आएका छन्। ओलीले ढिलै भए पनि उच्चस्तरीय छानबिन आयोग बनाएर सरकार लचिलो रूपमा प्रस्तुत भएको भएको भन्दै धन्यवाद पनि दिए।

'सरकारलाई धन्यवाद भन्छु। लचिलो भएर उहाँहरू सदन खुलाउन तयार हुनुभयो। हामी पहिल्यैदेखि सदन खुलाउने, चलाउने पक्षमा थियौँ। तर, भइरहेको सुन तस्करी सर्धैंका लागि रोकियोस्, राम्रोसँग छानबिन होस्, निर्दोष नपरून्, दोषी नउम्किऊन् भन्ने कुरा हो। यस कुरामा सरकारले मद्दत गरेको थिएन, त्यसकारण तनाव भइरहेको थियो,' ओलीले भने, 'अहिले सरकार निष्पक्ष छानबिनका लागि ०२६ को ऐनअन्तर्गत आयोग बनाउन तयार भयो र दुईबुँदे सहमति भयो। अब संसद् खुल्यो।' उनले सत्तापक्षले छानबिन ढिलो गर्न चाहेका कारण बाध्य भएर एक महिनापछि आयोग बनाएर छानबिन अगाडि बढाउने कुरामा एमाले पनि सम्झौता गर्न बाध्य भएको पनि बताए।

सवा दुई करोडको कालोपत्रे सडक ४० दिनमै भासियो



निर्माणको ४० दिनमै ठाउँठाउँमा भासिनुका साथै भत्किएको कपिलवस्तु विजयनगर गाउँपालिका- २ को कालोपत्रे सडक। तस्बिर : नयाँ पत्रिका

कपिलवस्तुमा **डिलाराम भुसाल**

कपिलवस्तुको विजयनगर गाउँपालिका- २ विजयनगरको लालपुरदेखि कुकुरभुकुवा जोड्ने कालोपत्रे सडक निर्माणको ४० दिनमै भासिएको छ। विजयनगर गाउँपालिकाको दुई करोड १९ लाखमा १९ असारमा कालोपत्रे गरिएको २६ सय मिटर सडक ठाउँठाउँमा भासिएको हो। वर्षाले सडकको छेउतिरको कालोपत्रे भासिएको छ, बीचमा चिरा पर्न थालेको छ।

स्थानीय गौतम यादवले आक्रोशित हुँदै भने, 'कमसल सडक बन्नुमा गाउँपालिका पनि दोषी छ। प्राविधिकले किन हेरेनन् ?' असारको अन्त्यमा बजेट सक्न गुणस्तरहीन सडक बनाइएकाले अहिले भत्किन थालेको स्थानीय सन्दीप यादवले गुनासो गरे।

विजयनगर गाउँपालिका इन्जिनियर नवीन डुम्रेले छोटो समयमा नयाँ बेसमाथि राम्रोसँग माटो तथा गिटी फिलिङ नहुँदा साइड-साइडमा भासिएको बताए। विजयनगर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शोभाराम रिजालले असारको अन्तिममा बनेको सडक वर्षाले भत्किएको हुन सक्ने भन्दै तत्काल ठेकेदारलाई पत्र काटेर मर्मत गर्न अनुरोध गर्ने बताए। इजी कन्स्ट्रक्सन दाङले दुई करोड १९ लाखमा निर्माण गर्ने गरी १७ फागुन ०७९ मा ठेक्का लिए पनि असारमा आएर मात्र कालोपत्रे गरिएको थियो।

समितिमा पुग्यो नेपाल विश्वविद्यालय विधेयक

काठमाडौं/ नेपाल विश्वविद्यालय विधेयक, २०८० दफावार छलफलका लागि प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पुगेको छ। बुधबारको प्रतिनिधिसभा बैठकमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले दफावार छलफलका लागि सम्बन्धित समितिमा विधेयक पठाउन प्रस्ताव गरेका थिए। बहुमतले पारित भएपछि विधेयक समितिमा पुगेको हो।

यसअघि १८ असारमा राष्ट्रिय सभाबाट पारित भएर सन्देशसहित विधेयक प्रतिनिधिसभामा आएको थियो। अब विधेयकमा बाँकी गृहकार्य समितिले गर्नेछ। हाल नेपालमा १७ विश्वविद्यालय छन्। भएकै विश्वविद्यालयले गुणस्तरीय शिक्षा दिन र दक्ष जनशक्ति उत्पादन गर्न नसकेको गुनासो आइरहेका वेला सरकारले नयाँ विश्वविद्यालय जन्माउन कानुनी प्रक्रिया अघि बढाएपछि कतिपयले आलोचना गरेका छन्। तर, नेपाल विश्वविद्यालय सञ्चालनका लागि बनाइएको पूर्वाधार विकास तयारी समितिका अध्यक्ष वरिष्ठ चिकित्सक अर्जुन कार्की यसको अवधारणा नै फरक रहेको बताउँछन्। कार्कीसँगै समिति सदस्य सूर्यराज आचार्यलगायतको टिमले यसको सञ्चालनबारे पूर्वाधारको तयारी गरिरहेको छ।

विद्यार्थीले उमेर, नाम र जात सच्याउन पाउने

काठमाडौं/ जन्मदर्ता, शैक्षिक प्रमाणपत्र तथा नागरिकतामा उमेर, नाम, थरलगायत विवरण फरक परेर समस्यामा परेका विद्यार्थीका लागि अब सहज भएको छ। सरकारले यससम्बन्धी नियमावली संशोधन गरी फरक विवरण सच्याउन पाउने व्यवस्था गरेको छ। बुधबार बसेको मन्त्रिपरिषद् बैठकले उमेर, नाम र जात सच्याउने (तेस्रो संशोधन) नियम, २०८० संशोधन गरेको हो। संशोधनअनुसार अब यसअघिका जुनसुकै समयका प्रमाणपत्र पनि सच्याउन सकिनेछ। यसअघि प्रमाणपत्र पाएका मितिले ६ महिनाभित्र सच्याउनका लागि दरखास्त दिनुपर्ने प्रावधान थियो। यसलाई पाँच वर्ष बनाइएको छ। तर, पाँच वर्ष नाघेकाका हकमा पनि यो नियम लागू भएको एक वर्षभित्र दरखास्त दिए सच्याउन सकिने प्रावधान राखिएको छ।

■ **प्रधानमन्त्रीको अमेरिका भ्रमण स्वीकृत**

मन्त्रिपरिषद्को बैठकले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको अमेरिका भ्रमण स्वीकृत गरेको छ। प्रधानमन्त्री प्रचण्ड संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन अमेरिका जाँदै छन्। आगामी ३० भदौमा प्रधानमन्त्री नेतृत्वको टोलीको भ्रमणमा जाने कार्यक्रम छ। त्यस्तै, बैठकले गायक जेबी टुहुरेलाई जनगायकको उपाधि दिने निर्णय गरेको छ।

ऋण लिएर सपिङ कम्प्लेक्स बनाउँदै दमक नगरपालिका

काम रोक्न उच्च अदालतको अन्तरकालीन आदेश

झापामा **चिरञ्जीवी घिमिरे**

दमक नगरपालिकाद्वारा निर्माणाधीन सपिङ कम्प्लेक्स तत्काल रोक्न उच्च अदालत विराटनगर इलाम इजलासले अन्तरकालीन आदेश दिएको छ। कम्प्लेक्स बन्न लागेको जग्गा आफ्नो भएको दाबी गर्दै दमक- ७ का पदमबहादुर माझीले अदालतमा मुद्दा दायर गरेका थिए। जिल्ला अदालत झापाले उनको मुद्दामा दाबी नपुगे ठहर गरेपछि उच्च अदालत गएका थिए। मुद्दा टुंगो लागिनसकेकाले उच्च अदालतले तत्काल काम रोक्न १७ साउनमा अन्तरकालीन आदेश जारी गरेको हो।

नगरपालिकाले दमक- ७ स्थित करिब १० कट्ठा १६ धुर जग्गामा तीन वर्षअघि डोजर लगाएर त्यहाँका सुकुमबासीलाई उठाएको थियो। उक्त जग्गा माझीले आफ्नो दाबी गर्दै आएका छन्। उनले यसअघि त्यहाँ बसेबापत सुकुमबासीसँग भाडा पनि उठाउँथे।

विवाद समाधान नगरी संरचना निर्माण गर्न खोज्दा मुद्दा अदालतमा पुगेको हो। कम्प्लेक्स बनाउन दमक नगरपालिकाले नगर विकास कोषसँग १५ चैत ०७८ मा ४२ करोड ८० लाख तीन हजार आठ सय ऋण सम्झौता गरेको थियो। नगरपालिकाले आठ प्रतिशत ब्याजमा ऋण लिएर कम्प्लेक्स निर्माण ठेक्का लगाएको थियो। ६१ करोड १४ लाख ३४ हजारमा सपिङ कम्प्लेक्सको डिपिआर तयार पारेको थियो। जसमा ७० प्रतिशत नगर विकास कोषले ऋण उपलब्ध गराएको छ। कम्प्लेक्स निर्माणको ठेक्का काठमाडौंको नव सिर्जनशील बंगलामुखी जेभीले ४३ करोड २४ लाख १६ हजार ६ सय ४४ रुपैयाँमा पाएको छ। ३० महिनाभित्र सक्ने गरी २५ पुस ०७९ मा ठेक्का लागेको थियो। निर्माण कम्पनीले एक करोड ९० लाख ४९ हजार रुपैयाँ पेस्कीबापत भुक्तानी लगिसकेको छ। कम्प्लेक्स ठेक्का लागेको आठ महिनापछि नगरपालिकाले हालै जस्तापाता लगाएर घेराबारा सुरु गरेको थियो। तर, आफ्नो जग्गामा घेराबारा गरेको भन्दै दमक- ७ का पदमबहादुर उच्च अदालत गएपछि विवाद चर्किएको हो।



सपिङ कम्प्लेक्स बनाउन दमक- ७ स्थित हाटखोलामा घेराबारा गरिएको जमिन।

■ **पदमबहादुरको घरमा समेत नगरपालिकाको डोजर**

पदमबहादुर माझीको घरमा समेत नगरपालिकाले डोजर चलाएपछि उनको परिवार बिचल्ली परेको छ। दमक- ७ हाटखोला सुनलाइनमा रहेको जमिनबाट समेत नगरपालिकाले लखेटेपछि उनी अहिले मासिक पाँच हजार भाडा तिरेर बस्दै आएका छन्। जग्गाको कागजातले दराज भरिभराउ भए पनि भोग गर्न नपाएको बताउँछन् पदमबहादुर। नगरपालिकाले जग्गा हडपेर सुकुमबासी बनाएको उनको भनाइ छ।

नगरपालिकाले कम्प्लेक्स बनाउन लागेको उक्त जग्गा ०२१ अधिसम्म पदमबहादुरकी हजुरआमा हरिमाया मझिनीको नाममा रहेको उनले बताए। पदमबहादुरसँग १९९० देखिकै जग्गासम्बन्धी कागजात छन्। ती कागजात अहिले पनि सुरक्षित छन्। हाटखोलामा उनकी हजुरआमा हरिमायाले ००७ देखि पैसा उठाएर सातामा एकपटक बजार लगाउने गरेकी थिइन्। पछि नगरपालिकाले जालझेल गरेर आफ्नो नाममा जग्गा ल्याएको पदमबहादुरको आरोप छ। 'हामी बोल्न नसक्ने देखेर नगरपालिकाले हडप्यो। राज्यले नै उठीवास लगायो। ०५४ मा पहिलोपटक मेयर हुँदा रोमनाथ ओलीले उक्त जग्गामाथि आँखा लगाए। ०७७ मा त डोजर नै लगाएर लेखेटे,' उनी भन्छन्, 'हामीले बेचेको आठ धुर जग्गालाई आधार मानेर नगरपालिकाले सबै जग्गा आफ्नो बनायो। पहिला हाम्रो थिएन भने यी कागज कसरी बने ? ४५ सम्म त मालपोत तिरेका थियौँ। त्यसपछि लिनै मानेनन्।' उनीसँग १९९० को दशक र प्रजातन्त्र स्थापनापछिका सरकारलाई तिरो तिरेका कागजात सुरक्षित छन्।

उनले ०४० को दशकदेखि जग्गा प्राप्तिका लागि मुद्दा-मामिला गर्दै आएका छन्। यसपटक नगरपालिकाले संरचना निर्माण सुरु गरेपछि उनले उच्च अदालत गुहारे। उच्च अदालत विराटनगर इलाम इजालसका न्यायाधीश गीताप्रसाद तिम्सिना र सोमाकान्त मैनालीको संयुक्त इजालसले तत्काल काम रोक्न अन्तरकालीन आदेश दिएपछि अहिले काम रोकिएको छ। १० भदौमा अदालतले मुद्दाको पेसी तोकेको छ।

■ **पदमबहादुर माझी**



बोल्न नसक्ने देखेर नगरपालिकाले जग्गा हडप्यो। राज्यले नै उठीवास लगायो। ०५४ मा पहिलोपटक मेयर हुँदा रोमनाथ ओलीले उक्त जग्गामाथि आँखा लगाए। ०७७ मा त डोजर नै लगाएर लेखेटे। हामीले बेचेको आठ धुर जग्गालाई आधार मानेर नगरपालिकाले सबै जग्गा आफ्नो बनायो। ०४५ सम्म त मालपोत तिरेका थियौँ। त्यसपछि लिनै मानेनन्।

■ **कागजात किर्ते गरेको वडाध्यक्षको आरोप**

दमक- ७ का वडाध्यक्ष भीम पौडेल भने जग्गामा विवाद नै नरहेको बताउँछन्। पदमबहादुर माझीले कागजात किर्ते गरेर उक्त जग्गा आफ्नो दाबी गरिरहेको पौडेलको आरोप छ। 'यो त सार्वजनिक जग्गा हो। ०५४ मा पनि म जनप्रतिनिधि थिएँ। त्यसबेला नै पदमबहादुरले किर्ते गरेको जानकारी थियो। त्यो आधिकारिक होइन,' उनले भने, 'त्यसलाई संवेदनशील रूपमा लिनुपर्छ भनेर सर्वदलीय बैठकमा छलफल भएको छ। लोभीपापीहरू केही हुन्छ कि भनेर लागेका छन्।'

उनले केही प्राविधिक काम पूरा नभएको र निर्माण व्यवसायीले ढिलाइ गरेका कारण आठ महिनासम्म सपिङ कम्प्लेक्सको काम अघि बढ्न नसकेको बताए। आठ महिनापछि काम सुरु गर्दा अदालतले तत्काल काम रोक्ने भनेको उनको भनाइ छ। 'जिल्ला अदालतमा रिट नै खारेज भयो। त्यसपछि उच्च अदालतमा अपिल गर्ने समय हुँदो रहेछ। फेरि उच्च अदालतमा रिट हालेछन्। अपिलको समय हुँदाहुँदै नगरपालिकाले किन काम गरेको भनेर रोकेको हो,' वडाध्यक्ष पौडेलले भने।

नेतृत्वको कार्यशैली विद्रोहको स्पिरिटअनुसार नभएको टिप्पणी

काठमाडौं/ एकीकृत समाजवादीका केन्द्रीय सदस्यहरूले नेतृत्वको कार्यशैली विद्रोहको स्पिरिटअनुसार नभएको टिप्पणी गरेका छन् । सरकारमा सहभागी भएर दिनप्रतिदिन कांग्रेस र माओवादीको एजेन्डामा लतारिँदा सांगठनिक रूपमा पार्टी सशक्त हुन नसकेको सदस्यहरूले औंल्याएका छन् ।

केन्द्रीय सदस्य अमृत तिमल्सिनाले साम्राज्यवादी र दलाल पुँजीवादलाई हेर्ने दृष्टिकोण स्पष्ट नभएको, नेपाली समाजको विश्लेषण गम्भीर ढंगले नभएको सदस्यहरूले टिप्पणी गरेको बताए । प्रतिस्पर्धी पार्टीहरूको वर्गचरित्रको विश्लेषण पर्याप्त र वस्तुनिष्ठ नभएको उनले औंल्याएका छन् । विचार एकातिर र संगठन अर्कोतिर हुँदा समस्या भएकोमा सदस्यहरूले चिन्ता व्यक्त गरेका छन् । 'विचार र संगठनलाई सन्तुलन कायम गर्नुपर्नेमा सदस्यहरूको जोड छ । विचार एकातिर संगठन अर्कोतिर हुँदा कतिपय समस्या देखिएका छन् ।'

एकीकृत समाजवादी केन्द्रीय समिति बैठक

अर्का केन्द्रीय सदस्य हस्तबहादुर शाहीले भने सदस्यहरूको चिन्ता पार्टी निर्माणमा रहेको र भूगोललाई बलियो बनाउनुपर्ने सबैको जोड रहेको बताए । केही सदस्यहरूले पार्टीमा अवसरवादी प्रवृत्ति देखा परेको भन्दै वेलैमा सचेत हुनुपर्नेमा जोड दिएका छन् । बुधबार घनप्रसाद गौतम, गठेन्द्रप्रकाश पुरी, अमृत तिमल्सिना, बालगोपाल थापा, टीकाराम शर्मा, नरेन्द्र भट्ट, धर्म पौडेल, हस्तबहादुर शाही, विदुर सापकोटा, चुनु केसीलगायत ८२ जना केन्द्रीय सदस्यले धारणा राखेका छन् । बिहीबार बिहान ८ बजेदेखि बाँकी सदस्यले धारणा राख्ने एकीकृत समाजवादीले जनाएको छ ।

कतिपय सदस्यले मूल नेतृत्वको स्पिरिटमा पदाधिकारी, स्थायी कमिटी र पोलिटब्युरो चल्न नसकेको औंल्याएका छन् । पार्टी कामको पर्याप्त प्रचार हुन नसकेको पनि उनीहरूले बताएका छन् । पदाधिकारीबाटै कार्यकर्ताको मनोबल गिराउने काम भएको भन्दै केन्द्रीय सदस्यहरूले नेतृत्वको ध्यानाकर्षण गराएका छन् । उनीहरूले भनेका छन्, 'कार्यकर्ताको मनोबल गिराउने प्रवृत्ति पदाधिकारीमै देखियो । एमालेसँग बार्गेनिङ गर्ने र पार्टीमा पनि बार्गेनिङ गर्ने प्रवृत्तिले पार्टी चल्दैन । यसलाई पार्टी नेतृत्वले गम्भीर रूपमा लिनुपर्छ ।'

काठेपुलबाट खसेर एक बेपत्ता

बाजुरा/ बुढीनन्दा नगरपालिका- ४ घोडाकोट खोलामा रहेको काठे पुलबाट खसेर एकजना बेपत्ता भएका छन् । लेकबाट भैंसी लिएर घर फर्कने क्रममा बुढीनन्दा नगरपालिका- ३ लैठारुख बस्ने अन्दाजी २८ वर्षका गंग ल्वार बुधबार दिउँसो १ बजेतिर पुलबाट खसेर बेपत्ता भएका हुन् ।

भैंसीको पाडोसहित ल्वार पनि बेपत्ता भएको इलाका प्रहरी कार्यालय कोल्टीले जनाएको छ । प्रहरीका अनुसार पुलबाट खसेको भैंसी भने सकुशल तैरिएको थियो । बेपत्ता रहेका ल्वारको खोजीका लागि इलाका प्रहरी कार्यालय कोल्टीका प्रहरी सहायक निरीक्षक दुर्गासिंह धामीको नेतृत्वमा टोली खटिएको छ ।

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि
("नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको")
कर्पोरेट कार्यालय बनेपा कापली फोन नं. ०११-६६००३४
ईमेलः info@nicasialaghubitta.com, वेबसाइटः www.nicasislaghubitta.com

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८०/०५/०७ (नयाँ पत्रिका राष्ट्रिय दैनिकबाट प्रकाशित)

यस लघुवित्त वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको शर्त कबुलियत बमोजिम समय-समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुने चासो नदेखाई बेवास्ता गर्नु भएकोले यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखी लघुवित्त वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दे दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखत बमोजिम धितोमा रहेको वा नरहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुने व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै उक्त चल अचल श्रीसम्पत्ति लिलाम बिक्रीबाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.१	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालयः बाँसगढी, बर्दिया	**लाल बहादुर कुमाल (ऋणी)** ना.प्र.नं.: ६५३०१४/३३८ जारी मिति/जिल्लाः २०७०/०२/१२, बर्दिया स्थायी ठेगानाः बाँसगढी न.पा. वडा नं. ०२, बर्दिया हालको ठेगानाः बाँसगढी न.पा. वडा नं. ०२, बर्दिया पिताः कुले कुमाल बाजेः वीरमाने कुमाल	१) कुले कुमाल (धितोधनी तथा जमानीकर्ता) ना.प्र.नं. : १६२९३ जारी मिति/जिल्ला : २०३५/०५/१८, बर्दिया स्थायी ठेगाना : बाँसगढी न.पा.वडा नं.०२, बर्दिया हालको ठेगाना : बाँसगढी न.पा.वडा नं.०२, बर्दिया पिता : वीरमाने कुमाल बाजे : दमवेल कुमाल २) सरीता कुमाल (जमानीकर्ता) ना.प्र.नं. : ६५/०६/७६/००१५९ जारी मिति/जिल्ला : २०७६/०७/०५, बर्दिया स्थायी ठेगाना : बाँसगढी न.पा.वडा नं.०२, बर्दिया हालको ठेगाना : बाँसगढी न.पा.वडा नं.०२, बर्दिया पति : लाल बहादुर कुमाल ससुरा : कुले कुमाल पिता : पदम बहादुर कुमाल
	धितोको विवरण	
	दमवेल कुमालको नाति, वीरमाने कुमालको छोरा, बर्दिया जिल्ला, बाँसगढी न.पा.वडा नं.०२ बस्ने कुले कुमालको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, बेलवा गा.वि.स.वडा नं.०२ स्थित कित्ता नं. ४ को क्षेत्रफल १६९३.१५ वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत ।	

क्र.सं.२	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालयः बाँसगढी, बर्दिया	**धनसरा रोकाया (ऋणी)** ना.प्र.नं.: ६५१०१३/१२११ जारी मिति/जिल्लाः २०६७/०५/२३, बर्दिया स्थायी ठेगानाः मोतिपुर गा.वि.स. वडा नं. ०८, बर्दिया हालको ठेगानाः बाँसगढी न.पा. वडा नं. ०५, बर्दिया पतिः भक्त बहादुर रोकाय ससुराः तुलाराम रोकाय पिताः दुर्ग बहादुर राना क्षेत्री	१) भक्त बहादुर रोकाय (जमानीकर्ता) ना.प्र.नं.: ५४०८ जारी मिति/जिल्लाः २०५४/११/०५, बर्दिया स्थायी ठेगानाः मोतिपुर गा.वि.स. वडा नं. ०२, बर्दिया हालको ठेगानाः बाँसगढी न.पा. वडा नं. ०५, बर्दिया पिताः तुलाराम रोकाय बाजेः मन बहादुर रोकाय २) लक्ष्मण गिरी (जमानीकर्ता) ना.प्र.नं.: ६३७ जारी मिति/जिल्लाः २०५०/१२/०९, बर्दिया स्थायी ठेगानाः बाँसगढी न.पा. वडा नं. ०५, बर्दिया हालको ठेगानाः बाँसगढी न.पा.वडा नं. ०५, बर्दिया पिताः तिल बहादुर गिरी
	धितोको विवरण	
	मन बहादुर रोकायको नाति, तुलाराम रोकायको छोरा, बर्दिया जिल्ला, मोतिपुर गा.वि.स.वडा नं.०२ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, बाँसगढी न.पा. वडा नं. ०५ बस्ने भक्त बहादुर रोकायको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला मोतीपुर गा.वि.स. वडा नं. ०२ स्थित कित्ता नं. १३९५ को क्षेत्रफल १०१५.८९ वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापात समेत ।	

क्र.सं.३	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालय : बाँणगंगा, कपिलवस्तु	**उग्रसेन भुज (ऋणी)** ना.प्र.नं.: ३६५९७ जारी मिति जिल्लाः २०५८/०५/२७, कपिलवस्तु स्थायी ठेगानाः महाराजगंज गा.वि.स. वडा नं. ०४, कपिलवस्तु हालको ठेगानाः बाँणगंगा न.पा. वडा नं. ११, कपिलवस्तु पिताः मंगरे भुज बाजेः विसेसर भुज	१) रमेश प्रसाद भुज (जमानीकर्ता) ना.प्र.नं.: ३८/०१/७३/०५९५४ जारी मिति/जिल्लाः २०७३/०८/१४, कपिलवस्तु स्थायी ठेगानाः महाराजगंज गा.वि.स.वडा नं.०४, कपिलवस्तु हालको ठेगानाः बाँणगंगा न.पा.वडा नं.११, कपिलवस्तु पिताः उग्रसेन भुज बाजेः मंगरे भुज २) मान्ती भुज (जमानीकर्ता) ना.प्र.नं.: ३८/०१/०६७/०५६१६ जारी मिति/जिल्लाः २०६७/०४/२५, कपिलवस्तु स्थायी ठेगानाः महाराजगंज गा.वि.स. वडा नं. ०४, कपिलवस्तु हालको ठेगानाः बाँणगंगा न.पा. वडा नं. ११, कपिलवस्तु पतिः उग्रसेन भुज ससुराः मंगरे भुज पिताः भागीरथी भुज
	धितोको विवरण	
	विसेसर भुजको नाति, मंगरे भुजको छोरा, कपिलवस्तु जिल्ला, महाराजगंज गा.वि.स.वडा नं.०४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाँणगंगा न.पा. वडा नं. ११ बस्ने उग्रसेन भुजको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, पडरिया गा.वि.स.वडा नं. ०२ स्थित कित्ता नं. ४८३, ५९५, २७८, २९४ र २६१ को क्षेत्रफल क्रमशः ३३८.६३, २७०.९१, २३७.०५, ६७.७३ र ४७४.१० गरी जम्मा १३८८.४२ वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत ।	

क्र.सं.४	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालय : मिलनचोक, बाँके	**देबु वादी चौबे (ऋणी)** ना.प्र.नं.: ६७२००४/२६१५२ जारी मिति/जिल्लाः २०६९/०७/०२, बाँके स्थायी ठेगानाः नेपालगञ्ज उ.म.न.पा. वडा नं. १५, बाँके हालको ठेगानाः नेपालगञ्ज उ.म.न.पा. वडा नं. ०५, बाँके पतिः सन्दिप चौबे ससुराः दिनेश कुमार चौबे पिताः बुधे वादी	१) सन्दीप चौबे (व्यक्तिगत जमानीकर्ता) ना.प्र.नं.: ६६/०१/६९/०६६६७ जारी मिति/जिल्लाः २०६९/०९/१२, बाँके स्थायी ठेगानाः नेपालगञ्ज उ.म.न.पा. वडा नं. ११, बाँके हालको ठेगानाः नेपालगञ्ज उ.म.न.पा. वडा नं. ०५, बाँके पिताः दिनेश कुमार चौबे बाजेः बाबुराम चौबे २) रेश्मा वि.क (सामुहिक जमानीकर्ता) ना.प्र.नं.: ८०४७२ जारी मिति/जिल्लाः २०६३/०८/१२, बाँके स्थायी ठेगानाः खंलगा गा.वि.स.वडा नं.०१, बाँके हालको ठेगानाः नेपालगञ्ज उ.म.न.पा.वडा नं.०५, बाँके पतिः शेर बहादुर बि.क ससुराः बिर्ख बहादुर बि.क पिताः प्रेम सिंह नेपाली

क्र.सं.५	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालय : मिलनचोक, बाँके	**पदमा अमर शाही (ऋणी)** ना.प्र.नं.: ११८२१ जारी मिति/जिल्लाः २०६०/०४/२२, बाँके स्थायी ठेगानाः रुभेना गा.वि.स. वडा नं. ०४, बाँके हालको ठेगानाः नेपालगञ्ज उ.म.न.पा. वडा नं. ०५, बाँके पतिः प्रज्वल सिंह रावल ससुराः अमर सिंह रावल पिताः अमर बहादुर शाही	१) कल्पना पौडेल (व्यक्तिगत जमानीकर्ता) ना.प्र.नं.: ६/६/४/०/०/०/२/६/१११९३ जारी मिति/जिल्लाः २०३५/०४/२२, बाँके स्थायी ठेगानाः नेपालगञ्ज न.पा. वडा नं. ०८, बाँके हालको ठेगानाः नेपालगञ्ज उ.म.न.पा. वडा नं. ०५, बाँके पतिः अमर सिंह रावल ससुराः पदम सिंह रावल पिताः शितल प्रसाद पौडेल २) इन्द्रा परियार (सामुहिक जमानीकर्ता) ना.प्र.नं.: ६६१०१९/११४१ जारी मिति/जिल्लाः २०६५/१०/०८, बाँके स्थायी ठेगानाः नेपालगञ्ज उ.म.न.पा.वडा नं.०८, बाँके हालको ठेगानाः नेपालगञ्ज उ.म.न.पा.वडा नं.०६, बाँके पिताः भूप बहादुर परियार बाजेः लाल बहादुर परियार

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालय : सर्दि, नवलपरासी	**मीना वि.क (ऋणी)** ना.प्र.नं: ३६३०३७/१२५ जारी मिति/जिल्लाः २०६३/१०/२४, नवलपरासी स्थायी ठेगानाः धुरकोट गा.वि.स. वडा नं. ०१, नवलपरासी हालको ठेगानाः विनयीत्रिवेणी गा.पा. वडा नं. ०३, नवलपरासी पतिः विनोद परियार ससुराः गणेश परियार पिताः प्रेम बहादुर वि.क	१) विनोद परियार (धितोधनी तथा जमानीकर्ता) ना.प्र.नं: ३६३०३५/५०५ जारी मिति/जिल्लाः २०६३/१०/०९, नवलपरासी स्थायी ठेगानाः वेनीमणीपुर गा.वि.स. वडा नं. ०६, नवलपरासी हालको ठेगानाः विनयीत्रिवेणी गा.पा. वडा नं. ०३, नवलपरासी पिताः गणेश परियार बाजेः रन बहादुर परियार २) निर्मला राना (सामुहिक जमानीकर्ता) ना.प्र.नं: ३६३०३५/९६८ जारी मिति/जिल्लाः २०६३/१०/११, नवलपरासी स्थायी ठेगानाः वेनीमणीपुर गा.वि.स. वडा नं. ०८, नवलपरासी हालको ठेगानाः विनयीत्रिवेणी गा.पा. वडा नं. ०३, नवलपरासी पतिः गणेश बहादुर सोमै मगर ससुराः केहर सिंह सोमै पिताः शोम बहादुर राना
	धितोको विवरण	
	श्री रन बहादुर परियारको नाति, श्री गणेश परियारको छोरा, नवलपरासी जिल्ला, वेनीमणीपुर गा.वि.स वडा नं. ०६ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, विनयीत्रिवेणी गा.पा.वडा नं.०३ बस्ने श्री विनोद परियारको नाममा मालपोत कार्यालय नवलपरासी को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, वेनीमणीपुर गा.पा.वडा नं. ०५ स्थित कित्ता नं. १६३, ९६ र ४२ को क्षेत्रफल क्रमशः १०६०.००, १०६०.०० र २५०.०० वर्गमिटर गरी जम्मा २३७०.०० वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत ।	

क्र.सं.७	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालय : पुर्नवास, कञ्चनपुर	**सिता वि.क (ऋणी)** ना.प्र.नं: ७५२०२०/७८१ जारी मिति/जिल्लाः २०६६/१०/२०, कञ्चनपुर स्थायी ठेगानाः त्रिभुवनबस्ती गा.वि.स. वडा नं. ०१, कञ्चनपुर हालको ठेगानाः पुर्नबास न.पा वडा नं. ०६, कञ्चनपुर पतिः अर्जुन वि.क पतिः सुरेन्द्र वि.क ससुराः आईत सिंह वि.क पिताः हस्त बहादुर कामी	१) सुरेन्द्र वि.क (धितोधनी तथा जमानीकर्ता) ना.प्र.नं: ७५७९२ जारी मिति/जिल्लाः २०५९/०८/१५, कञ्चनपुर स्थायी ठेगानाः त्रिभुवनबस्ती गा.वि.स वडा नं. ०४, कचंनपुर हालको ठेगानाः पुर्नबास न.पा वडा नं. ०६, कचंनपुर पिताः आईत सिंह वि.क बाजेः लाल बहादुर सुनार २) धनमाया वि.क (जमानीकर्ता) ना.प्र.नं: ७५२०११/२३६३ जारी मिति/जिल्लाः २०७०/०६/१४, कञ्चनपुर स्थायी ठेगानाः वाइसी विचवा गा.वि.स वडा नं. ०७, कञ्चनपुर हालको ठेगानाः पुर्नबास न.पा वडा नं. ०६, कञ्चनपुर पतिः हस्त बहादुर कामी ससुराः लाल बहादुर सुनार पिताः सुकराम कामी
	धितोको विवरण	
	श्री लाल बहादुर सुनारको नाति, श्री आईत सिंह वि.कको छोरा, कचंनपुर जिल्ला, त्रिभुवनबस्ती गा.वि.स.वडा नं.०४ स्थायी ठेगाना भई कचंनपुर जिल्ला, पुनर्बास न.पा.वडा नं. ०६ बस्ने श्री सुरेन्द्र वि.कको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, तारताल न.पा. वडा नं. ०४ स्थित कित्ता नं. ४७० को क्षेत्रफल १३५४.५६ वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत ।	

क्र.सं.८	ऋणीको विवरण	जमानीकर्ताको विवरण
शाखा कार्यालय : देवदह, रुपन्देही	**एलिसा सुनार (ऋणी)** ना.प्र.नं.: ५०२०५८/१२३८८ जारी मिति/जिल्लाः २०७१/०१/१९, बागलुङ स्थायी ठेगानाः बोहोरागाउँ गा.वि.स. वडा नं. ०२, बागलुङ हालको ठेगानाः देवदह न.पा. वडा नं. ०५, रुपन्देही पतिः परशुराम सुनार ससुराः कृष्णलाल सुनार पिताः धने कामी	परशुराम सुनार (जमानीकर्ता) ना.प्र.नं.: ५०२०५८/१६६६ जारी मिति/जिल्लाः २०६६/०२/२४, बागलुङ स्थायी ठेगानाः बोहरागाँउ गा.वि.स. वडा नं. ०२, बागलुङ हालको ठेगानाः देवदह न.पा. वडा नं. ०५, रुपन्देही पिताः कृष्णलाल सुनार बाजेः लिल बहादुर सुनार
	सवारीको विवरण	
	सवारी मोडलः PIAGGIO APECITY PLUS PASSENGER च्यासिस नं.: MBX0004FFMM073100 ईन्जिन नं.: AMBAFMY3001805 सवारी दर्ता नम्बरः लु १ ह ४१०२	

क्र.सं.९	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालय : मैनापोखर, बर्दिया	**लालमणि थारु (ऋणी)** ना.प्र.नं.: ८१८१ जारी मिति/जिल्ल : २०५६/०९/१६, बर्दिया स्थायी ठेगानाः महोम्मदपुर गा.वि.स. वडा नं. ०८, बर्दिया हालको ठेगानाः बढैयाताल न.पा. वडा नं. ०६, बर्दिया पतिः बराती थारु ससुराः विष्णु प्रसाद थारु पिताः बाबुराम थारु	१) बराती थारु (जमानीकर्ता) ना.प्र.नं.: १/५८१९ जारी मिति/जिल्लाः २०५५/०१/०३, बर्दिया स्थायी ठेगानाः मैनापोखर गा.वि.स. वडा नं. ०६, बर्दिया हालको ठेगानाः बढैयाताल न.पा. वडा नं. ०६, बर्दिया पिताः विष्णु प्रसाद थारु बाजेः दुखे थारु २) भिसम कुमार थारु (जमानीकर्ता) ना.प्र.नं.: ९२३०१०/४७७ जारी मिति/जिल्लाः २०६३/१०/१७, बर्दिया स्थायी ठेगानाः मैनापोखर गा.वि.स.वडा नं. ०६, बर्दिया हालको ठेगानाः बढैयाताल न.पा.वडा नं. ०६, बर्दिया पिताः हसीलाल थारु बाजेः श्यामलाल थारु
	धितोको विवरण	
	दुखे थारुको नाति, विष्णु प्रसाद थारुको छोरा, बर्दिया जिल्ला, मैनापोखर गा.वि.स.वडा नं.०६ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, बढैयाताल न.पा.वडा नं. ०६ बस्ने बराती थारुको नाममा मालपोत कार्यालय बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, मैनापोखर गा.वि.स. वडा नं. ०६ स्थित कित्ता नं. १६८० क्षेत्रफल ९३३.०० वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत ।	

नोटः ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।



संगीत स्टारको तेस्रो संस्करण हुँदै

गायन तथा नृत्य विधामा अवसर खोजिरहेकाहरूलाई स्थान दिने उद्देश्यका साथ संगीत स्टारको तेस्रो संस्करण हुने भएको छ। गायन र नृत्य विधाका क्षमतावान् प्रतिभालाई स्थान दिने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको कार्यक्रम निर्माता तथा प्रस्तोता संगीत बस्यालले बताए।



अकेली २५ अगस्टमा


इराकको लडाइँमा फसेकी भारतीय युवतीको कथामा आधारित फिल्म अकेली आगामी शुक्रबार सिनेमाघरमा रिलिज हुँदै छ। यस फिल्ममा नुसरत भारुचा, इजरायली अभिनेता त्साही हलेवी र आमिर बोट्रास मुख्य भूमिकामा छन्। २०१५ मा इराकमा चलेको गृहयुद्धमा फसेकी एक भारतीयले आफ्नो ज्यान बचाउनका लागि गरेको हरसम्भव कोसिसलाई फिल्ममा देखाइएको छ।

चिटिक्क कार्यस्थल

नयाँ पत्रिका

कार्यस्थलमा शान्त र ऊर्जाशील वातावरण हुनुपर्छ। त्यसका लागि सजावटका सामग्री पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। फर्निचरको रङ, डेस्कको सजावट तथा आसपासमा रहेका सामग्रीले मानिसलाई आरामदायी महसुस गराउँछ। यसले कर्मचारीको कार्यसम्पादनलाई अझै प्रभावकारी बनाउन मद्दत गर्ने विज्ञहरू बताउँछन्। तसर्थ, सुन्दर र सुविधाजनक कार्यस्थल हुनु जरुरी छ। त्यसले सकरात्मकता र सिर्जनात्मक सोच मात्रै बढाउँदैन, उत्पादकत्व बढाउन पनि सहयोग पुर्‍याउँछ।

कार्यस्थल अव्यवस्थित वा चित्त नबुझ्ने खालको भयो भने तनाव बढ्छ, काम गर्ने जाँगर चल्दैन। मनोपरार्शदाता आदर्श प्रधान आफ्नो कार्यस्थल सुन्दर र सुविधाजनक हुँदा सिर्जनात्मक काम गर्न सकिने बताउँछन्। 'कतिपय मानिस आफ्नो परिवारिक समस्या तथा मानसिक समस्या लिएर कार्यस्थल पुगेका हुन्छन्। हामी व्यस्त जीवनशैलीले गर्दा घरबाट तनाव लिएर निस्किएका हुन्छौँ। त्यसैले कार्यस्थलमा शान्त वातावरण हुनुपर्छ। कार्यस्थलमा चिटिक्क हुँदा हाम्रो मुड फ्रेस हुन्छ।'



काम गर्ने डेस्कमा के-के राख्ने ?

काम गर्ने डेस्कमा असरल्ल फाइल-किताब, अव्यवस्थित सामान, चिया-कफीका खाली गिलास भएमा काम गर्ने ऊर्जा आउँदैन। प्रधान भन्छन्, 'काम नलाग्ने वा बिग्रेका सामग्री रहिरहँदा तिनले नकारात्मक ऊर्जा प्रवाह गरेको हुन्छ। कार्यकक्ष, भित्तामा सकारात्मक ऊर्जा दिने खालका पेन्टिङ वा कलाकृति, इन्डोर प्लान्ट, हँसिलो फोटो, लामो समय बसेर काम गर्दा सजिलो हुने कुर्सी भएमा मन आनन्दित हुन्छ। काम गर्दा मानिसलाई खुसी बनाउने कुरा रङ महत्त्वपूर्ण हुने उनी बताउँछन्।

त्यसैले कार्यकक्षको रङ शान्त महसुस हुने खालको हुनुपर्छ। सकेसम्म ब्लु कलरको पर्दा, भित्ताको रङ प्रयोग गर्दा राम्रो हुन्छ। त्यस्तै, फर्निचर राख्दा पनि नयाँ तरिकाले सोच्नु राम्रो हुन्छ। 'आरामदायी फर्निचर छनोट गर्दा नयाँ खालको अनुभूति हुन्छ र नयाँ तरिकाले सोच्न प्रेरणा मिल्छ,' प्रधानले भने, 'कार्यस्थलमा आवश्यक पर्ने कलम, डायरी, टेलिफोनलगायत अन्य सामग्री डेस्कमा मिलाएर राखिएको हुनुपर्छ। काम गर्ने स्थानमा प्राकृतिक प्रकाश, रंगीन सजावट, आरामदायी फर्निचर र अलिकति गोपनीयता चाहिन्छ।' इन्टेरियर डिजाइनर एसोसिएसन अफ नेपालका महाचिव रामगोपाल तन्डुकार आफूले काम गर्ने स्थान आनन्द र आरामदायी हुनुपर्ने बताउँछन्। उनका अनुसार पछिल्लो समय धेरैले इन्टेरियर डिजाइनरसँग परामर्श गरेर कार्यस्थलको सजावट व्यवस्थापन गर्छन्।

उनी भन्छन्, व्यवस्थित डिजाइन गरिएको कार्यकक्षमा काम गरिरहँदा स्फूर्ति बढ्छ। सकेसम्म काम गर्ने स्थान प्रकाश छिर्ने र आकर्षक हुनुपर्छ। सानो क्षेत्रफलमा पनि सुन्दर र आकर्षक कार्यस्थल बनाउन सकिन्छ।'

उनको अनुभवमा हिजोआज सजिलो, व्यवस्थित र सफा कार्यकक्ष आधुनिक कार्यालयहरूमा अनिवार्य बन्दै गएको छ। व्यवस्थित कार्यस्थलले सफलतालाई समेत प्रभावित पार्ने हुँदा कार्यालयमा सबै कुरा व्यवस्थित, सफा र आकर्षक हुनुपर्छ। 'कागजातको व्यवस्थित भण्डारण, पुस्तकालय र अध्ययन कक्षको व्यवस्थाले पनि तपाईंलाई उत्साहित बनाउँछ,' उनले भने।

कार्यस्थलमा इन्डोर प्लान्ट राख्दा झन् फाइदा हुन्छ। यसले स्वच्छ हावा र शीतलता मात्रै प्रदान गर्दैन, अफिस सजावटमा पनि सहयोग गर्छ। कार्यस्थलको क्षेत्रफल हेरेर कामको प्रकृति हेरेर डिजाइन गर्न सकिन्छ। अफिस कोठाका लागि ह्यांगिङ प्लान्टहरू राख्न सकिन्छ।

जसले एक-अर्कामा हरियालीको स्पर्श थप्न सहयोग गर्छ। कार्यालयको छत वा पर्खालमा झुन्ड्याउन सकिन्छ। जसले कार्यालयमा हरियाली मात्र थप्दैन, शुद्ध हावाको प्रवाह पनि गर्छ। कुनै पनि अफिस स्पेसका लागि थुप्रै विकल्प हुन्छन्। डेस्क, टेबल वा भुइँमा पनि पर्याप्त मात्रामा सामग्री राख्न सकिन्छ। कार्यालयमा सानो बगैँचा हुनु अझै राम्रो हुन्छ।

लामो समयसम्म रहने कार्यस्थलले हाम्रो जीवनलाई नै प्रभावित गरिरहेको हुन्छ। मानिसले शान्त, आनन्ददायी वातावरणमा मात्रै सही तरिकाले काम गर्न सक्छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको घर तल्ला वा भवन भाडामा लिने सम्बन्धी सूचना

प्रकाशित मिति: २०८०/०५/०७

यस बैंकलाई निम्न उल्लेखित स्थानमा घर तल्ला वा भवन भाडामा आवश्यक भएको हुँदा भाडामा दिन इच्छुक व्यक्ति वा संस्थाले आफूले लिन चाहेको मासिक बहाल रकम उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र तल उल्लेखित ठेगानामा प्राप्त हुने गरी प्रस्ताव पेश गर्नु हुन अनुरोध गरिन्छ। निम्न उल्लेखित इमेलमा पनि प्रस्ताव पेश गर्न सकिनेछ।

क्र.सं.	भाडामा लिन चाहेको क्षेत्र	विवरण
१.	इमाडोल, वडा नं. ४, महालक्ष्मी नगरपालिका, ललितपुर	शाखा कार्यालय सञ्चालनका लागि भुई तल्ला वा पहिलो तल्लामा करिव २,००० वर्ग फिट देखि- २,५०० वर्ग फिट सम्म क्षेत्रफल भएको भवन वा तल्ला
२.	टेकु, वडा नं. १२, काठमाण्डौ महानगरपालिका, काठमाण्डौ	शाखा कार्यालय सञ्चालनका लागि भुई तल्ला वा पहिलो तल्लामा करिव २,००० वर्ग फिट देखि- २,५०० वर्ग फिट सम्म क्षेत्रफल भएको भवन वा तल्ला

क) प्रस्ताव सँग पेश गर्नुपर्ने कागजातहरु
१. भाडामा दिने प्रस्तावित भवनको फोटो सहितको Location Map,
२. स्वीकृत नक्सा तथा निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपी तथा जग्गाको नापि नक्साको प्रतिलिपी
३. जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी
४. घर जग्गा धनीको/अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, सम्पर्क ठेगाना तथा टेलिफोन/मोबाईल नम्बर।

ख) अन्य शर्तहरु
१. भवनको भुई तल्लालाई विशेष प्राथमिकता दिइनेछ।
२. पिलर सिस्टमबाट निर्मित तथा ३ फेजको विद्युत लाईन जडित र पार्किङ्गको प्रशस्त सुविधा भएको घर(तल्लालाई विशेष प्राथमिकता दिइनेछ।
३. प्रस्तावित भवनको भुई तल्लामा मुल सडक तर्फ ATM को लागि ५ फिट x १० फिट क्षेत्रफल भएको कोठा(१ अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।
४. प्रस्तावित भवन मुल सडकसँग जोडिएको तथा सो भवनको मोहडा मुल सडक तर्फ भएको हुनुपर्नेछ।
५. प्रस्तावित भवन नेपाल सरकारको स्वीकृत मापदण्ड अनुसार सार्वजनिक बाटोको क्षेत्रमा नपर्ने गरी निर्माण गरेको हुनुपर्नेछ।
६. प्रस्तावित भवनमा जेनेरेटर राख्नको लागि आवश्यक स्थान, गार्ड रुमको लागि १ वटा कोठाको समेत व्यवस्था हुनुपर्नेछ।
७. भवन भाडामा दिने अवधि कम्तिमा दश वर्षको हुनुपर्नेछ।
८. स्वामित्व सम्बन्धी विवाद भएको भवन बैंकलाई मान्य हुने छैन।
९. प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार बैंकसँग सुरक्षित रहनेछ।

Citizens Bank

प्रस्ताव पेश गर्नुपर्ने ठेगाना:
सामान्य सेवा विभाग
कर्पोरेट कार्यालय, नारायणहिटि पथ, काठमाण्डौ
फोन नं. ९७७ १ ४५२७८४२ फ्याक्स नं. ९७७ १ ४५२७०४४
Email: - gsd@ctznbank.com

स्वादिष्ट पनिर-बटर मसला

बटर पनिर निकै स्वादिष्ट परिकार हो। विशेषगरी, शाकाहारीको रोजाइमा यो मसलेदार परिकार पर्ने गरेको छ। केही सामग्री जोहो गरेर घरमै यसलाई तयार गर्न सकिन्छ।



आरबी बुढाथोकी
सिनियर सु-सेफ
द सोल्टी

रेसिपी



सामग्री : पनिर आधा केजी, गरम मसला धुलो आधा चिया चम्चा, अदुवा र लसुनको पेस्ट एक चियाचम्चा, गेडा जिरा आधा चम्चा, प्याज काटेको एउटा, तेल दुई चियाचम्चा, मसिनो गरी काटेको गोलभेँडा दुई पिस, टमाटो पिउरी आधा कप, जिरा, धनियाँ र खुर्सानीको धुलो आधा-आधा चियाचम्चा, धनियाँ आधा मुठा, कसुरी मेथीको धुलो आधा चियाचम्चा, कुकिङ क्रिम आधा कप, काजुको पेस्ट ३ चियाचम्चा, बटर दुई चियाचम्चा, नुन-मरिच स्वादअनुसार, मह या चिनी आधा चम्चा।

विधि : बाक्लो खालको कराही या सते प्यान तताउनुस् र तेल हालेर होल गरम मसला फुराउनुस्। अदुवा-लसुनको पेस्ट हाल्नुस र इन्डियन सम्पूर्ण मसला हालेर सानो आँचमा भुट्नुस। केही समयपश्चात् गोलभेँडा र गोलभेँडाको पिउरी, काजु पेस्ट हालेर मज्जाले पकाउनुस्। नुन-मरिच स्वादअनुसार हाली डाइस काटेको पनिर खन्याइदिनुस् र अरू १० मिनेट पकाएर क्रिम, बटर हाल्दिनुस्। अन्त्यमा हरियो धनियाँ, कसुरी मेथी, मह हालेर निकाल्नुस्। स्वादिष्ट पनिर-बटर मसला तयार भएको छ। रोटी या पुलाउसँग यसलाई खान सक्नुहुन्छ। पनिर-बटर मसलालाई सीधै रेड ग्रेभीमा पनि बनाउन सकिन्छ।

बीमालेखको बोनसदर सम्बन्धि सूचना

श्री नेपाल बीमा प्राधिकरणको मिति २०८०/०५/०३ को पत्रानुसार यस कम्पनीको आ.व २०७८/७९ को आर्थिक स्थितिको लेखाजोखा र दायित्व मूल्याकंन सम्बन्धी बीमाङ्कीय प्रतिवेदन स्वीकृत भएकोले यस कम्पनीको मुनाफामा सरिक हुने गरी (बोनस दिने गरी) जारी गरेका निम्न जीवन बीमालेखहरुमा निम्न बमोजिमको बोनस दर नेपाल बीमा प्राधिकरणबाट अर्को व्यवस्था नभएसम्मको लागि कायम रहने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

बीमा योजना	बीमालेख अवधि(वर्ष)	बोनसदर प्रति हजारमा	बीमालेख संख्या
सावधिक(३३३), जीवन विधा(३५२), जीवन साथी (३५७), जीवन श्री (३५३)	५-९	५१	५३३७
	१० - १४	५२	२७१८८
	१५ - १९	५३	२११४६०
	२० - २४	५५	३३८६१
	२५ देखि माथि	६१	३८३२
जीवन आनन्द(३४२)	५-९	५०	११२७
	१० - १४	५२	१०५०८
	१५ - १९	५५	११४८७०
	२० - २४	५७	३२३४५
	२५ देखि माथि	६०	२८६४
बाल सावधिक(३४९)	१५ - १९	५१	५३१९५
	२० - २४	५५	१८०२७
	२५ - २९	६३	१२६
	३० देखि माथि	६४	१५
धन वृष्टि(३५८)	१० र १५	५५	१४२३४
धनफिर्ता (३३४,३३५,३३८,३३७,३३९,३४३)	१५ वर्ष	५६	१८३७१
	२० वर्ष	५७	१५२२
	२५ वर्ष	६०	७७
बाल ममता (३४०) र बाल स्नेह (३४१)	१५ वर्ष सम्म	५५	४२८५
	१६ - २०	५७	१७७४०
	२१ देखि माथि	६०	-
जीवन तरंग(३४५) र नयां जीवन तरंग (३६०)	१० वर्ष	५०	३००८
	१५ वर्ष	५१	७२३१
	२० वर्ष	५५	१८२५६
लघु सावधिक (३५४)	१५ वर्ष	४१	३
जीवन बचत(३५९)	५-९	४१	३४२
	१० - १४	४९	२३२
	१५ - १९	५२	१२३
	२० - २४	५६	१४०
	२५ देखि माथि	६१	७१४

LIC लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)
AN ISO 9001 CERTIFIED ORGANISATION Certificate No. 42693
स्टारमल (चौथो तल्ला), पुतलीसडक, काठमाडौं
फोन नं. ०१-४०१२६१३, फ्याक्स् नं. ९७७-१-४०१२६१५ www.licnepal.com.np

ग्लोरियस सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

अमृत भवन, महाराजगंज, चक्रपथ, फोन नं. ४३७३२८०, ४३७९१३७

ऋण रकम चुक्ता गर्ने सम्बन्धि ३५ (पैतिस) दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०५/०७ गते)

यस सहकारी संस्थाबाट अचल सम्पति धितो राखी ऋण लिनु भएका तपशिलका ऋणीहरुले ऋणको साँवा ब्याज नतिरी नबुझाई लिखित अनुसारको ऋण सम्बन्धि शर्त उल्लंघन गरी पटक पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत बुझाउनु पर्ने ऋण रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाएकोले यो सुचना प्रकाशित गएको छ ।यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क गरी ऋण चुक्ता गर्नु हुनुहोला। अन्यथा संस्थासँग भएको शर्त कबुलियत, सहकारी ऐन नियमावली बमोजिम धितोको जग्गा लिलाम गरी कर्जा असुल गर्ने तथा कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश गर्न लेखि पठाईने व्यहोरा जानकारी गराइन्छ।

तपसिल

सि.नं.	ऋणीको विवरण	सि.नं.	ऋणीको विवरण
१.	**ऋणीको नाम - गोकुल बहादुर खुलाल** बाबुको नाम - मान बहादुर खुलाल बाजेको नाम - लाल बहादुर खुलाल ना.प्र.प.नं.- १२१०७०।२८ ठेगाना - ऐसेलुखर्क-९, खोटाङ	२	**ऋणीको नाम - देवी खुलाल** पतिको नाम - गोकुल बहादुर खुलाल ससुराको नाम - मान बहादुर खुलाल ना.प्र.प.नं.- १४१०३६।८४९४९ ठेगाना - कटारी -४, उदयपुर
३	**ऋणीको नाम - देब बहादुर विष्ट** बाबुको नाम - नन्द बहादुर विष्ट बाजेको नाम - राम बहादुर विष्ट ना.प्र.प.नं.- ११६७ ठेगाना - राजापानी-४, खोटाङ	४	**ऋणीको नाम - क्षडुप लामा** बाबुको नाम - दावा तामाङ लामा बाजेको नाम - छेवाङ दोर्जे लामा ना.प्र.प.नं.- २७९१५।१११९४९ ठेगाना - फुल्पीङडाडां-२ ,सिन्धुपाल्चोक
५	**ऋणीको नाम - नानी मैया खुलाल** पतिको नाम - मोतिचन्द्र खुलाल ससुराको नाम - मान बहादुर खुलाल ना.प्र.प.नं.- १२१०७०।२० ठेगाना - ऐसेलुखर्क-९, खोटाङ	६	**ऋणीको नाम - हरिमाया थापा** पतिको नाम - शंकर थापा ससुराको नाम - नारायण थापा ना.प्र.प.नं.- ६८००० ठेगाना - पुर्कोट-२, तनहुँ
७	**ऋणीको नाम : धन कुमार राई** बाबुको नाम : शिव बहादुर राई बाजेको नाम : बृत राज राई ना.प्र.प.न.: ६७७/०४५ ठेगाना : खड्का भद्रकाली, काठमाण्डौं	८	**ऋणीको नाम : दिलिप सिंह सरांकोटी मगर** बाबुको नाम :केहरसिंह सरांकोटी मगर बाजेको नाम : हिरा सिंह सरांकोटी ना.प्र.प.न.: ५३९२ ठेगाना : मद्यवालिया-४,रुपन्देही
९	**ऋणीको नाम : बिनोद लाल श्रेष्ठ** बाबुको नाम : हर्ष बहादुर नेपाली बाजेको नाम : लाल बहादुर श्रेष्ठ ना.प्र.प.न.: १५०६/६६३३ ठेगाना : कामपा-३, काठमाण्डौं	१०	**ऋणीको नाम : महेन्द्र सुबेदी** बाबुको नाम : चन्द्रदत्त सुबेदी बाजेको नाम : मणिलाल सुबेदी ना.प्र.प.न.: ३८५४ ठेगाना : खैरहनी-६,चितवन
११	**ऋणीको नाम : ईश्वर लम्साल** बाबुको नाम : सालिक राम लम्साल बाजेको नाम : उत्तम प्रसाद उपाध्याय ना.प्र.प.न.: २७१४ ठेगाना : तिनथाना-७, काठमाण्डौं	१२	**ऋणीको नाम : बिर भक्त राई** बाबुको नाम : धनजित राई बाजेको नाम : पृर्थि ध्योज राई ना.प्र.प.नं.: ६९५/२९९३३ ठेगाना - बाकाचोल -३, खोटाङ्ग,
१३	**ऋणीको नाम - सुजना राई** बाबुको नाम - बिरभक्त राई बाजेको नाम - धनजित राई ना.प्र.प.नं.- २७३०२१।५३६ ठेगाना - महांकाल - ५, काठमाण्डौं	१४	**नाम :प्रविण गुरुङ्ग** बाबुको नाम :गोपाल विष्णु गुरुङ्ग बाजेको नाम :जुठे बहादुर गुरुङ्ग ना.प्र.प.नं.- :५१६८ ठेगाना : भद्रपुर–११,झापा
१५	**ऋणीको नाम : पुर्णलाल थापा** बाबुको नाम : अजरसिंह थापा बाजेको नाम : नर बहादुर थापा ना.प्र.प.न.: १२२३ ठेगाना, व्यास नगर-१०, तनहुँ	१६	**ऋणीको नाम : ईश्वरबहादुर श्रेष्ठ** बाबुको नाम : बखतबहादुर श्रेष्ठ बाजेको नाम : लछिमन बहादुर श्रेष्ठ ना.प्र.प.न.: ५४७ ठेगाना : हुलाक टोल, धनकुटा
१७	**ऋणीको नाम : कृष्ण कुवँर** बाबुको नाम : अम्बर नाथ कुवँर बाजेको नाम : रामनाथ कुवँर ना.प्र.प.न.: ८८३६५ ठेगाना : गोठपानी -१,काभ्रेपलान्चोक	१८	**ऋणीको नाम : बिनोद बस्नेत** बाबुको नाम : शम्भु बहादुर बस्नेत बाजेको नाम : गणेश बहादुर बस्नेत ना.प्र.प.न.: २५३५ ठेगाना : दुवाकोट-८, भक्तपुर
१९	**ऋणीको नाम : सुमन अधिकारी** बाबुको नाम :मृगेन्द्रनाथ अधिकारी बाजेको नाम : छत्रनाथ अधिकारी ना.प्र.प.न.: ७११६।२०४३ ठेगाना : कामनपा-१७, काठमाण्डौ	२०	**ऋणीको नाम : विना थापा** बाबुको नाम : गणेश बहादुर थापा बाजेको नाम : जुन्य बहादुर थापा ना.प्र.प.न.: ३६१७ ठेगाना : हेटौडा-२, मकवानपुर
२१	**ऋणीको नाम - सीता श्रेष्ठ** पतिको नाम - नारायण बहादुर श्रेष्ठ ससुराको नाम - डम्बर बहादुर श्रेष्ठ ना.प्र.प.नं.- १५३०११ ठेगाना - सपिङ-४, काभ्रेपलान्चोक	२२	**नामः कल्पना (तामाङ) गुरुङ्ग** बाबुको नामः पहलमान तामाङ बाजेको नामः डुब चेन लामा ना.प्र.प.नं.- :२८७२२ ठेगानाः कामपा-६, बौद्ध
२३	**ऋणीको नाम - शंकर श्रेष्ठ** बाबुको नाम - कृष्ण बहादुर श्रेष्ठ बाजेको नाम - ना.प्र.प.नं.- १११००९ ठेगाना - सिके -५,नुवाकोट	२४	**ऋणीको नाम - बिक्रम श्रेष्ठ** बाबुको नाम - बिष्णु प्रसाद श्रेष्ठ बाजेको नाम - जगत बहादुर श्रेष्ठ ना.प्र.प.नं.- ३२८२ ठेगाना - कामनपा-३,महाराजगंज
२५	**ऋणीको नाम - राजेश सायेंजु** बाबुको नाम - रत्न सुन्दर सायेंजु बाजेको नाम - रत्न लाल सायेंजु ना.प्र.प.नं.- १४४९४ ठेगाना - कामनपा-३,महाराजगंज	२६	**ऋणीको नाम - सुरेश डंगोल** बाबुको नाम - सिताराम डंगोल बाजेको नाम - पूर्ण बहादुर डंगोल ना.प्र.प.नं.- ७९०७ ठेगाना - कामनपा-३,बाँसबारी
२७	**ऋणीको नाम - कमला पाण्डे** बाबुको नाम - खड्ग मानसिहं पाण्डे बाजेको नाम - ललित बहादुर पाण्डे ना.प्र.प.नं.- ४७७७८३७९ ठेगाना - बडहरामाल-१,सिराहा	२८	**ऋणीको नाम - गोमा भण्डारी** बाबुको नाम - खड्ग मानसिं पाण्डे बाजेको नाम - भारत बहादुर पाण्डे ना.प्र.प.नं.- १२१०६ ठेगाना - धापासी-७,काठमाण्डौं
२९	**ऋणीको नाम : मंगले तामाङ** बाबुको नाम : बिर बहादुर तामाङ बाजेको नाम : सन्त बहादुर तामाङ ना.प्र.प.न.: ६०७१ ठेगाना : सुन्दरीजल-६,काठमाण्डौं	३०	**ऋणीको नाम : पलङ्ग शेर्पा** बाबुको नाम : कमला शेर्पा बाजेको नाम : कठीले शेर्पा ना.प्र.प.न.: २२३०३७/३० ठेगाना : भ्यांकु-२,दोलखा
३१	**ऋणीको नाम : मेरु लाल श्रेष्ठ** बाबुको नाम : पदम लाल श्रेष्ठ बाजेको नाम : शङख लाल श्रेष्ठ ना.प्र.प.न.: १७६३११७ ठेगाना : पंचरुखी-१,पर्सा	३२	**ऋणीको नाम - हरि बहादुर मल्ल** बाबुको नाम : कलु मल्ल बाजेको नाम : किर्तु मल्ल ना.प्र.प.न.: ९६९६,१७७९ ठेगाना : कामनपा-१६,सोह्रखुट्टे

कुमारी बैंक लिमिटेड शाखा कार्यालय अरुणखोला, नवलपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०५/०७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय अरुणखोला, नवलपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० भदौ २२ गते शुक्रबार**का दिन शाखा कार्यालय अरुणखोला, नवलपुरमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीहरुको विवरण:

क. नेपाल सरकार उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीमा साझेदारी ऐन २०२०, मिति २०७३/०५/१५, मा दर्ता नं: सा.फ.द.प्र.प.नं. ८४/७१६८/०७३ कायम भई नयांबेलहानी गा.वि.स वडा नं. ८, स्थित रजिर्ष्टड कार्यालय रहेको **अरुणखोला बालुवा प्रशोधन उद्योग।**

ख. नेपाल सरकार उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीमा मिति २०६७/११/०९, मा दर्ता नं: ३१४/४४५३/०६७ कायम भई नयां बेलहानी गा.वि.स वडा नं. ८, स्थित रजिर्ष्टड कार्यालय रहेको **श्रेष्ठ राईस मिल** (प्रोप्राईटर नजरमान श्रेष्ठ/शिलता श्रेष्ठको छोरी, भुपेन्द्र कुमार श्रेष्ठ/कृष्ण श्रेष्ठको बुहारी, राजकुमार श्रेष्ठको पत्नी, रुपन्देही जिल्ला, बुटवल न.पा वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं १० बस्ने **उन्नती श्रेष्ठ,** ना.प्र.नं १३५५ जारी मिति २०५३/०३/१६, जिल्ला प्रशासन कार्यालय, रुपन्देही)।

साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. चन नारायण श्रेष्ठको नाति, भुपेन्द्र कुमार श्रेष्ठ/कृष्ण श्रेष्ठको छोरा, उन्नती श्रेष्ठको पति, नवलपरासी जिल्ला, नयांबेलाहानी गा.वि.स वडा नं.८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं १० बस्ने **राजकुमार श्रेष्ठ** (ना.प्र.नं १८१०५, जारी मिति २०५१/०५/०६, जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।
२. मिठाई गुप्ता तेलीको नाति, नाथु गुप्ता तेली/कलावती गुप्ता तेलीको छोरा, दीपा चौधरीको पति, नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं २ स्थायी ठेगाना बस्ने **अमरजीत गुप्ता तेली** (ना.प्र.नं ४२९७१, जारी मिति २०५४/०८/०८, जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।
३. नजरमान श्रेष्ठ/शिलता श्रेष्ठको छोरी, भुपेन्द्र कुमार श्रेष्ठ/कृष्ण श्रेष्ठको बुहारी, राजकुमार श्रेष्ठको पत्नी, रुपन्देही जिल्ला, बुटवल न.पा वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं १० बस्ने **उन्नती श्रेष्ठ** (ना.प्र.नं १३५५ जारी मिति २०५३/०३/१६, जिल्ला प्रशासन कार्यालय, रुपन्देही)।
४. चन नारायण श्रेष्ठको नाति, भुपेन्द्र कुमार श्रेष्ठ कृष्ण श्रेष्ठको छोरा, नवलपरासी जिल्ला, नयांबेलाहानी गा.वि.स वडा नं. ८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं १० बस्ने **बुद्दि कुमार श्रेष्ठ** (ना.प्र.नं १००२०, जारी मिति २०४८/१०/२८, जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।
५. धनिराम चौधरीको नातिनी, पदमलाल चौधरी/ मिना चौधरीको छोरी, नाथु गुप्ता तेली/कलावती गुप्ता तेलीको बुहारी, अमरजीत गुप्ता तेलीको पत्नी, नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स वडा नं.७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्रम न. पा. वडा नं २ बस्ने **दिपा चौधरी** (ना.प्र.नं ६७७२८, जारी मिति २०६०/०१/११, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।

धितो सुरक्षणको बिबरण

१. **राज कुमार श्रेष्ठ**....१, **बुद्धि कुमार श्रेष्ठ**...१ समेत जना.....२ को संयुक्त नाममा मालपोत कार्यालय, कावासोती, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, नयांबेलाहानी गा.वि.स वडा नं. ८/ख स्थित कित्ता नं.९ को क्षेत्रफल ०-१३-१२ (बिगाहा) तथा सोको सम्पूर्ण लिगलगापात समेत।
२. **उन्नती श्रेष्ठ**को नाममा मालपोत कार्यालय, कावासोती नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला नयांबेलाहानी गा.वि.स वडा नं. ३ स्थित कित्ता नं. २६२ को क्षेत्रफल ०-३-० (बिगाहा) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. धनि कुमारी बैंक लि र ऋणी **अरुणखोला बालुवा प्रशोधन उद्योग** कायम भई नारायणी अञ्चल यातायत व्यवस्था कार्यालय , विरगंज, पर्सामा दर्ता रहेको ईन्जिन नं. H00166823 चेसिस नं. HAR3DXSUL02581496 , सवारी दर्ता नं. ना १ क ८५५८, मोडल JCB 3DX Super Backhoe Loader थान १।
४. धनि कुमारी बैंक लि र ऋणी **अरुणखोला बालुवा प्रशोधन उद्योग** कायम भई नारायणी अञ्चल यातायत व्यवस्था कार्यालय, विरगञ्ज, पर्सा मा दर्ता कायम रहेको ईन्जिन नं. P0N432ZDAJ2188174, चेसिस नं. 84487982, सवारी दर्ता नं. ना १ क ९३३०, मोडल JCB 432 ZX Roller थान १।
५. धनि कुमारी बैंक लि र ऋणी **अरुणखोला बालुवा प्रशोधन उद्योग** कायम भई नारायणी अञ्चल यातायत व्यवस्था कार्यालय, विरगञ्ज , पर्सा मा दर्ता कायम रहेको ईन्जिन नं. 81G63715355, चेसिस नं. MAT448137J3R24114, सवारी नं. ना ८ ख २९०६, मोडल HCV TIPPER थान १।
६. धनि कुमारी बैंक लि र ऋणी **अरुणखोला बालुवा प्रशोधन उद्योग** कायम भई लुम्बिनि अञ्चल यातायत व्यवस्था कार्यालय, रुपन्देही, बुटवल मा दर्ता कायम रहेको ईन्जिन नं. 2208085DT चेसिस नं. NH2421492, सवारी दर्ता नं. लु ४ त १५९०, मोडल 5500 2WD TRACTOR थान १।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० भदौ २१ गते** भित्र बैंकको शाखा कार्यालय अरुणखोला, नवलपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय अरुणखोला, नवलपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० भदौ २२ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय अरुणखोला, नवलपुरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय अरुणखोला, नवलपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० भदौ २२ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय अरुणखोला, नवलपुर फोन नं. ०७८-५५५२९६/९७/९८

अन्योलको चौबाटोमा विद्यार्थी आन्दोलन

विगतका ठूला परिवर्तनकारी आन्दोलनको संवाहक बनेको एवं संघर्ष र बलिदानको गौरवगाथा बोकेको विद्यार्थी आन्दोलन आज प्राणहीन अस्थिपञ्जरजस्तो बनेको छ



● माधव पन्त

अग्रलेख

विश्वव्यापी रूपमा स्वतन्त्रता र मुक्ति आन्दोलनको उभार चलिरहँदा यसको प्रभावबाट नेपाली विद्यार्थी समुदायसमेत अछुतो रहेन। सबै देशका राजनीतिक इतिहासमा विद्यार्थी आन्दोलनले महत्त्वपूर्ण भूमिका खेलेका छन्। रुसको अक्टोबर क्रान्ति, चीनको नयाँ जनवादी क्रान्ति, भारतीय स्वतन्त्रता संग्राम, उपनिवेशविरुद्धको मुक्ति आन्दोलनलगायत अन्तर्राष्ट्रिय आन्दोलनबाट नेपालका सचेत युवा विद्यार्थीमा स्वतन्त्रताको चाहना र विद्रोही चेत अंकुरित हुँदै आएको पाइन्छ।

सनातन कालदेखि गुरुकुल, मठमन्दिर, चैत्य र गुम्बाहरूबाट मौखिक शिक्षाको सुरुवात र विकास भयो। जंगबहादुरको युरोप (बेलायत) भ्रमणपछि नेपालमा आधुनिक शिक्षा आरम्भ भयो। शिक्षाको प्रारम्भसँगै विद्यार्थी आन्दोलनको सुरुवात हुन्छ। राणाकालमा खोलिएका तीनधारा पाठशाला र त्रिचन्द्र कलेज मात्रै थिए। जहाँ राजा र राणाका सन्तति र केही ब्राह्मण-पुत्र मात्रै अध्ययन गर्थे। संस्कृत मात्रै पढाइ हुने तीनधारा पाठशालाका विद्यार्थीलाई परीक्षा दिन भारतको वनारस जाँदै गर्दा भारतमा भएको स्वतन्त्रता आन्दोलनको उभारले बिस्तारै छोयो। संस्कृत मात्रै होइन, अब हामीले भूगोल, इतिहास, अर्थशास्त्र, दर्शनलगायत विषय पनि पढ्न पाउनुपर्छ र परीक्षा नेपालमै दिन पाउनुपर्छ भन्ने मागसहित उठेको संगठित पहिलो विद्यार्थी आन्दोलन थियो, २००४ सालको 'जयतु संस्कृतम्' आन्दोलन। यसलाई नै विद्यार्थी आन्दोलनको आधारशिला मानिन्छ।

प्रजातन्त्र स्थापनाको लडाइँमा मृत्युदण्ड रोजेका त्रिचन्द्र कलेज कक्षा ११ मा अध्ययनरत अमर सहिद गंगालाल श्रेष्ठ तथा राजा, राणा र कांग्रेसबीच सम्पन्न दिल्ली सम्झौता राष्ट्रघाती छ भन्दै गरिएको आन्दोलनको मोर्चामा भूगोलपार्कमा सहादत प्राप्त गर्ने विश्वनिकेतन हाइस्कुलमा कक्षा ८ मा अध्ययनरत चिनियाँकाजीलाई विद्यार्थी आन्दोलनका महान् सहिद मानिन्छ। प्रवास भारतमा स्थापित केही विद्यार्थी संगठनबाहेक नेपालमा संगठित रूपमा वि.सं. २००७ सालमा गौरीभक्त प्रधानको उपस्थितिमा स्थापित अखिल नेपाल विद्यार्थी फेडेरेसन 'अनेविफे', त्यसपछि विकसित नेपाल राष्ट्रिय विद्यार्थी फेडेरेसन 'नेराविफे' हुँदै २०२२ मा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन 'अनेरास्ववियू' को स्थापना भएको थियो। प्रगतिशील र प्रजातान्त्रिक दुवै समूहका विद्यार्थीको आयोजनामा गरिएको प्रथम सम्मेलनबाट नेतृत्वका लागि शेरबहादुर देउवा र बालमुकुन्द खरेलबीच रस्साकस्सी भएपछि विकल्पका रूपमा शान्ति निकुञ्ज स्कुलमा कक्षा ९ मा अध्ययनरत आत्माराम खरेल (सुजन) को नेतृत्वमा नयाँ कमिटी चयन भएको थियो। अनेरास्ववियुको नेतृत्वले कम्युनिस्ट पार्टीसित वैचारिक निकटता राख्ने देखिएपछि कांग्रेसनिकट विद्यार्थीहरूले अलग्गै भेला आयोजना गरी वि.सं. २०२७ मा कृष्णप्रसाद भट्टराईको उपस्थितिमा विपिन कोइरालाको अध्यक्षतामा नेपाल विद्यार्थी सङ्घ (नेविसंघ) स्थापना गरे। यहीँबाट अनेरास्ववियु र नेविसंघबीच औपचारिक विभाजन भयो र विद्यार्थीहरू कम्युनिस्ट र कांग्रेस विचारधाराका आधारमा छुट्टिए। त्यतिवेला पञ्चायत निरंकुशताविरुद्ध लड्ने बलियो र सशक्त विद्रोहको मसाल थियो, विद्यार्थी आन्दोलन। यो क्रान्तिको आवाजलाई कमजोर बनाउन पञ्चायत सरकारले आफूनिकट विद्यार्थी सम्मिलित राष्ट्रवादी विद्यार्थी मण्डल गठन गरेको थियो।

चौथो राष्ट्रिय सम्मेलनपछि अनेरास्ववियुमा व्यापक अन्तरविरोध बढ्दै गयो र पुनः विभाजनको पीडा व्यहोर्नुपर्‍यो। कम्युनिस्ट पार्टीको एउटा घटक नेकपा (चौम) सँग वैचारिक निकटता राख्ने विद्यार्थीले भारतको अयोध्यामा पाँचौँ सम्मेलन गरी निनु चापागाईंको नेतृत्वमा कमिटी निर्माण गरे। साथै नेकपा (माले) निकट विद्यार्थीले पुल्चोक इन्जिनियरिङ क्याम्पसमा टंक कार्कीको नेतृत्वमा छुट्टै कमिटी गठन गरे। यही बिन्दुबाट कम्युनिस्टनिकट विद्यार्थी आन्दोलन विभाजित भयो। चौथो सम्मेलनबाट बनेका दुई वाम विद्यार्थी संगठनकै उत्तराधिकारीका रूपमा आज दर्जनौँ वामपन्थी, प्रगतिशील विद्यार्थी संगठन अखिलका रूपमा अस्तित्वमा छन्। त्यतिवेलाको नेकपा (माले) निकट अखिल पाँचौँको प्रतिनिधित्व आज नेकपा (समाजवादी), एमाले, मालेनिकट विद्यार्थी संगठनले गरिरहेका छन्। नेकपा (चौम) निकट अनेरास्ववियुको प्रतिनिधित्व जनयुद्धको पृष्ठभूमिबाट आएका माओवादी खेमा र मसालनिकट विद्यार्थी संगठनले गर्दै छन्।

विद्यार्थी समुदायको हक-अधिकारको पैरवी गर्न र पार्टी वैचारिकीका आधारमा अहिले तीन दर्जनभन्दा वढी विद्यार्थी संगठन क्रियाशील छन्।

महत्त्वपूर्ण राजनीतिक कालखण्ड- २००७, २०१७, २०३६, २०४७ र ०६२-६३ मा विद्रोहको मसाल बोक्ने र क्रान्तिको विगुल फुक्नेमा विद्यार्थी संघ-संगठन नै अग्रणी थिए। ती कालखण्डमा परिवर्तनका संवाहक बनेको विद्यार्थी आन्दोलनको संघर्ष र बलिदानको गौरवगाथा स्वर्णिम अक्षरले लेखिएको छ। जसको तुलनामा आजको विद्यार्थी आन्दोलन प्राण नभएको अस्थिपञ्जरजस्तो बनेको छ। भूमिगतकालमा पञ्चायती निरंकुशताविरुद्ध 'रेडगार्ड स्क्वाड'का रूपमा परिचालित विद्यार्थी नेताहरू पार्टी प्रतिबन्धको वेलासमेत प्रजातन्त्र र बहुदलका विषयमा पार्टीका विचार सञ्चार गर्ने मुखपत्र बनिरहे। गणतन्त्र स्थापनाको आन्दोलनमा निरंकुशताका जन्जिर र कर्फ्यु तोड्ने, प्रहरीका लाठी, अश्रुग्यास र तातो गोली निल्ने विद्यार्थी विद्रोह आज अनेक स्वार्थ, विभाजन र अर्कमण्यताको सिकार हुन पुगेको छ।



व्यवस्था परिवर्तनका हरेक कालखण्डमा निर्णायक र अग्रगामी भूमिका निर्वाह गर्दै आएको विद्यार्थी आन्दोलन यतिवेला दिशाहीन बन्दै अन्योलको चौबाटामा उभिएको छ। अन्याय, अत्याचार र हरेकखाले विभेदविरुद्ध जेहाद छेड्ने विद्यार्थी आन्दोलन निराशा र अन्योलको भुमरीमा रुमल्लिएको छ। दबाब, जागरण र प्रतिपक्षीय विद्यार्थी आन्दोलन आज सत्तापक्षका रूपमा आफूलाई प्रस्तुत गर्दै छ। कडा परिश्रम, गहिरो अध्ययन, फलामे अनुशासन, अन्याय र विभेदविरुद्ध मसालरूपी विद्रोही संस्कृति बिर्सँदै आर्थिक लाभमा लिप्त, अनुशासनहीन आचरण र नैतिक पतनका विभिन्न मुद्दामा मुछिँदै गर्दा विद्यार्थी आन्दोलनको विरासत र गरिमा ओझेलमा परेको छ। यदि हामीले समयमै विद्यार्थी जागरण र आन्दोलनको नेतृत्व गर्न सकेनौँ भने गंगालाल, चिनियाँकाजीलगायत सहिदको रगतले हामीलाई पोल्नेछ।

नेपालको विद्यार्थी आन्दोलनभित्र हुर्कंदै गएका आपराधिक र अमर्यादित प्रवृत्तिका कारण आज विद्यार्थी आन्दोलनको गौरवपूर्ण विरासतमाथि कालो पोत्ने काम हुँदै छ। एउटै संगठनभित्रका साथीहरूबीच झगडा, कुटाकुट, हतियारको प्रयोग, गुन्डागर्दीका घटना दैनन्दिन बढ्दै गइरहेका छन्। संगठनका नेता-कार्यकर्ताको आर्थिक व्यवहार अपारदर्शी र निकै महँगो हुँदै आएको छ। विद्यार्थी नेताहरूले ठेक्कापट्टा कब्जा गर्ने, हप्ता उठाउने, संगठनद्वारा आयोजित कार्यक्रममा उपस्थित नहुने र भाँड्ने, समानान्तर गतिविधि गर्ने, विद्यार्थीलाई छात्रवृत्ति मिलाइदिने भन्दै पैसा लिने र भर्नासमेत नगरी विद्यार्थीको भविष्य बर्बाद पार्नेजस्ता क्रियाकलापले पछिल्लो समयमा तीव्रता पाएको छ। विद्यार्थी नबन्ने तर नेता बनिरहने र सिंहदरबार धाउने, मन्त्रीका पिए बन्ने या यस्तै लाभका पदमा जाने गतिविधिले गर्दा नेपालको विद्यार्थी आन्दोलन आज बदनाम हुँदै गएको छ। विद्यार्थी नेताहरू विश्वविद्यालयका नियमित विद्यार्थी हुँदैनन्। उनीहरू विद्यार्थीका एजेन्डामा बेखबर छन्। केवल पार्टीभित्र पहुँच र सामाजिक प्रतिष्ठाका लागि विद्यार्थी संगठनमा आबद्ध हुँदै छन्। यसरी स्वार्थको राजनीति खेल्न खोज्दा असली विद्यार्थी आन्दोलनले इतिहासको त्यो गर्विलो साख गुमाउँदै छ।

> व्यवस्था परिवर्तनका हरेक कालखण्डमा निर्णायक र अग्रगामी भूमिका निर्वाह गर्दै आएको विद्यार्थी आन्दोलन यतिवेला दिशाहीन बन्दै अन्योलको चौबाटोमा उभिएको छ। अन्याय, अत्याचार र हरेकखाले विभेदविरुद्ध जेहाद छेड्ने विद्यार्थी आन्दोलन निराशा र अन्योलको भुमरीमा रुमल्लिरहेको छ।

आज कुनै पनि विद्यार्थी संगठन व्यवस्थित छैनन्। कमिटीका नियमित बैठक हुँदैनन्। संगठनहरू नीति, उद्देश्य र कार्यदिशाविहीन छन्। विद्यार्थी संगठन केवल नक्कली विद्यार्थी नेताको ग्याङ बन्दै छन्। पार्टी र यो मुलुकको सक्षम नेतृत्व उत्पादन गर्ने नर्सरीरूपी विद्यार्थी संगठनमा त्यही पृष्ठभूमिबाट आएका नेताले समेत नजरअन्दाज गरेको पाइन्छ। नेताहरू पनि विद्यार्थी संगठन र यसका नेतालाई केवल आफ्नो गुटको अब्बल सिपाही बनाउन चाहन्छन्। तर, अबको विद्यार्थी आन्दोलनले यही बाटोबाट अगाडि बढ्छ र आफूलाई करेक्सन गर्दैन भने संगठनहरूको औचित्य समाप्त हुने निश्चित छ। र, इतिहासको विरासत मात्रै कायम रहने देखिन्छ।

समय र परिस्थितिमा आएको परिवर्तनसँगै विद्यार्थी आन्दोलनको समयसापेक्ष कार्ययोजना निर्माण गर्दै विद्यार्थी आन्दोलनलाई अझ सशक्त बनाउनु आजको आवश्यकता हो। विगतमा विद्यार्थी आन्दोलनले खेलेको महत्त्वपूर्ण भूमिकाको सम्मान गर्दै समाजवादी शिक्षा तथा न्याय र समानतामा आधारित वैज्ञानिक समाजवादी राज्य व्यवस्थाउन्मुख भावी कार्ययोजना कोर्दै विद्यार्थी आन्दोलनका बाँकी कार्यभार पूरा गर्ने प्रतिबद्धतासहित अबको विद्यार्थी आन्दोलन जाग्नुपर्छ।

विद्यार्थी आन्दोलनलाई पुनर्जागृत गर्न र साख जोगाउन विद्यार्थी संगठनको स्वरूप र कार्यशैलीमा पुनर्संरचना गर्नु वर्तमानको टड्कारो आवश्यकता हो। विज्ञान र प्रविधिमा हुँदै आएको विकासको रफ्तारसित परिचित, वास्तविक विद्यार्थी चरित्र बोक्न सक्ने, विद्यार्थीका अभाव र आवश्यकताको साथी, समाजमा झाँगिएको अन्याय र विभेदविरुद्ध आवाज बुलन्द गर्न सक्ने, सामाजिक, सांस्कृतिक र राजनीतिक परिस्थितिको ठोस विश्लेषण गर्न सक्ने क्षमता राख्ने, शिक्षा प्रणाली र शैक्षिक सवालको जानकार नियमित विद्यार्थी मात्रै विद्यार्थी आन्दोलनको नेता बन्न सक्छ। विकास निर्माण र चेतनाको हिसाबले निकै ठूलो परिवर्तन आएको छ। युवापुस्ता द्रुततर सूचना र प्रविधिमा अग्रसर देखिन्छ।

आजको युग सूचना, ज्ञान र प्रविधिको युग हो। ज्ञान विज्ञानको विकास र बुझाइका दृष्टिकोणबाट अब्बल र प्रविधिमैत्री पुस्ताको नेतृत्व समयसापेक्ष अध्यावधिक हुन नसक्दा विद्यार्थी आन्दोलन असफल हुने खतरा हुन्छ। विद्यार्थी संगठन र यसका नेताहरू राजनीतिक पार्टीका झोले र चाकरीबाज बन्नुहुँदैन। आफूलाई मुलुकको शासन प्रणाली सञ्चालन गर्न सक्ने असल र योग्य व्यक्तिको रूपमा विकास गर्नुपर्छ। विद्यार्थी आन्दोलन भ्रष्टाचार, अपारदर्शिता, अपराध र माफियाकरणको गन्धबाट टाढा रहनुपर्छ। विद्यार्थी संगठनका नेताले विश्व परिवेश र तीव्रतर रूपमा विकसित र समृद्ध भइरहेको दुनियाँको प्रगतिको विश्लेषण गर्दै नेपाललाई समृद्ध बनाउने योजना तर्जुमा गर्न सक्नुपर्छ। गहिरो अध्ययन र अनुसन्धानमा आधारित ठोस योजना तर्जुमा गर्दै नेपालमै रोजगारीका सम्भावना र अवसर पहिचान गरी विदेश पलायन हुने जनशक्ति रोक्न भूमिका खेल्नुपर्छ। बर्सेनि लाखौँ विद्यार्थी बिदेसिने परिस्थितिको अन्त्य गर्नु नै आजको विद्यार्थी आन्दोलनको मुख्य चुनौती हो।

शिक्षा क्षेत्रमा व्याप्त व्यापारीकरण, निजीकरण, माफियाकरण र राजनीतिक भागबन्डाका कारण हाम्रा शैक्षिक संस्था लथालिंग र असफल सिद्ध भएका छन्। जसका कारण नयाँ पुस्ताका विद्यार्थीमा विश्वविद्यालयप्रति विकर्षण पैदा हुँदै आएको छ। हाम्रो शिक्षा गुणस्तरीय नहुँदा र यसले जीवनोपयोगी रोजगारीको प्रत्याभूति नगर्दा आज ठूलो मात्रामा पुँजी र प्रतिभा पलायन भइरहेको छ। यो प्रवृत्तिले आमजनजीवनमा ठूलो निराशा र असन्तुष्टि सिर्जना गरेको छ।

नेपालको संविधानले मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको शिक्षालाई वर्तमान सन्दर्भमा ढाल्नु आजको आवश्यकता हो। विश्वव्यापी रूपमा प्रतिस्पर्धी एवं सर्वसुलभ, गुणस्तरीय र रोजगारमूलक शिक्षा बनाउन विद्यमान शिक्षा प्रणालीमा सुधारको आवश्यकता छ। श्रम र प्राकृतिक स्रोत र साधनलाई उत्पादनसँग जोड्ने विषयगत, प्राविधिक र प्रादेशिक विश्वविद्यालय स्थापना गरेर शिक्षाको पुनर्संरचना गर्न सकिन्छ। सीपलाई उत्पादनसँग र ज्ञानलाई व्यवहारसँग जोड्ने प्राविधिक, स्वावलम्बी, रोजगारमूलक र वैज्ञानिक शिक्षा प्रणालीले मात्रै नेपालले विकास तथा समृद्धि हासिल गर्न सक्छ। अब विद्यार्थी आन्दोलनको मुख्य कार्यभार यही नै बन्नुपर्छ।

(पन्त अनेरास्ववियूका केन्द्रीय उपाध्यक्ष हुन्)

---

३ प्रश्न

केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) की निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक **किरण बज्राचार्य**लाई



ललितानिवास प्रकरणको अनुसन्धान सकेर प्रतिवेदन बुझाउनुभएको छ, यसमा सिआइबीको निष्कर्ष के छ ?

ललितानिवास परिसरको एक सय ४३ रोपनी ६ आना तीन पैसा तीन दाम जग्गा नेपाल सरकारको हो। गलत मनसाय राखी किर्ते कागजपत्रका आधारमा योजनाबद्ध र संगठित रूपमा सो जग्गा व्यक्तिका नाममा लगिएको हाम्रो अनुसन्धानको निष्कर्ष छ। सो जग्गा नेपाल सरकारको नाममा फिर्ता आउनुपर्छ।

प्रमुख निर्णयकर्तालाई चाहिं सिआइबीले जोगायो भन्ने आरोपमा के भन्नुहुन्छ ?

यसमा कसैलाई जोगाएको भन्न मिल्दैन। हामीले बुझाएको रायसहितको अनुसन्धान प्रतिवेदन मात्र हो। अभियोगपत्र अदालत पुगेको छैन। यस प्रकरणमा कसको के भूमिका छ भन्ने कुरा हामीले अनुसन्धानमा देखाएका छौँ, कसलाई अभियोग लगाउने या कसलाई नलगाउने भन्ने कुरा त अभियोगपत्र दर्ता गर्ने क्रममा निर्णय हुन्छ। त्यो निर्णय हुन बाँकी नै भएकाले अहिले नै कसैलाई जोगाइयो भन्न मिल्दैन।।

अनुसन्धानको क्रममा कत्तिको दबाब झेल्नुभयो ?

प्रेसरको कुरा गर्दा व्यापारिक, प्रशासनिक, राजनीतिक सबै क्षेत्रबाट स्वाभाविक रुपमा आउँछ नै। यति जटिल र जेलिएको घटनाको नेपाल प्रहरीबाट विगतमा सायदै यस्तो बृहत् अनुसन्धान भएको थियो होला। विभिन्न चुनौती र प्रतिकूलताका बाबजुद यो मुद्दालाई पूर्णता दिन सक्नु नेपाल प्रहरीको ठूलो सफलता हो। संकलित प्रमाणहरू बलियो भएकाले सो जग्गा नेपाल सरकारको नाममा आउँछ भन्नेमा हामी विश्वस्त छौँ।

प्रेरक प्रसंग

धनप्राप्तिका उपाय

आचार्य चाणक्यले आफ्नो चाणक्य नीतिमा धनप्राप्तिका लागि निम्न उपाय बताएका छन् :

पारिवारिक मेल : जुन घरको वातावरण लक्ष्मीको स्वागतका लागि पूर्णतः तयार हुन्छ, त्यस घरमा धनको कमी हुँदैन। जुन घरको वातावरणमा शान्ति हुन्छ, लक्ष्मी सोही घरमा प्रवेश गर्छिन्। परिवारका सदस्यबीच आपसी प्रेम र सद्भाव भएको घरमा मात्र लक्ष्मीको वास हुन्छ। जुन घरमा पति-पत्नीबीच प्रेमपूर्ण सम्बन्ध हुन्छ, लक्ष्मीलाई त्यही घरमा बस्न रमाइलो लाग्छ। परिणामतः उसको घरमा आर्थिक समृद्धिको आगमन हुन्छ।

मिठो भाषाको प्रयोग : लक्ष्मी रिसाउनु घरको आर्थिक स्थितिका लागि शुभ हुँदैन। यसबाट घरमा दरिद्रताको आगमन हुन्छ। जसको भाषा कठोर हुन्छ, जसले कटु शब्दको उपयोग गर्छ, उसले अरूका लागि पनि त्यस्तै शब्द या भाषाको प्रयोग गर्छ। त्यस्ता व्यक्तिलाई लक्ष्मीले कहिल्यै विश्वास गर्दिनन्। कटुभाषी मानिसको व्यापारदेखि जागिरसम्म कहीँ कतै कहिल्यै प्रगति हुँदैन। जसको बोली मिठो छ, जसले बोल्दा मधुर शब्दको प्रयोग गर्छ, त्यो व्यक्ति नै आर्थिक रूपमा समृद्ध हुन्छ। त्यसैले आर्थिक समृद्धिका लागि मिष्ठभाषा प्रयोग गर्नु जरुरी छ।

सहकर्मीसितको सुमधुर सम्बन्ध : जसले आफ्नो कार्यक्षेत्रका सहकर्मीसित सुमधुर सम्बन्ध बनाउन सक्छ, आर्थिक समृद्धि उसैलाई प्राप्त हुन्छ। सहकर्मीसित सहज तालमेल बनाउन सक्ने र उनीहरूलाई सम्मान गर्ने व्यक्तिदेखि लक्ष्मी खुसी हुन्छिन्। आफ्ना सहकर्मीको अधिकार र हितरक्षामा ध्यान दिने व्यक्तिले कहिल्यै धनहीन हुनुपर्दैन।

दान दिनमा उदारता : अभावमा परेकालाई आफ्नो गच्छेअनुसार दान दिनु पुण्यकर्म हो। चाणक्यका अनुसार सम्पन्न मानिसले अभावमा परेका मानिसलाई सहयोग गर्नैपर्छ। अरूलाई सहयोग गर्ने व्यक्तिलाई लक्ष्मीले पनि सहयोग गर्छिन्। अरूलाई सहयोग गर्न कन्जुस्याइँ गर्ने व्यक्तिसित लक्ष्मी पनि रिसाउँछिन्। त्यसैले समृद्धिका लागि अभावमा परेकालाई आआफ्नो गच्छेअनुसार सक्दो सहयोग गर्नुपर्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेताहरूको ध्यान जाओस्

देशका प्रमुख तीन ठूला दल कांग्रेस, एमाले र माओवादी भारततर्फ स्पष्ट देखिने गरी झुकिसकेको यी दलका सरकारले भारतसित गरेका सन्धि, सम्झौता; बाहिर देखिने र नदेखिने गरी गर्ने गरेका विभिन्न हर्कत तथा यिनका भावभंगिमाबाट प्रमाणित भइसकेको छ। एमसिसीमार्फत अमेरिका औपचारिक रूपले डरलाग्दो उपस्थिति जनाउने हैसियतमा पुगिसकेको छ। चीनले नेपालसित शान्त कूटनीति गरिरहेको, नेपाललाई भारतसित राम्रो सम्बन्ध बनाइराख्न असल सुझाब दिइरहेको अवस्थालाई नेपालका नेताहरूले बेवास्ता गरे, गलत बुझे वा उसको कमजोरी सम्झन पुगे। अर्कातर्फ भारतले यस अवस्थाबाट राम्रै फाइदा लियो। अब लामो समयसम्म यसैगरी शान्त बस्न नसक्ने अवस्थामा चीन पुगिसकेको देखिन्छ। प्रमुख दलका नेताहरूको यसतर्फ ध्यान जाओस्।

● पुष्पराज श्रेष्ठ
shrestha.pr115@gmail.com

मिल सञ्चालकलाई कारबाही गर

कञ्चनपुरमा रहेको भागेश्वर चिनी मिलले केमिकलयुक्त पानी नालामा मिसाइदिँदा त्यही पानी लागेको झन्डै दुई सय बिघा खेतको सम्पूर्ण धानबाली डढेको समाचार पढ्दा बडो दुःख लाग्यो। सर्वसाधारणको यति ठूलो क्षेत्रफलको धानखेती नष्ट गराएर मिल सञ्चालकले निकै ठूलो अपराध गरेका छन्। उनलाई पक्राउ गरेर तत्काल छानबिन गरी कानुनी कारबाही गरियोस्। साथै, धानबाली नष्ट भएका किसानलाई क्षतिपूर्तिसमेत प्रदान गरियोस्।

● समुद्र तामाङ
मैतीदेवी, काठमाडौं

महानगरको राम्रो निर्णय

काठमाडौं महानगरले खुलामञ्चलाई पार्कका रूपमा खुला गर्ने निर्णय गरेको सुन्दा खुसी लाग्यो। अब महानगरले त्यहाँ व्यवस्थित पार्क निर्माण गरेर त्यसलाई सञ्चालनको व्यवस्था मिलाउनुपर्छ। साथै, त्यहाँ बगैँचा निर्माण गर्नुका साथै, छानासहितका बस्ने उपयुक्त बेन्चहरू निर्माण गरिनुपर्छ। यसका साथै, पार्कभित्र विशेष सुविधासम्पन्न शौचालयसमेत बनाइनु पनि जरुरी छ। पार्कमा सामान्य व्यायामका साधन पनि राखिदिएमा सबै लाभान्वित हुने पक्का छ।

● अमृता नगरकोटी
महाबौद्ध, काठमाडौं

कस्तो बन्ला त आयोग ?

राजनीतिक दलबीच लामो रस्साकस्सीपश्चात् सुन तस्करीबारे छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्ने सहमति भएको देखिन्छ। तर, यो आयोग कति निष्पक्ष र फलदायी बन्न सक्छ भन्नेमा भने जनमानसमा थुप्रै प्रश्न उठ्ने गरेका छन्। जब मुलुकमा कानुन र विधिको शासन चल्ने र चलाउने परम्पराको सुरुआत हुन सक्दैन, तबसम्म यहाँ जेजति आयोग गठन भए पनि त्यसले मूर्तता पाउन सक्दैन। किनकि, मुलुकमा विगतदेखि नै विभिन्न आयोग गठन नभएका होइनन्। आयोग बने, तर सबै विवादास्पद भएरै थन्किए। यसपालि पनि त्यस्तै नहोला भन्न सकिन्न।

मुलुकमा जुन पार्टीको सरकार गठन भए पनि उनीहरूले सधैँ आफ्ना कार्यकर्तालाई जोगाउने, पार्टी संगठनलाई बचाउने परिपाटी चल्दै आएको छ। प्रशासनिक क्षेत्रमा पनि दबाब सिर्जना गरिन्छ। जिम्मेवारी पनि दिने, तर हातखुट्टा बाँधेर काम गर भन्दा कसरी न्यायिक हुन सक्ला ? मुलुकको सर्वोच्च अदालतबाट कसुरदार ठहरिएको व्यक्तिलाई त सत्तास्वार्थका निमित्त सौदाबाजी गर्नेहरूले यो आयोगलाई कसरी स्वतन्त्र भएर काम गर्ने वातावरण देलान् त ? कैयौँ अपराध र भ्रष्टाचारका कुरा उठ्दा त प्रभावकारी रूपमा न्यायिक निरुपण हुन सकेको छैन यहाँ। भोलि बन्ने आयोगले न्यायिक जाँचबुझ गर्दै जाँदा पार्टीका माथिल्लो निकायका नेता नै पर्न सक्ने अवस्थामा सुन तस्करीबारे छानबिन गर्न बन्ने आयोग पनि विगतका आयोगजस्तै माछो-माछो भ्यागुतो हुने पो हो कि ?

● **नारायणप्रसाद न्यौपाने**, बुढानीलकण्ठ-४, काठमाडौं
neupanenp024@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

एक प्रेमजोडीले हल्लाएको दक्षिण एसियाली राष्ट्रवाद

आप्रवासन अधिकारलाई कुण्ठित गर्ने राष्ट्रिय सीमाको वैधानिकतामाथि प्रश्न गरेपछि मात्र दक्षिण एसियाको राष्ट्रवादी राजनीतिलाई चुनौती दिन सकिन्छ



देश / विदेश

● नतासा रहेजा

दुई प्रेमीले शत्रु मुलुक भारत र पाकिस्तानको ध्यान खिचेका छन्। यही मे महिनामा २२ वर्षीय सचिन मीना र २७ वर्षीय सीमा गुलाम हैदरको नेपालमा पहिलो प्रेम मिलन भएको थियो। र, जोडीको भारत प्रवेशपछि गत महिना नोइडाको एक स्थानीय प्रहरी थानाले पाकिस्तानी नागरिक रहेकी सीमालाई अवैध रूपमा भारत प्रवेश गरेको भन्दै गिरफ्तार गर्‍यो। भारतको एक अदालतले सीमाले 'कुनै दुर्नियत राखेर भारतको सीमाभित्र प्रवेश नगरेको' भन्दै जमानत दियो। अनलाइन गेमिङ प्लेटफर्ममा भर्चुअल्ली भेट भएको यो जोडी दिल्लीनजिकको सहरमा बसोवास गर्छ। दुवैजनाले दैनिक सोधपुछ व्यहोर्दै न्यायिक फैसला कुर्दै गर्दा केहीले जोडीलाई 'खुसी पारिवारिक मिलन'को संज्ञा दिँदै छन् भने भारत र पाकिस्तानका दक्षिणपन्थी राष्ट्रवादी धम्कीको भाषा बोल्दै सीमालाई पाकिस्तान पुर्‍याउनुपर्ने माग गरिरहेका छन्।

प्रेमको धृष्टता : भारत र पाकिस्तान अलग मुलुक भएको ७६ वर्ष मात्रै भएको छ। अहिले पाकिस्तानीले भारतको र भारतीयले पाकिस्तानको भिसा पाउन ठूलो पापड बेल्नुपर्ने वेला दुई मुलुकका मानिस प्रेमबन्धनमा बाँधिएर एक ठाउँमा आउनु आफैँमा ठूलो उपलब्धि हो। गत महिना अन्जु नामकी भारतीय महिला फेसबुकमा माया बसेपछि नसुरुल्लाहसँग विवाह गर्न भारतीय सीमा पार गरेर पाकिस्तान पुगेकी थिइन्। प्रेमको धृष्टताले सीमाका बाँधलाई भत्काइदिएको छ।

तर, सीमा र सचिनको मिलनले प्रेमले सिमाना पार गर्छ भनेर मात्रै देखाएको छैन, यसले दुवै सीमामा रहने मानिस प्रेमलाई वर्जित गर्न चाहन्छन् भन्ने पनि देखाएको छ। सीमालाई सचिनसँगै भारतमा बस्ने मौका मिल्न सक्छ तर सबै प्रेमीजोडी भारत र पाकिस्तानको सीमा पार गर्न सक्दैनन्। भारत-पाकिस्तानको औपनिवेशिक सीमाले को नागरिक, को विदेशी वा को मूल, को आप्रवासी भनेर मानिसमाझ विभाजन ल्याइदिएको छ। साझा इतिहास भएका मुलुक नाता एवं सम्बन्धलाई टुक्र्याउने गरी पर्खाल ठड्याइरहेका छन्।

सचिन र सीमाको पहिलो मिलन युद्धस्थलको नक्कल गर्ने अनलाइन गेमिङ प्लेटफर्मबाट भएको हो भन्ने कुरा निकै प्रहसनात्मक र अस्वाभाविक लाग्छ। अहिले मुलुकहरू बढ्दो रूपमा एकअर्कासँग टाढा हुँदै गरिने युद्धमा संलग्न भइरहँदा सरहदले छुट्याएका मानिस डिजिटल स्क्रिनमा एकअर्कासँग साक्षात्कार गरिरहेका छन्। जीवन एक मिथ्याभास बनिरहेको छ। के सीमा र सचिन राष्ट्रवादीलाई निःशस्त्र पार्दै आपसी वैमनस्य मेटिरहेका छन् ? यदि नागरिकले नै प्रेमका लागि राष्ट्रको सीमा उल्लंघन गरिरहेका हुन् भने यी राष्ट्र कसका लागि ?

सीमा र सचिनको मिलनलाई प्रेमीहरूको विजय भन्ने हो भने यिनको प्रेमद्वेषीहरूका लागि खुराक पनि हो। र, सीमाको स्वागत र तिरस्कार दुवै भएको छ। सामाजिक सञ्जालमा भारतीयहरू सीमालाई पाकिस्तानी जासुसको संज्ञा दिइरहेका छन्। पाकिस्तानी पनि सीमाको सिन्धी पहिचान र हिन्दूमा परिणत भएको विषयलाई इंगित गर्दै भारतीय जासुसका रूपमा देख्छन्। के सचिन-एक हिन्दू पुरुषले सीमालाई सन्तुष्ट पार्न सक्छन् ? के सीमा, जसले आफूलाई परिवर्तन गरिन्, ती आफ्नो परिवारमा फिर्ता आउन सक्छिन् ? बहुसंख्यक पाकिस्तानी 'आफ्नी' महिलालाई गुमाएकामा क्रुद्ध छन् भने बहुसंख्यक भारतीय 'अर्काकी' महिलाको बफादारीमाथि प्रश्न गरिरहेका छन्। एक प्रेममा परेकी महिलाले दुवै भारतीय र पाकिस्तानीलाई सशंकित बनाएकी छिन्। दुवै मुलुकका राष्ट्रवादी विभिन्न संकेत



तस्बिर : सटरस्टक एआई

एवं भाष्यबाट एक किसिमको विदेशीद्वेष प्रकट गरिरहेका छन्। दुवै मुलुकका रंगीन झन्डाले दुवै मुलुकका राष्ट्रवादीलाई एकै ठाउँमा ल्याएको प्रतीत हुन्छ, अर्थात् यो समानताले पुरुषले महिलाको निर्णयलाई नियमन गर्छन् भनेर हामीलाई फेरि एकपटक सम्झाइदिएको छ।

महिलालाई आश्रय दिने पितृसत्तात्मक राज्य : मुलुक विभाजनयता दुवै मुलुकले आफूलाई एक पितृसत्तात्मक आश्रयदाता बनाएका छन्। सीमाले भारतलाई आफ्नो वैवाहिक घर हो भन्ने दलिलसाथ भारतमै रहन पाऊँ भनेर भारतीय राष्ट्रपतिसमक्ष याचिका पेस गरेकी छिन्। भारत सरकारले कम्तीमा अहिलेका लागि भए पनि पाकिस्तानी मुसलमान महिलालाई देशमा बस्न अनुमति दिने निर्णय राष्ट्रवादी सत्ताको वर्तमान समयमा हृदयस्पर्शी र चिन्ताजनक दुवै छ। पितृसत्तात्मक हिन्दू राष्ट्रवादी भारतमा अहिलेको परिदृश्यलाई उल्ट्याउँदा अर्थात् भारतीय हिन्दू महिलासँगको प्रेम गर्ने पाकिस्तानी मुसलमान पुरुषको स्वीकार्यतालाई कल्पना गर्न सकिन्थेन। त्यसैगरी पाकिस्तानलाई भारतीय हिन्दू पुरुष बेहुला स्वीकार्य हुन्थेन। अन्तरदेशीय आप्रवासनको अध्येताका नाताले मैले धर्म, जात, वर्ग, लैंगिकता, यौनिकता र राष्ट्रियताका आधारमा मात्रै मानिसलाई छनोट गरेर राज्यले स्विकार्छ भन्ने बुझेकी छु।

उसो त दक्षिण एसियाली लोकप्रिय संस्कृतिका केही सीमित आयाममा हिन्दू र मुसलमानको अन्तर-धार्मिक विवाहलाई रुचाइन्छ। जोधा-अकबर वा सैफ अली खान-करिना कपुर केही उदाहरण हुन्। दुर्भाग्य, अन्तर्जातीय र लैंगिक एवं यौन अल्पसंख्यकबीच हुने विवाह/प्रेम सम्बन्धको स्वीकृति राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यताको दायराभन्दा बाहिर छ।

राष्ट्रवादी राजनीतिले मानव निर्मित सीमाका पर्खाल कसले नाघ्न पाउँछ वा पाउँदैन भनेर तय गर्छ। नतिजा, 'यात्राको स्वतन्त्रता'मा ठूलो अन्तर देख्न सकिन्छ। जब हामी व्यक्तिको विचरणमाथि प्रश्न गर्न छोड्छौँ र हाम्रो आप्रवासन अधिकारलाई कुण्ठित गर्ने राष्ट्रिय सीमाको वैधानिकतामाथि प्रश्न गर्छौं, तब मात्रै हामी दक्षिण एसियाको राष्ट्रवादी राजनीतिलाई चुनौती दिन सक्छौँ। यसबीच सीमावारपार कसले गर्न पाउँछ र कसले पाउँदैन भन्ने राजनीतिमा हामीले ध्यान दिनुपर्छ। आशा गरौँ, सबै प्रकृतिका प्रेमीमाथि कुनै रोकटोक नहोस्।

(रहेजा कोर्नेल विश्वविद्यालयकी मानवशास्त्रकी उप-प्राध्यापक हुन्)

डनबाट

देखिन थाल्यो भारतको चामल निर्यात प्रतिबन्धको असर

धान उत्पादक र निर्यातक देशहरूले चामलको चरम अभाव हुन सक्ने आकलन गर्दै भण्डारण गर्न थालेका छन्



• सुपर्ना शर्मा

रुस गत महिना ब्ल्याक सी ग्रेन डिल (कृष्ण सागरबाट खाद्यान्न ओसारपसारसम्बन्धी सम्झौता)बाट बाहिरिएपछि भारतले जुलाई २० देखि गैरबास्मती चामलको निर्यातमा प्रतिबन्ध लगाएको छ। यसअघि गत वर्ष सेप्टेम्बरमा कनिका चामलको निर्यातमा लगाएको प्रतिबन्ध अहिले पनि कायमै छ। भारतको प्रतिबन्धको कारण घरेलु थिए- नजिकिँदै गरेको निर्वाचन र चाडबाडको मौसममा बढ्दो मूल्यवृद्धि, उच्च मुद्रास्फीति र जलवायु गतिविधि इल निनोका कारण चामलको अभाव हुने त्रासले भारतले निर्यात प्रतिबन्ध लगाएको थियो। धान-चामलको मूल्यमा वृद्धिसहित प्रतिबन्धको असर अहिले विश्वव्यापी रूपमै महसुस भइरहेको छ।

'यसअघि चामल प्रति मेट्रिकटन पाँच सय ५० डलरमा खरिद-बिक्री हुन्थ्यो। अहिले ६ सय ५० डलर प्रतिमेट्रिक टन आसपास छ,' भारतको शीर्ष धान-चामल निर्यातकमध्येको एक अलाम एग्री इन्डिया प्राइभेट लिमिटेडका वरिष्ठ उपाध्यक्ष नितिन गुप्ताले भने। विश्व चामल बजारमा भारतको भूमिका र चुनाव, जलवायु परिवर्तन र एल निनोले चामलको मूल्यवृद्धिलाई कसरी झन्-झन् जटिल बनाइरहेको छ भन्नेबारेको एक्सप्लेनर :

विश्वकै ठूलो निर्यातक

विश्वको सबैभन्दा ठूलो चामल निर्यातक राष्ट्र भारतले सन् २०२२ मा विश्वव्यापी चामल व्यापारको करिब ४० प्रतिशत हिस्सा ओगटेको थियो। उसले सो वर्ष एक सय ४० देशलाई नौ अर्ब ६६ करोड डलरबराबरको दुई करोड २० लाख टन चामल निर्यात गऱ्यो, जसमा ४५ लाख टन बास्मती, ८० लाख टन उसिना, ६० लाख टन गैरबास्मती सेतो चामल र ३५ लाख टन कनिका चामल थियो। आफ्नो अन्तर्राष्ट्रिय प्रतिबद्धताको आधा लक्ष्य पूरा गर्दै भारतले उसिना र बास्मती चामल निर्यात जारी नै राखेको छ, तर यो प्रतिबन्धपछि चामलको विश्वव्यापी मूल्यमा १५ देखि २५ प्रतिशतले वृद्धि भएको छ। यो प्रतिबन्धबाट नेपाल र बंगलादेशजस्ता विकासोन्मुख देश (जो सेतो चामलका लागि भारतमा निर्भर छन्) र बिनिन, सेनेगल, टोगो, मालीजस्ता अफ्रिकी देश (जसले सस्तो र सजिलै पेट भरिने कनिका चामल आयात गर्छन्) सबैभन्दा बढी प्रभावित भएका छन्।

युक्रेनमाथिको रुसी हमलाका कारण खाद्यान्नको अन्तर्राष्ट्रिय मूल्य यसअघि नै चुलिएको थियो। रसिया 'ब्ल्याक सी ग्रेन इनिसिएटिभ'बाट बाहिरिएपछि मूल्य थप उकालो लागेको छ। अब भारतको चामल प्रतिबन्धबाहेक जलवायु गतिविधि एल निनोले फसललाई असर गरेको अवस्थामा विश्वव्यापी चामल बिक्रीको ३० प्रतिशत हिस्सा ओगट्ने थाइल्यान्ड, भियतनाम र पाकिस्तानले पनि भारतकै सिको गरेर प्रतिबन्ध लगाउन सक्ने हुन् कि भन्ने डर व्याप्त छ। विश्वको आधाभन्दा बढी जनसंख्याको मुख्य खाद्यान्न चामलको अभावको असर गहुँ, सोयाबिन र मकैमा पर्ने व्यापारी र खाद्य वैज्ञानिकहरू बताउँछन्। यी अन्न चामलको सट्टामा मानव उपभोग र पशुलाई खुवाउन प्रयोग हुन्छन्। अन्य खाद्यवस्तुको माग र मूल्यमा मात्र होइन, इन्धनमा समेत यसको डोमिनो इफेक्ट (प्रभाव) देखिन सक्छ।

किनेर थुपार्ने होड

अमेरिका र क्यानडाका किराना पसलमा भारतीय चामल किन्न मानिसहरूको भिड लागेका भिडियोहरू भाइरल भएका छन्। बढ्दो मागलाई सम्बोधन गर्न अमेरिकाका केही स्टोरले 'प्रतिपरिवार एक प्याकेट(चामल)' को सीमा लगाएको रिपोर्टसमेत आएका छन्। यी ग्राहकमध्ये अधिकतर भात खाने बानी भएका प्रवासी भारतीय नै हुन्। विकसित बजारको चामलको ८० प्रतिशत उपभोग बास्मती चामलको हुने भएकाले यो मूल्यवृद्धि र खाद्यान्न अभावले ती बजारमा भान्छाको बजेटमा प्रत्यक्ष असर नपर्ने विज्ञहरू बताउँछन्। तर, 'मेना मार्केट' अर्थात् भारतीय प्रवासीको ठूलो समुदाय रहेको मध्यपूर्व र उत्तरी अफ्रिकाका साथै पश्चिम अफ्रिका र एसियाका केही देशमा यो मूल्यवृद्धिको असर चिन्ताजनक स्तरमा छ।

चिन्तित विकासोन्मुख देश

खाद्य बजेटको आधाभन्दा बढी हिस्सा चामलमा खर्च हुने नेपाल, बंगलादेश र अधिकांशजसो अफ्रिकी राष्ट्रलगायत एल निनो र अन्य जलवायु गतिविधिका कारण कृषि तथा मत्स्यपालन क्षेत्र प्रभावित भएका फिलिपिन्स र इन्डोनेसियाजस्ता देशमा सन्त्रास सुरुवात भएको छ।

'इन्डोनेसियामा एल निनोको प्रभाव एकदमै बलियो भएकाले मत्स्यपालन प्रभावित भइसकेको छ,' मेरिल्यान्ड विश्वविद्यालय तथा इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी बम्बेका पृथ्वी प्रणाली वैज्ञानिक एवं सेवानिवृत्त प्राध्यापक रघु मुर्तुगुड्डे भन्छन्, 'समुद्रमा ताप लहरले कोरलहरूलाई



■ चामल निर्यातमा भारतले किन प्रतिबन्ध लगायो ?

चामल आधाभन्दा बढी भारतीय जनसंख्याको मुख्य खाद्यान्न हो। भारतले बर्सेनि १३ करोड ५० लाख टन चामल उत्पादन गर्छ, जुन १० करोडदेखि १० करोड ५० लाखको आसपास रहेको घरेलु मागका लागि पुग्नेभन्दा बढी हो। यो आँकडामा देशको ८० करोड विपन्न नागरिकलाई सहुलियत दरमा वितरण गरिने चामल पनि समाविष्ट छ। 'खाद्यान्नको हाम्रो भण्डारको स्तर एकदमै सहज छ। हामीसँग सरकारी गोदाममा करिब चार करोड १० लाख टन चामल मौज्दात छ। हामीमा कुनै अभाव छैन। तर, अन्य सबै खाद्यान्नको मूल्यसँगै चामलको हाम्रो पनि घरेलु मूल्य बढ्दै गएको छ,' फिलिपिन्सस्थित इन्टरनेसनल राइस रिसर्च इन्स्टिच्युट (आइआरआरआई) का पूर्वप्रमुख वैज्ञानिक एवं अन्तर्राष्ट्रिय आलु केन्द्रका एसियाका लागि क्षेत्रीय निर्देशक समरेन्दु मोहन्तीले भन्छन्। युक्रेनमा रुसी युद्धका कारण विश्वव्यापी मूल्य बढ्दै गएपछि गत वर्ष भारतमा चामलको मूल्य १० प्रतिशतभन्दा बढी बढेको धेरै व्यापारी बताउँछन्। उनीहरूका अनुसार एल निनोको जारी र आगामी चक्रले धानबालीको उत्पादनलाई असर गरेको खण्डमा घरेलु मूल्यलाई सहज बनाउन पछिल्लो निर्यात प्रतिबन्ध लगाइएको हो। तर, घरेलु मूल्य निरन्तर उच्च रहेपछि भारत सरकारले गतसाता मूल्यलाई नियन्त्रण गर्ने प्रयासस्वरूप खुला बजारमा २५ लाख टन चामल पठाउने बताएको थियो। अर्को वर्ष मेमा हुने राष्ट्रिय निर्वाचनभन्दा पहिले पाँचवटा राज्यको चुनाव हुने भएकाले सत्तारुढ दलका लागि मूल्यलाई नियन्त्रण गरेर न्यून बनाइराख्नु राजनीतिक रूपमा महत्त्वपूर्ण छ। यस परिदृश्यमा भारतीय निर्यात प्रतिबन्ध निर्वाचन नसकिँदासम्म कायम रहने सम्भावना रहेको विज्ञ बताउँछन्।

क्षति पुऱ्याएको छ, मत्स्यपालन र पर्यटनलाई असर पारेको छ। मत्स्यपालन र पर्यटन प्रभावित भयो भने उनीहरूको चामल क्रयशक्ति पनि गुम्नेछ।' यसले अन्य वस्तुहरूको मूल्यलाई पनि प्रभावित पार्नेछ किनभने मानिसहरू माछाबाट मासुमा सर्नेछन्। 'त्यसपछि मासुको माग र मूल्य बढ्नेछ, फलस्वरूप गाईवस्तुको दानाको रूपमा प्रयोग हुने मकैको माग बढ्नेछ, जसले इथानोल (मकैबाट उत्पादन गरिने बायो इन्धन)को उत्पादनमा असर गर्छ र त्यसपछि इन्धनको मूल्य बढ्छ। इन्धनको मूल्यवृद्धिले यातायातलाई असर गर्छ, जसले तरकारीको मूल्य बढ्छ। विगतमा पनि यस्तो भएको छ,' मुर्तुगुड्डेले थपे।

भियतनाममा चामलको मूल्य १५ वर्षयताकै उच्च रहेको र भारतले प्रतिबन्ध घोषणा गरेपछि नेपालमा चामलको मूल्य १६ प्रतिशतले बढेको बताइएको छ। चीनपछि विश्वको दोस्रो ठूलो चामल आयातकर्ता फिलिपिन्सले टाइफुनलगायत चरम मौसमी घटनाहरूको सामना गरिरहेको छ। नेपाल र फिलिपिन्स दुवैले चामल ढुवानीका लागि अनुमति दिन भारत सरकारसँग आग्रह गर्ने बताएका छन्।

भारतले गतवर्ष कनिका चामलमा प्रतिबन्ध लगाएपछि सरकारी तह (जीरजी) को खरिदबिक्रीको एउटा उपाय मात्रै बाँकी थियो। त्यस योजनाअन्तर्गत उसले मानवीय आधारमा सेनेगल, इन्डोनेसिया र गाम्बियालाई करिब आठ लाख टन चामल निर्यात गऱ्यो। पछिल्लो प्रतिबन्धमा पनि खाद्य सुरक्षाको चिन्ता सम्बोधन गर्न जीरजी निर्यातको प्रावधानलाई खुलै राखेको छ। ओलम एग्री इन्डिया प्राइभेट लिमिटेडका नितिन गुप्ताका अनुसार भारत सरकारले कोटाका आधारमा सेतो चामल भारतबाहिर निकासीको अनुमतिको सकारात्मक संकेत दिएको छ। तर, अन्य विज्ञ निर्यातको मात्रा एकदमै थोरै, प्रक्रिया लामो र यसमा प्रायः वर्चस्व र राजनीति चल्ने गरेको बताउँछन्।

एल निनोले संकट थप बढाउला ?

विश्वमा धानको ९० प्रतिशत उत्पादन एसियाबाट हुन्छ। तर, एसियामा धानखेती विशेषगरी एल निनोका कारण जोखिममा छ। पूर्वी प्रशान्त महासागरको सतहको पानीको तापक्रमले निर्धारण हुने जलवायुको यो ढाँचाले भारी वर्षा र खडेरी दुवै बढाउँछ। मुर्तुगुड्डेले भने, '६० प्रतिशत समय भारत एल निनोबाट प्रभावित हुन्छ। तर, दक्षिणपूर्वी एसिया विशेषगरी इन्डोनेसियामा यसको शतप्रतिशत प्रभाव रहने गर्छ।' जलवायुविज्ञहरू नौदेखि १२ महिनासम्म रहन सक्ने एल निनोबाहेक विश्व तापमान सिर्जित चरम मौसमी घटनाहरू पनि रहेको बताउँछन्। 'पूरै देशमा अहिले मनसुन सुस्ताएको छ। एल निनोले मनसुनको स्थगनलाई विस्तार गर्छ। यो अगस्टमा एल निनोले लामो ब्रेक सिर्जना गर्छ कि गर्दैन हेर्नुछ, यदि गऱ्यो भने यसले वर्षामा गम्भीर अभाव सिर्जना गर्नेछ,' मुर्तुगुड्डेले भने। यसो भयो भने अर्को बालीलाई पनि नोक्सान पुऱ्याउनेछ।

अहिले भारतले अक्टोबर र डिसेम्बरको बीचमा काटिने धानको फसल १३ करोड ५० लाख टनजति हुने अपेक्षा गरेको छ, तर अगस्ट र सेप्टेम्बरको वर्षा धान बालीका लागि महत्त्वपूर्ण हुन्छ। भारतमा यो मनसुन वा बर्खे धानको बालीले कुल धान उत्पादनको लगभग ८० प्रतिशत हिस्सा ओगट्छ। यदि वर्षा कम भयो भने भारतमा खडेरीको स्थिति हुनेछ, जसले ३५ प्रतिशत धान उत्पादनलाई असर गर्न सक्छ भन्छन्।

सामान्यतया डिसेम्बरदेखि फेब्रुअरीसम्म उच्च रहने एल निनोले भारतको आगामी बाली (जुन अक्टोबर र डिसेम्बरको बीचमा रोपिन्छ) लाई असर गर्न सक्छ। यसले धान उत्पादक र निर्यातक देशहरूको चिन्ता बढाइरहेको छ। यसैले उनीहरूले अभाव हुने अनुमानमा भण्डारण गर्न थालेका छन्। 'उनीहरूले चामल निर्यातमा अस्थायी प्रतिबन्धबारे पनि सोचविचार गर्न सक्छन्। यसो भयो भने २००७ देखि २००८ को जस्तो अवस्था निम्तिनेछ। त्यसबखत भियतनामबाट सुरु भएको चामल प्रतिबन्धका कारण चामलको मूल्य केही महिनामै तीन गुणाले बढेको थियो,' मोहन्तीले भने। त्यस समय भारत र कम्बोडिया पनि चामल निर्यात प्रतिबन्धमा सामेल भएका थिए, जसले विश्वव्यापी चामल संकट निम्त्याएको थियो।

- अल जजिराबाट

तुइनमा अड्किएका सबैको उद्धार

इस्लामाबाद/ पाकिस्तानको खैबरपख्तुनख्वा प्रान्तको एक विकट पहाडी गाउँबाट विद्यालय जाने क्रममा तुइनमा अड्किएका दुईजना वयस्कसहित ६ जना बालबालिकाको सात घन्टापछि सकुशल उद्धार गरिएको छ। पाकिस्तानी सेनाका कमान्डोले उनीहरूको उद्धार गरेका हुन्। एउटा डोरीमा अड्किएको तुइनको नजिक हेलिकोप्टर उडाउँदा त्यसका पखेँटाले डोरी काटिने जोखिमलाई दृष्टिगत गरी कमान्डो प्रयोग गरिएका थिए। सेनाले अति जोखिमपूर्ण काम सफलतापूर्वक सम्पन्न गरेकामा कामचलाउ सरकारका प्रधानमन्त्री अन्वर उल अक ककारले सैनिक अधिकृतप्रति बधाई ज्ञापन नै गरे। तुइनको एउटा डोरी चुँडिएर अर्को डोरीको भरमा आकाशमा नै आठजना अड्किएको खबर स्थानीय सञ्चारमाध्यमले बिहान सात बजेदेखि प्रकाशन-प्रसारण गरेका थिए। त्यसपछि घर, पसल, चमेनागृह, मल, कार्यालय सबैतिर उनीहरूको उद्धार कहिले र कसरी हुन्छ भन्ने जिज्ञासाका साथ देशभर चासो छाएको थियो।

इतिहासमा आज



सन् १९९१: तत्कालीन सोभियत राष्ट्रपति मिखाइल गोर्बाचेभले सोभियत संघ कम्युनिस्ट पार्टीको महासचिव पदबाट राजीनामा दिए।

सन् २००६ : इन्टरनेसनल एस्ट्रोनोमिकल युनियन(आइएयू) ले आजकै दिन यम(प्लुटो) को ग्रहको दर्जा खोसेर त्यस आकाशीय पिण्डलाई 'पुड्को ग्रह'को दर्जा दिए।

सन् १९६३ : अमेरिकी विदेश मन्त्रालयले साइगनस्थित दूतावासमा सन्देश पठाउँदै तत्कालीन दक्षिण भियतनामी राष्ट्रपति न्गो दिन्ह दियमले उनका भाइलाई राजनीति सल्लाहकारको पदबाट नहटाए नयाँ नेतृत्वको विकल्प हेर्न बाध्य हुने धम्की दियो। सो पत्रले दियमविरुद्धको कुको आधार तयार गरेको थियो।

सन् १९५४ : अमेरिकाले देशको कम्युनिस्ट पार्टीलाई प्रतिबन्ध लगायो।

सन् १९२९ : प्यालेस्टाइनी स्वतन्त्रता सेनानी यासिर अराफातको जन्मदिन।

सन् १८९१ : थोमस एडिसनले आजकै दिन मोसन पिक्चर (चलचित्र) क्यामेराको प्याटेन्टका लागि दर्ता गरे।

सन् १८१४ : ब्रिटिस फौजले वासिंटन डिसी कब्जा गरेर सहरमा आगजनी गरिदियो। अमेरिकाले यसअघि टोरन्टोस्थित क्षेत्रीय संसद् भवनमा आगजनी गरेको प्रतिशोधमा उक्त आगजनी गरिएको थियो।

विश्व संक्षेप

थाइल्यान्डका नयाँ प्रधानमन्त्री थाभिसिनद्वारा पदभार ग्रहण



बैंकक/ थाइल्यान्डका नयाँ प्रधानमन्त्री बनेका मोगुल श्रेथा थाभिसिनले बुधबार पदभार ग्रहण गरेका छन्। पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रा १५ वर्षे निर्वासनबाट स्वदेश फर्केको केही घन्टापछि उनको पार्टी फेउ थाईका नेता ६१ वर्षीय थाभिसिन मंगलबार संसदीय मतदानबाट प्रधानमन्त्री चुनिएका थिए। थाक्सिनलाई भने विमानस्थलमा पक्राउ गरेर भ्रष्टाचारको पुरानो मुद्दाका लागि तत्काल जेल चलान गरिएको छ। थाइल्यान्डको स्थानीय समयानुसार मंगलबार साँझ ६ :०० बजे फेउ थाई मुख्यालयमा आयोजित एक समारोहमा श्रेथाले राजा-महा-बजिरालोङकोर्नको सरकार गठनको लिखित आदेश प्राप्त गरेका थिए। देशको सैन्य संस्थापनप्रतिको युवा तथा सहरी असन्तोषको लहरका कारण गत मे महिनामा भएको चुनावमा प्रगतिशील मुभ फरवार्ड पार्टी (एमएफपी) र पपुलिस्ट फेउ थाई क्रमशः पहिलो र दोस्रो पार्टी भएका थिए।

अमेरिकी डलरको प्रभुत्व अन्त्य गर्ने प्रस्ताव

ब्रासिलिया/ ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले बुधबार अमेरिकी डलरको प्रभुत्वको सामना गर्न ब्रिक्स मुलुकहरूको अलग साझा मुद्रा बनाउन आह्वान गरे। 'ब्रिक्स बिजनेस फोरम लिडर्स डायलग'मा बोल्ने क्रममा लुला दा सिल्भाले ब्रिक्स राष्ट्रबीच व्यापारका लागि साझा मुद्रा निर्माण गरेमा अन्तर्राष्ट्रिय बजारमा अमेरिकी डलरको प्रभावसँग जुध्न सहज हुने बताए। उनले उदीयमान राष्ट्रबीचको व्यापारलाई सहज बनाउन साझा मुद्रा आवश्यक रहेको बताए। 'हामी ब्रिक्स एक बहुपक्षीय संस्था बनोस् भन्ने चाहन्छौं, न कि कुनै विशेष क्लब,' दा सिल्भाले भने। लुलाले गत अप्रिलदेखि नै व्यापारमा अमेरिकी डलरको निर्भरता कम गर्न साझा क्षेत्रीय मुद्रा वा यस्तै संयन्त्र सिर्जना गर्ने प्रस्ताव गर्दै आएका छन्।

नार्पा भूमि गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
च्याँखु, मनाङ, गण्डकी प्रदेश, नेपाल
Email: info@narpabhumimun.gov.np

सूची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०।०५।०७

यस गाउँपालिकामा आ.व. २०८०।०८१ का लागि आवश्यक निम्नानुसारका सामान तथा सेवाहरु आपूर्ति गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ (संशोधन सहित) मा भएको व्यवस्था अनुसार छुट्टाछुटै सूची दर्ताको लागि इच्छुक व्यक्ति, संस्था, फर्म वा कम्पनीहरुवाट तपसिलमा उल्लेखित कगजात सहित यस कार्यालयमा रितपूर्वक निवेदन पेश गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

क) खरिद तथा आपूर्तितर्फ
१. मसलन्द तथा कार्यालय सामान
२. मेसिनरी उपकरण (कम्प्युटर, फोटोकपी, युपियस तथा इलेक्ट्रोनिक्स सामान)
३. इलेक्ट्रिकल सामान
४. पिउने पानी
५. छपाई सम्बन्धी कार्य
६. फर्निचर तथा फर्निसिङ
७. सार्वजनिक निर्माण
८. चमेनागृह सञ्चालन
९. पत्रपत्रिका तथा पुस्तक
१०. मोटर गाडी तथा मोटरसाईकल पाटपूर्जा
११. स्वास्थ्य उपकरण तथा औषधी
१२. कृषि उपजको वीउ वीजन तथा सामाग्री
१३. पशु स्वास्थ्यको औषधी तथा सामाग्री

ख) मर्मत तर्फ
१. सवारी साधन (मोटर गाडी, एक्साभेटर र मोटरसाईकल)
२. कम्प्युटर, फोटोकपी, प्रिन्टर फ्याक्स, स्क्यानर, युपियस आदि
३. इलेक्ट्रोनिक्स सामान
४. भवन तथा भौतिक संरचना
५. फर्निचर

ग) सेवा
१. कम्प्युटर तालिम
२. अंग्रेजी भाषासम्बन्धी तालिम तथा अन्य विभिन्न तालिमहरु संचालन
३. सरसफाई, वगैचा सम्भार
४. हवाई टिकट र अन्य टिकटहरु
५. सूचना, विज्ञापन प्रकाशन/प्रसारण

घ) परामर्शदाता वा सेवा
१. सफ्टवेयर निर्माण
२. सूचना प्रविधि सम्बन्धी विभिन्न परामर्श सेवा
३. अन्य विविध परामर्श सेवा

दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु
१. संस्था वा फर्म दर्ता प्रमाणपत्र एवं नविकरण गरेको व्यवसायिक इजाजतपत्रको छायाँप्रति
२. स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको छायाँप्रति (मू.अ.करमा दर्ता हकमा सो को आधिकारिक कागजातको छायाँ प्रति)
३. आ.व. २०७८।०७९ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति

माथि उल्लेखित सामान, मर्मत, सेवा जस्ता प्रत्येक विषयको छुट्टाछुट्टै दरखास्त दर्ता गराउनुपर्नेछ। रीत नपुगी आएको दरखास्तलाई मान्यता दिइने छैन। प्राप्त दरखास्तहरु स्वीकृत गर्ने नगर्ने अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ।

प्रमुख प्रशासकीय अधिकृत

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०५/०७ गतेका नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

लहान घण्टाघर चोक शाखा, सिराहा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहामा प्रा.फ.नं.घ.उ.सि. ५०७९ अन्तर्गत मिति २०६९/०४/१० मा दर्ता कायम भएको **एस.एच.ए. निर्माण सेवा** फर्म दर्ता ठेगाना : लहान न.पा - ५ , सिरहा स्थायी लेखा नं. ३०३६३९२८२ मिति २०६९/०४/१० **प्रोप्राइटर तथा जमानतकर्ता : मोहम्मद अब्दुल सकुर** ना.प्र.नं. १५८९३९४२४६ जारी मिति २०५६/०५/१८ ई.प्र.का. लहान, सिराहा बाबुको नाम : मोहम्द मुस्लीम साकिर बाजेको नाम : पल्ट मिया स्थायी ठेगाना : सितापुर प्र.ध.- ५, सिराहा **कर्जा शिर्षक : सवारीसाधन कर्जा**	**गुल्शन खातुन** ना.प्र.नं. १५३०११/११८ जारी मिति २०६३/११/२२ जि.प्र.का. सिराहा बाबुको नाम : मो. अब्दुल सकुर पतिको नाम : मोहम्मद अब्दुल सकुर ससुराको नाम : मोहम्द मुस्लीम साकिर स्थायी ठेगाना : सितापुर प्र.ध.- ५, सिराहा

परासी शाखा, नवलपरासी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
अनिता थापा मगर ना.प्र.नं. ३६-०१-७३-०७४८९ जारी मिति २०७३/११/२४ जि.प्र.का. नवलपरासी बाबुको नाम : चन्द्र बहादुर गुरुङ पतिको नाम : भिम बहादुर थापा मगर ससुराको नाम : रविलाल थापा मगर स्थायी ठेगाना : बन्जरिया-९,, नवलपरासी **कर्जा शिर्षक : आवधिक कर्जा**	**भिम बहादुर थापा मगर** ना.प्र.नं: ८४५५६ जारी मिति २०६२/०९/१२ जि.प्र.का. नवलपरासी बाबुको नाम : रविलाल थापा मगर बाजेको नाम : तिले थापा मगर स्थायी ठेगाना : बन्जरिया-१, नवलपरासी

गुलरिया शाखा, बर्दिया

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बर्दियामा प्रा.फ.र.नं. ६२३/८०१/०७५/०७६ अन्तर्गत मिति २०७५/०९/१८ मा दर्ता कायम भएको **स्वाती गल्ला ट्रेडर्स** फर्म दर्ता ठेगाना : गुलरिया न.पा. वडा नं ०८, बर्दिया स्थायी लेखा नं. ६०१९४१२८३ मिति २०७५/१०/०९ **प्रोप्राइटर : शंकर बनिया** ना.प्र.नं. ६५३००१-२५१७ जारी मिति २०६३/११/०७, जि.प्र.का. बर्दिया बाबुको नाम : राधेश्याम बनिया बाजेको नाम : रामेश्वर बनिया स्थायी ठेगाना : गुलरिया न.पा. वडा नं ११, बर्दिया **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**संगिता बनिया** ना.प्र.नं. ६५-०१-७३-०३१७८ जारी मिति २०७३/०४/३० जि.प्र.का. बर्दिया बाबुको नाम : जवाहर पतिको नाम : शंकर बनिया ससुराको नाम : राधेश्याम बनिया स्थायी ठेगाना : गुलरिया न.पा. वडा नं ११, बर्दिया

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं. १)

ऋणीहरुको विवरण

१) राधिका चम्लागाई
स्थायी ठेगाना: इलाम जिल्ला, एकतप्पा गा.वि.स. वडा नं. ८
हालको ठेगाना: काठमाडौं जिल्ला, ताकेश्वर न.पा. वडा नं. ९
बाबु: दुर्गा प्रसाद शर्मा चम्लागाई
ससुरा: हरि बहादुर
पति: प्रल्हाद कुमार थापा

२) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १४२३७३/०७२/०७३ अन्तर्गत मिति २०७२/०८/२१ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, तार्केश्वर न.पा. वडा नं. ९ स्थित **राधा हेल्थ केयर सेन्टर प्रा.लि.**

संचालक तथा जमानीकर्ता: राधिका चम्लागाई
स्थायी ठेगाना: इलाम जिल्ला, एकतप्पा गा.वि.स. वडा नं. ८
हालको ठेगाना: काठमाडौं जिल्ला, ताकेश्वर न.पा. वडा नं. ९
बाबु: दुर्गा प्रसाद शर्मा चम्लागाई
ससुरा: हरि बहादुर
पति: प्रल्हाद कुमार थापा

जमानीकर्ताहरुको विवरण

१) प्रल्हाद कुमार थापा स्थायी ठेगाना: ललितपुर जिल्ला, इमाडोल गा.वि.स. वडा नं. ९ हालको ठेगाना: काठमाडौं जिल्ला, ताकेश्वर न.पा. वडा नं. ९ बाबु: हरि बहादुर बाजे: वखत बहादुर थापा	**२) विशाल थापा** स्थायी ठेगाना: काठमाडौं जिल्ला, ताकेश्वर न.पा. वडा नं. ४ हालको ठेगाना: काठमाडौं जिल्ला, ताकेश्वर न.पा. वडा नं. ९ बाबु: प्रल्हाद कुमार थापा बाजे: हरि बहादुर

धितोको विवरण

१) दुर्गा प्रसाद शर्मा चम्लागाईकी छोरी, हरि बहादुरकी बुहारी, प्रल्हाद कुमार थापाकी पत्नि इलाम जिल्ला, एकतप्पा गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, ताकेश्वर न.पा. वडा नं. ९ बस्ने राधिका चम्लागाईको नाममा मालपोत कार्यालय साँखु, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, भद्रवास गा.वि.स. वडा नं. ६ (हाल कागेश्वरी मनोहरा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३५५ को क्षेत्रफल ३९७.३८ (व.मि.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) दुर्गा प्रसाद शर्मा चम्लागाईकी छोरी, हरि बहादुरकी बुहारी, प्रल्हाद कुमार थापाकी पत्नि इलाम जिल्ला, एकतप्पा गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, ताकेश्वर न.पा. वडा नं. ९ बस्ने राधिका चम्लागाईको नाममा मालपोत कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, पिठौली गा.वि.स. वडा नं. ७ (हाल कावासोती न.पा. वडा नं. ११) स्थित कित्ता नं. ४७१ को क्षेत्रफल ३०४७.२५ (व.मि.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) राधा हेल्थ केयर सेन्टर प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

क्र.सं. २)

ऋणीको विवरण

१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता नं. १९८५५६/०७५/०७६ अन्तर्गत मिति २०७५/०५/२८ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ स्थित **श्री आदित्य बि.एण्ड बि. कन्स्ट्रक्सन प्रा.लि.**

अध्यक्ष तथा जमानतकर्ता: भुपाल बुढाथोकी
स्थायी ठेगाना : झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं.०७
हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३
बाबु : अमृत बहादुर बुढाथोकी
बाजे : जगत बहादुर बुढाथोकी

धितोको विवरण

१) दल बहादुर बुढाथोकीको नाति, जगत बहादुर बुढाथोकीको छोरा, तेह्रथुम जिल्ला, जलजले गा.वि.स. वडा नं.०९ स्थायी ठेगाना भई हाल झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बस्ने अमृत बहादुर बुढाथोकीको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं.०८ (हाल विर्तामोड न.पा. वडा नं. ३), स्थित कित्ता नं. २० को क्षेत्रफल ९१५ (ब.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) श्री आदित्य बि.एण्ड बि. कन्स्ट्रक्सन प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) अमृत बहादुर बुढाथोकी स्थायी ठेगाना : तेह्रथुम जिल्ला, जलजले गा.वि.स. वडा नं. ९ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : जगत बहादुर बुढाथोकी बाजे : दल बहादुर बुढाथोकी	**२) लिला माया कार्की** स्थायी ठेगाना : झापा जिल्ला, अनारमनी गा.प. वडा नं. ७ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : मान बहादुर कार्की ससुरा : जगत बहादुर बुढाथोकी पति : अमृत बहादुर बुढाथोकी	**३) मेनुका गुरागाई** स्थायी ठेगाना : ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स वडा नं. १ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : तिलचन गुरागाई ससुरा : अमृत बहादुर बुढाथोकी पति : भुपाल बुढाथोकी

ऋणीको विवरण

२) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा प्रा.फ.नं.घ.उ.वि. ४६४/८०१/११७४४ अन्तर्गत मिति २०७१/११/२७ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ९ स्थित **महा लक्ष्मी स : मिल**

प्रोप्राईटर तथा जमानीकर्ता: भुपाल बुढाथोकी
स्थायी ठेगाना : झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७
हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३
बाबु : अमृत बहादुर बुढाथोकी
बाजे : जगत बहादुर बुढाथोकी

धितोको विवरण

१) जगत बहादुर बुढाथोकीको नाति, अमृत बहादुर बुढाथोकीको छोरा, झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बस्ने भुपाल बुढाथोकीको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनार मनी गा.वि.स.वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं. ३), स्थित कित्ता नं. १३०७ को क्षेत्रफल ३६० (ब.मि) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) महा लक्ष्मी स : मिल को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Gods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताको विवरण

१) मेनुका गुरागाई
स्थायी ठेगाना : ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स वडा नं. १
हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३
बाबु : तिलचन गुरागाई
ससुरा : अमृत बहादुर बुढाथोकी
पति : भुपाल बुढाथोकी

ऋणीको विवरण

३) भुपाल बुढाथोकी
स्थायी ठेगाना : झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७
हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३
बाबु : अमृत बहादुर बुढाथोकी
बाजे : जगत बहादुर बुढाथोकी

धितोको विवरण

जगत बहादुर बुढाथोकीको नाति, अमृत बहादुर बुढाथोकीको छोरा, झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बस्ने भुपाल बुढाथोकीको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं. ३), स्थित कित्ता नं. १४६०, १४७२, १४६१, १४७३, १४६२ र १४७४ को क्षेत्रफल क्रमश : २११.००, २१२.००, २११.००, २११.००, २०९.००, र २१०.०० (ब.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) अमृत बहादुर बुढाथोकी स्थायी ठेगाना : तेह्रथुम जिल्ला, जलजले गा.वि.स. वडा नं. ९ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : जगत बहादुर बुढाथोकी बाजे : दल बहादुर बुढाथोकी	**२) लिला माया कार्की** स्थायी ठेगाना : झापा जिल्ला, अनारमनी गा.प. वडा नं. ७ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : मान बहादुर कार्की ससुरा : जगत बहादुर बुढाथोकी पति : अमृत बहादुर बुढाथोकी	**३) मेनुका गुरागाई** स्थायी ठेगाना:ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स वडा नं. १ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : तिलचन गुरागाई ससुरा : अमृत बहादुर बुढाथोकी पति : भुपाल बुढाथोकी	**४) प्रकाश बुढाथोकी** स्थायी ठेगाना: झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ हालको ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ३ बाबु : अमृत बहादुर बुढाथोकी बाजे : जगत बहादुर बुढाथोकी

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र मिति २०८०/१/५ को राष्ट्रिय स्तरको दैनिक पत्रिका "नागरिक" मा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा मिति २०८०/४/२३ को राष्ट्रिय स्तरको दैनिक पत्रिका "अन्नपूर्ण पोष्ट" मा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं. १)

ऋणीको विवरण

१) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, विराटनगर मोरङ्गमा प्रा.फ.नं. २८२५८, अन्तर्गत मिति २०७३/०२/२३ मा प्राइभेट फर्म र जिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. ५, मा स्थित **ॐ शुभ लक्ष्मी अटो ट्रेडर्स**

प्रोप्राइटर तथा जमानीकर्ता: डिल्लीराज बस्नेत
स्थायी ठेगाना : मोरङ्ग जिल्ला, कसेनी गा.वि.स वडा नं ७
हालको ठेगाना : मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं ५,
बाबु : छत्र बहादुर बस्नेत
बाजे :जनक बहादुर बस्नेत

धितोको विवरण

डम्बर बहादुर कार्कीको छोरी, छत्र बहादुर बस्नेतकी बुहारी, डिल्लीराज बस्नेतको पत्नि, मोरङ जिल्ला, कसेनीगा गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ५ बस्ने लिला कुमारी बस्नेतको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, कसेनी गा.वि.स. वडा नं. ७/घ स्थित कित्ता नं. ४३८ र कसेनी गा.वि.स. वडा नं. ९/ङ स्थित कित्ता नं.१२६ को क्षेत्रफल क्रमश: ०-३-६१/२, र ०-४-१३१/२ (विगाहा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) बिबेक राज बस्नेत स्थायी ठेगाना : मोरङ जिल्ला, बेलबारी न.पा. वडा नं. ५ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ५, बाबु : डिल्लीराज बस्नेत बाजे : छत्र बहादुर बस्नेत	**२) लिला कुमारी बस्नेत** स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनी न.पा. वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ५ बाबु : डम्बर बहादुर कार्की ससुरा : छत्र बहादुर बस्नेत पति: डिल्लीराज बस्नेत

ऋणीको विवरण

२) निर्मल बस्नेत
स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनी गा.वि.स वडा नं. ७
हालको ठेगाना: मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ३
बाबु : राम बहादुर बस्नेत
बाजे : जनक बहादुर बस्नेत

धितोको विवरण

सनमान बस्नेतको नाति, जनक बहादुर बस्नेतको छोरा, मोरङ जिल्ला, कसेनीगा गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ३ बस्ने श्री राम बहादुर बस्नेतको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, कसेनी गा.वि.स. वडा नं. ७/घ स्थित कित्ता नं. ५९ को क्षेत्रफल ०-१०-० (विगाहा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) राम बहादुर बस्नेत स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनीगा गा.वि.स वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ३ बाबु : जनक बहादुर बस्नेत बाजे : सनमान बस्नेत	**२) देवी माया बस्नेत** स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनी गा.वि.स वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ३ बाबु : कपिल मणि दाहाल ससुरा : जनक बहादुर बस्नेत पति : राम बहादुर बस्नेत

ऋणीको विवरण

३) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंजमा प्रा.फ.र.नं. ९९०/०७७/०७८ अन्तर्गत मिति २०७७/०४/२५ मा साझेदारी ऐन २०२० बमोजिम दर्ता भएको मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ४ स्थित **श्री कृष्ण सप्लायर्स**

साझेदारीहरुको नाम
१. सुर्य बहादुर दाहाल
२. डिल्लीराज बस्नेत
३. श्याम बहादुर चौहान

धितोको विवरण

१) शेर बहादुर दाहालको नाति, चोल बहादुर दाहालको छोरा, मोरङ जिल्ला होक्लाबारी गा.वि.स वडा नं १ स्थायी ठेगाना भइ हाल मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं १ बस्ने सुर्य बहादुर दाहालको नाममा मालपोत कार्यालय मोरङ लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं १, स्थित कित्ता नं. ४३२५ र ४३२६ को क्षेत्रफल क्रमश: ०-०-११-० र ०-०-९-० (विगाहा)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) किर्ती बहादुर कार्कीकी छोरी, जित बहादुर चौहानकी बुहारी, श्याम बहादुर चौहानकी पत्नि, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. २२ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला,विराटनगर म.न.पा. वडा नं. १ बस्ने अनु कार्की (चौहान) नाममा मालपोत कार्यालय मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ६ स्थित कित्ता नं. ३३०८ को क्षेत्रफल ०-०-१० (विगाह) र शोरावाग गा.वि.स. वडा नं.३ स्थित कित्ता नं.८००, ८०१, ८०२, ८०३ र ८०४ को क्षेत्रफल क्रमश: १२६.९७, १२६.९७, १६९.३, १६९.३ र ५०७.९३ (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) जनक बहादुर बस्नेतको नाति, छत्र बहादुर बस्नेतको छोरा, मोरङ जिल्ला, कसेनीगा गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं १, बस्ने श्री डिल्ली राज बस्नेतको नाममा मालपोत कार्यालय मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला डांगीहाट न.पा. वडा नं.४ ण स्थित कित्ता नं. ८५६ क्षेत्रफल ०-२-०-० को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
४) श्री कृष्ण सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) रेखा घिमिरे स्थायी ठेगाना: सुनसरी जिल्ला इझाह गा.वि.स. वडा नं ६ हालको ठेगाना: मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं १ बाबु : कृष्ण बहादुर घिमिरे ससुरा: चोल बहादुर दाहाल पती :सुर्य बहादुर दाहाल	**२) डिल्लीराज बस्नेत** स्थायी ठेगाना: मोरङ जिल्ला कसेनी गा.वि.स वडा नं ७ हालको ठेगाना: मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं १ बाबु : छत्र बहादुर बस्नेत बाजे : जनक बहादुर बस्नेत	**३) सुर्य बहादुर दाहाल** स्थायी ठेगाना: मोरङ जिल्ला होक्लाबारी गा.वि.स वडा नं १ हालको ठेगाना: मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं १ बाबु : चोल बहादुर दाहाल बाजे : शेर बहादुर दाहाल
४) श्याम बहादुर चौहान स्थायी ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा वडा नं १० हालको ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा वडा नं १ बाबु : जीत बहादुर चौहान बाजे : जनक बहादुर चौहान	**५) अनु कार्की** स्थायी स्थायी: मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. २२ हाल ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा वडा नं १ बाबु : किर्ती बहादुर कार्की ससुरा : जीत बहादुर चौहान पति : श्याम बहादुर चौहान	**६) लिला कुमारी बस्नेत** स्थायी ठेगाना : मोरङ्ग जिल्ला, कसेनी गा.वि.स. वडा नं ७ हालको ठेगाना: मोरङ्ग जिल्ला, विराटनगर म.न.पा वडा नं ५ बाबु : डम्बर बहादुर कार्की ससुरा : छत्र बहादुर बस्नेत पति : डिल्लीराज बस्नेत

ऋणीको विवरण

४) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय सा.फा.नं. ७५७ अन्तर्गत मिति २०७२/०९/३० मा साझेदारी ऐन, २०२० बमोजिम दर्ता भएको मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं ५, स्थित **जय माँ लक्ष्मी ट्रेडर्स**

साझेदारहरु
१. डिल्ली राज बस्नेत
२. श्याम बहादुर चौहान
३. सुर्य बहादुर दाहाल
४. राम बहादुर बस्नेत

धितोको विवरण

१. सनमान बस्नेतको नाति, जनक बहादुर बस्नेतको छोरा, मोरङ जिल्ला, कसेनीगा गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ३ बस्ने श्री राम बहादुर बस्नेतको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, कसेनी गा.वि.स. वडा नं. ७/घ स्थित कित्ता नं. ५९ को क्षेत्रफल ०-१०-० (विगाह) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२. जनक बहादुर बस्नेतको नाति, राम बहादुर बस्नेतको छोरा, मोरङ जिल्ला, कसेनीगा गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ३ बस्ने श्री निर्मल बस्नेतको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, डागीहाट गा.वि.स. वडा नं. ४/ठ स्थित कित्ता नं. २३०० को क्षेत्रफल ०-१-१०-० (विगाह) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) जय माँ लक्ष्मी ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) डिल्ली राज बस्नेत स्थायी ठेगाना : मोरङ्ग जिल्ला, कसेनी गा.वि.स. वडा नं ७ हालको ठेगाना : मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं ५, बाबु : छत्र बहादुर बस्नेत बाजे : जनक बहादुर बस्नेत	**२) सुर्य बहादुर दाहाल** स्थायी ठेगाना : मोरङ्ग जिल्ला, होक्लावारी गा.वि.स. वडा नं १ हालको ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा वडा नं १ बाबु : चोल बहादुर दाहाल बाजे : शेर बहादुर दाहाल	**३) निर्मल बस्नेत** स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनी गा.वि.स वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं.३ बाबु : राम बहादुर बस्नेत बाजे : जनक बहादुर बस्नेत
४) श्याम बहादुर चौहान स्थायी ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा वडा नं १० हालको ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा वडा नं १ बाबु : जीत बहादुर चौहान बाजे : जनक बहादुर चौहान	**५) लिला कुमारी बस्नेत** स्थायी ठेगाना : मोरङ्ग जिल्ला, कसेनी गा.वि.स. वडा नं ७ हालको ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा वडा नं ५ बाबु : डम्बर बहादुर कार्की ससुरा : छत्र बहादुर बस्नेत पति : डिल्लीराज बस्नेत	**६) देवी माया बस्नेत** स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनी गा.वि.स वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ३ बाबु : कपिल मणि दाहाल ससुरा : जनक बहादुर बस्नेत पति : राम बहादुर बस्नेत
७) रेखा घिमिरे स्थायी ठेगाना : सुनसरी जिल्ला, इझाहा गा.वि.स. वडा नं ६ हालको ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा वडा नं १ बाबु : कृष्ण बहादुर घिमिरे ससुरा : चोल बहादुर दाहाल पति : सुर्य बहादुर दाहाल	**८) अनु कार्की** स्थायी स्थायी : मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. २२ हाल ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा वडा नं १ बाबु : किर्ती बहादुर कार्की ससुरा : जीत बहादुर चौहान पति : श्याम बहादुर चौहान	**९) राम बहादुर बस्नेत** स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनीगा गा.वि.स वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ३ बाबु : जनक बहादुर बस्नेत बाजे : सनमान बस्नेत

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार ७ भदौ ०८०

प्राइभेट कम्पनी पब्लिक हुनासाथ सेयर जारी गर्न पाउने

भोजराज भण्डारी/नयाँ पत्रिका

प्राइभेट कम्पनीबाट पब्लिकमा रूपान्तरण हुनासाथ सेयर जारी गर्न पाउने गरी धितोपत्र बोर्डले नियमावली संशोधन गरेको छ। बुधबार बसेको मन्त्रिपरिषद् बैठकले धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा ११६ उपदफा १ बमोजिम नेपाल धितोपत्र बोर्डलाई संलग्न धितोपत्र तथा निष्कासन सातौँ संशोधन नियमावली, २०८० स्वीकृति प्रदान गरेको हो।

हालसम्म पब्लिक कम्पनीमा रूपान्तरण भएको दुई वर्षपछि मात्रै सर्वसाधारणलाई सेयर जारी गर्न पाउने व्यवस्था छ। अब भने दुई वर्षदेखि कारोबार गरिरहेका कम्पनीले पब्लिकमा रूपान्तरण भएलगत्तै सेयर जारी गर्न पाउने गरी नियमावली संशोधन भएको धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले लगानीकर्ता तथा नेपाल इन्भेस्टर्स फोरमका अध्यक्ष तुलसीराम ढकालले बोर्डले बनाएको मापदण्डलाई कार्यान्वयनमा लैजानुपर्ने बताए। उनले भने, 'साना कम्पनी आउँदा पुँजी बढ्छ, सरकारलाई राजस्वमा टेवा पुग्छ, तर कम्पनीको वित्तीय विवरण, रेटिङ प्रणालीमा सचेत हुनुपर्छ।'

नियमावली संशोधनसँगै हरित ऋणपत्र जारी गर्नसमेत बाटो खुलेको हमालले जानकारी दिए। यस्तो ऋणपत्रमा विदेशीले समेत लगानी गर्न सक्ने व्यवस्था रहेको उनको भनाइ छ। उक्त बन्डमा विदेशी लगानीकर्ताले समेत लगानी गर्न सक्ने व्यवस्था गरेको छ। नयाँ व्यवस्थाले जस्तासुकै कम्पनीको पनि भविष्य सुरक्षित नहुने हो कि भन्ने कतिपयमा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

बताए। दुई वर्षसम्म निरन्तर वित्तीय विवरण बलियो भएको कम्पनी पब्लिकमा गएर आइपिओ जारी गर्दा समस्या नहुने भएकाले संशोधनको प्रस्ताव गरिएको उनको भनाइ छ। उनले भने, 'लगातार दुई वर्ष नाफामा छ र बोर्डले तोकेको मापदण्ड पुग्छ भने प्रिमियममा आइपिओ निष्कासन गर्न दिने व्यवस्था छ । यसमा लगानीकर्ता आत्तिनुपर्दैन।'

यसअघि प्रिमियममा सेयर जारी गर्ने कम्पनी कम्तीमा तीन वर्षदेखि नाफामा गएको हुनुपर्ने व्यवस्था थियो। अब एक अर्ब चुक्ता पुँजी भएका उद्योगले दुई वर्ष नाफामा गएपछि प्रिमियममा सेयर जारी गर्न पाउने भएका छन्।

आशंका रहेको लगानीकर्ता सागर ढकालले बताए। उनले भने, 'साना कम्पनीलाई प्रोत्साहन गर्नु सकारात्मक पक्ष हो, तर दुई वर्ष नाफामा गएर भविष्यमा कम्पनीले लगानीकर्तालाई अपेक्षाकृत नाफा दिन सकेनन् भने ठूलो संख्यामा लगानीकर्ता फस्ने सम्भावना पनि छ।'

नियमावलीको संशोधन मस्यौदा तयार पार्दा पनि पक्ष-विपक्ष देखिएको हमालले बताए। उनले भने, 'विज्ञ समूहसँग काम गर्दैगर्दा यो गलत हुन्छ भन्नेहरू पनि नभएका होइनन्, तर सही हुन्छ भन्ने विज्ञको बहुमत भएपछि यो अघि बढेको हो।'

■ बुढीगण्डकीमा लगानी जुटाउन नयाँ प्रस्ताव

पेट्रोलियम पदार्थमा उठाइने पूर्वाधार विकास करको ५० प्रतिशत रकम ऋण दिन सिफारिस

मिलन विश्वकर्मा/नयाँ पत्रिका

पेट्रोलियम पदार्थबाट उठाइने पूर्वाधार विकास करबाट राष्ट्रिय गौरवको बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनालाई सरकारले ऋण दिने लगानीको नयाँ मोडेल प्रस्ताव गरिएको छ। पूर्वाधार करबाट उठ्ने राजस्वको ५० प्रतिशतबराबरको रकम सहुलियत ऋण दिनुपर्ने प्रस्ताव नेपाल विद्युत् प्राधिकरणका उपकार्यकारी निर्देशक प्रदीप थिकेको संयोजकत्वमा बनेको समितिले गरेको हो।

१२ सय मेगावाटको आयोजना स्वदेशी लगानीमै बनाउन १७ भदौ ०७९ मा सरकारकै स्वामित्वमा बुढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेड स्थापना गरिएको छ। कम्पनी बनेको एक वर्षमा बल्ल आयोजनाको लगानी मोडेल प्रस्ताव तयार भएको हो। आयोजना निर्माण सम्पन्न हुन १० वर्ष लाग्ने अनुमान छ। त्यस अवधिमा पूर्वाधार करबापत लगभग चार खर्ब उठ्ने अनुमान गरिएको छ। त्यसको ५० प्रतिशत अर्थात् दुई खर्ब रुपैयाँबराबरको सहुलियत ऋण सरकारले दिनुपर्ने समितिको सिफारिस छ।

सन् ०१५/१६ मा यस आयोजनाका लागत दुई अर्ब ५९ करोड डलर अनुमान गरिएको थियो। तर, त्यसपछि भएको मूल्यवृद्धिलगायतका कारण अब आयोजनाको लागत दुई अर्ब ७७ करोड डलर (वर्तमान विनिमयदरअनुसार तीन खर्ब ६५ अर्ब रुपैयाँ) हुने अनुमान गएिको छ। त्यसमा दुई खर्ब सरकारको सहुलियत ऋण र अन्य लगानी ठूला संस्थागत लगानीकर्ता, विभिन्न कोष तथा कम्पनी, संस्थापक सेयर लगानी, सर्वसाधारण सेयरमार्फत जुटाउने मोडेल प्रस्ताव गरिएको कमिटीका एक सदस्यले जानकारी दिए।

'बुढीगण्डकी बनाउन सरकारले पेट्रोलियम पदार्थमा अबका दिनमा उठाउने पूर्वाधार विकास करको ५० प्रतिशत रकमबराबरको सहुलियत कर्जा दिनुपर्ने प्रस्ताव गरेका छौँ,' उनले भने, 'अन्य रकम भने स्वदेशी बैंक, ठूला संस्थागत लगानीकर्ता, विभिन्न कोष तथा कम्पनीबाट ऋणको रूपमा उठाउने प्रस्ताव पनि गरेका छौँ। सरकारबाट लिइने सहुलियत ऋणबाहेक लगानी भने ४५६ मेगावाटको अपर तामाकोसीकै मोडेलमा उठाउने छौँ।'

८६ अर्ब रुपैयाँमा बनेको अपर तामाकोसीमा पनि स्वदेशी बैंक, ठूला संस्थागत लगानीकर्ता,



■ **बुढीगण्डकीमा प्राधिकरणको ४५ प्रतिशत सेयर हिस्सा**

बुढीगण्डकीलाई प्राधिकरणकै नेतृत्वमा बनाउने गरी कम्पनीको संस्थापक सेयरमा प्राधिकरणको हिस्सा ४५ प्रतिशत बनाउने प्रस्ताव गरिएको छ। कुल २० अर्ब चुक्तापुँजी रहेका बुढीगण्डकीको संस्थापक सेयर १६ अर्ब रहेको छ। त्यसमा ऊर्जा मन्त्रालयको ५० प्रतिशत, अर्थ मन्त्रालयको ३० प्रतिशत र प्राधिकरणको २० प्रतिशत सेयर स्वामित्व छ। अब त्यसको सेयर संरचना परिवर्तन गरेर प्राधिकरणको ४५ प्रतिशत सेयर स्वामित्व बनाउनुपर्ने समितिको सिफारिस छ। यसमा चार अर्बबराबरको स्थानीय तथा सर्वसाधारणलाई सेयर जारी गरिनेछ।

विभिन्न कोष तथा कम्पनीबाट ऋण लिइएको थियो। बुढीगण्डकीमा पनि कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, राष्ट्रिय बिमा संस्थान, एचआइडिसिएललगायका धेरै पुँजी खेलाउने संस्थाबाट थप ऋण जुटाउने प्रस्ताव गरिएको छ। यसका लागि प्रवर्द्धक कम्पनी बुढीगण्डकीले उनीहरूसँग छलफलसमेत बढाइसकेको छ। यस्तै, सरकारले भ्याविलिटी ग्याप फन्डिङ (भिजिएफ)को सुविधा पनि सरकारले दिनुपर्ने प्रस्ताव गरिएको छ।

सरकारले २०७३ जेठ १६ गतेदेखि पेट्रोलियम पदार्थमा कर उठाउँदै आएको छ। पहिला यसमा बुढीगण्डकीकै नाम पेट्रोलियम पदार्थमा प्रतिलिटर पाँच रुपैयाँ कर उठाइन्थ्यो। तर, फागुन ०७६ देखि पेट्रोलियममा प्रतिलिटर १० रुपैयाँ कर उठाइँदै आएको छ। यद्यपि, त्यसको पहिलाको शीर्षक हटाएर पूर्वाधार विकास कर राखिएको छ।

गत आवसम्म यसमा एक खर्ब आठ अर्ब कर संकलन भएको छ। यो रकम सरकारले आफ्नै ढंगले खर्च गर्दै आएको छ। तर, अब भने त्यसबाट बुढीगण्डकीमा सहुलियत ऋण दिनुपर्ने प्रस्ताव गरिएको छ। तर, यसअघि उठेको करबाट यस्तो ऋण दिनुनपर्ने समितिको भनाइ छ। सरकारले हालसम्म बुढीगण्डकीको आयोजनाको जग्गा प्राप्तिमा ४३ अर्ब रुपैयाँ खर्च गरिसकेको छ। तसर्थ, त्यसबापत कुनै सुविधा नखोजेको स्रोतको भनाइ छ।

समितिले हालै उक्त लगानी मोडेलसम्बन्धी अध्ययन प्रतिवेदन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पेस गरेको छ। अहिले अध्ययन भइरहेको ऊर्जासचिव दिनेश घिमिरेले बताए।

'समितिले लगानीको मोडेलसहित अध्ययन प्रतिवेदन बुझाएको छ, जुन अध्ययनकै चरणमा छ,' उनले भने, 'अध्ययन सम्पन्न आवश्यक संशोधन गरेर अर्थ मन्त्रालयको रायसहित मन्त्रिपरिषद्मा स्वीकृतिका लागि पेस गर्छौं।' कर, सरकारी लगानीलगायतको विषय जोडिएकाले अर्थ मन्त्रालयको रायसहित मन्त्रिपरिषद्बाट नै उक्त प्रतिवेदन स्वीकृति गर्नुपर्ने उनको भनाइ छ। बुढीगण्डकी आयोजनामा लगानीको मोडेल बनाउने र कम्पनीको सेयर संरचना परिवर्तन गर्ने प्रयोजनका लागि प्राधिकरणका उपकार्यकारी निर्देशक प्रदीपकुमार थिकेको संयोजकत्वमा गत चैतमा अध्ययन कमिटी गठन गरिएको थियो।

■ प्राधिकरणले आइपिओ जारी गरेर लगानी गर्ने

प्रस्तावित सेयर संरचनाअनुसार कम्पनीमा प्राधिकरणले सात अर्ब २० करोड संस्थापक सेयर हाल्नुपर्नेछ। जुन रकम प्राधिकरणको आइपिओमार्फत आउने पैसामार्फत लगानी गर्ने प्राधिकरणको आयोजना छ। १९५ अर्ब चुक्तापुँजी रहेको प्राधिकरण प्रिमियम मूल्यमा आइपिओ जारी गर्ने तयारीमा छ।

धादिङ र गोरखाको सिमानामा रहेको बुढीगण्डकी नदीमा परिसरमा बन्ने यस आयोजनाको अवधारणा सन् १९७३ मा आएको थियो। सन् १९८३ मा सम्भाव्यता अध्ययन गरिएको यस आयोजनाको डिपिआर भने सन् २०१५ मा तयार थियो। तर, सरकारबाट निर्णयमाथि हुने परिवर्तनले गर्दा यसको निर्माण भने अझै सुरु भएको छैन। पछिल्लोपटक चीनको गेजुवा ग्रुप अफ कम्पनिज (गेजुवा)बाट खोसेर यो आयोजना स्वदेशी लगानीमै बनाउने घोषणा गरिएको थियो।

चैत ०७८ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले स्वदेशी लगानीमै उक्त आयोजना बनाउने भनेर गेजुवालाई दिने निर्णय खारेज गरी भदौ ०७९ कम्पनी स्थापना गरिएको छ। गत साउनको पहिलो साता आयोजनास्थलमा कम्पनीको फिल्ड कार्यालयको उद्घाटन गरिएको थियो। अब छिट्टै आयोजना निर्माणको शिलान्यास गर्ने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सार्वजनिक रूपमा बताउँदै आएका छन्।

हालसम्म यसको डिपिआर बनाउने, वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत गर्ने काम सकिएको छ । यस्तै, मुआब्जा वितरणको कामसमेत अन्तिम चरणमा पुगेको छ। लगानी जुटेको अवस्थामा तत्काल उक्त आयोजनाको निर्माण सुरु गर्न सकिन्छ । आयोजनालाई चाहिनेमध्ये ४९ हजार रोपनी जग्गा खरिद भइसकेको छ । अझै १० हजार रोपनी जग्गा भने प्राप्ति गर्न बाँकी छ । जग्गा प्राप्तिमा हालसम्म ४३ अर्ब रुपैयाँ खर्च भइसकेको छ। अबको एक वर्षमा आयोजना निर्माण सुरु गर्ने योजना राखिएको छ। आयोजनाको निर्माण अवधि आठ वर्ष रहेको छ।

विदेशी श्रमिकले १२ वर्षसम्मको श्रम स्वीकृति पाउने

मुना कुँवर/नयाँ पत्रिका

विदेशी श्रमिकले नेपालमा १२ वर्षसम्मको श्रम स्वीकृति पाउने भएका छन्। विभागले चालू आर्थिक वर्षदेखि विदेशी श्रमिकका लागि यस्तो व्यवस्था गरेको हो। यसअघि अधिकतम सात वर्षसम्म श्रम स्वीकृति दिने व्यवस्था थियो। नेपालमा ठूला परियोजनाहरूले विदेशी श्रमिक भित्र्याउन पाउने व्यवस्था छ। परियोजनाहरूले आफ्नो आवश्यकताअनुसारको श्रमिक नेपालमा पाउन नसकेको अवस्थामा विदेशी श्रमिक ल्याउन पाउँछ। ठूला परियोजना सम्पन्न गर्न १० देखि १२ वर्ष लाग्ने भएपछि विदेशी श्रमिकको श्रम स्वीकृतिको अवधि पनि लम्ब्याउनुपरेको विभागका प्रवक्ता इन्जिनियर मणिनाथ गोपले बताए। 'राष्ट्रिय परियोजना सम्पन्न हुन नै दशक लाग्ने भयो। विदेशी श्रमिकको अवधि भने सात वर्ष मात्र भयो। यसो हुँदा परियोजना नसकिँदै श्रमिक फर्कनुपर्ने भयो। त्यसैले मन्त्रालयले विदेशी श्रमिकको अवधि १२ वर्ष तोक्ने निर्णय गरेको हो,' उनले भने।

विदेशी श्रमिक भित्राउँदा सम्बन्धित प्रतिष्ठान वा परियोजना कर्मचारीको आवेदन माग गर्नुपर्नेछ। प्रतिष्ठानले माग गरेअनुसार कुनै पनि नेपाली श्रमिकको आवेदन नपरेमा प्रतिष्ठानले विदेशी श्रमिक नियुक्त गर्न सक्नेछ। यसका लागि प्रतिष्ठानले श्रम सुरक्षा तथा व्यवसायजन्य विभागमा श्रम स्वीकृतिका लागि आवेदन दिनुपर्नेछ। विदेशी श्रमिकले पहिला एक वर्षको श्रम स्वीकृति पाउनेछन्। प्रत्येक वर्ष श्रम स्वीकृति नवीकरण गर्नुपर्नेछ। नवीकरण गरेबापत विदेशी श्रमिकले २० हजार रुपैयाँ तिर्नुपर्ने विभागका प्रवक्ता गोपले बताए। तर, एक वर्षभन्दा कम अवधिका लागि नेपालमा काम गर्न आउने विदेशी श्रमिकले भने श्रम स्वीकृतिबापत १५ हजार भुक्तानी गर्नुपर्छ। उनका अनुसार १२ वर्ष पुगेपछि सम्बन्धित श्रमिकले थप अवधि श्रमिकका रूपमा नेपालमा बस्न पाउनेछैनन्।

दुई सय ८० संस्थामा दुई हजार विदेशी श्रमिक

विभागको तथ्यांकअनुसार गत आर्थिक वर्ष ०७९/८० मा दुई सय ८० वटा मान्यता प्रतिष्ठानका लागि दुई हजार एक सय ८१ विदेशी श्रमिकले विभागबाट श्रम स्वीकृति प्राप्त गरेका छन्। जसमध्ये नौ सय ५० नयाँ विदेशी श्रमिकले विभागबाट श्रम स्वीकृति लिएका छन्। एक हजार दुई सय ३१ जनाले भने श्रम स्वीकृति नवीकरण गरेका छन्।

नेपालमा श्रम स्वीकृति लिने विदेशी श्रमिकमध्ये चिनियाँ नागरिक धेरै छन्। विभागका अनुसार नेपालमा श्रम स्वीकृति लिएर काम गर्ने एक हजार ६ सय २९ जना छन्। संयुक्त राज्य अमेरिकाका एक सय ६ नागरिकले श्रम स्वीकृति लिएका छन्। संयुक्त राज्य अमेरिकाका ८३, जापानका ६१, भारतका ५७ नागरिकले विभागबाट श्रम स्वीकृति लिएर नेपालमा काम गरिरहेका छन्।

■ श्रमिकले रोजगारदाताविरुद्ध गोप्य उजुरी दिन सक्ने

अबदेखि श्रमिकले रोजगारदाताविरुद्ध गोप्य उजुरी दिन सक्ने भएका छन्। गत १ भदौदेखि लागू हुने गरी श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले पीडित श्रमिकले गोप्य रूपमा अनलाइनबाट नै उजुरी दिन सक्ने व्यवस्था गरेको हो। साथै, विभागले सामाजिक सञ्जालबाट पनि सेवा दिने भएको छ।

श्रमिकले उजुरी दिएपछि विभागले सम्बन्धित प्रतिष्ठानको व्यवस्थापनसँग छलफल गर्नेछ। श्रमिकले उजुरी दिएअनुसार श्रमिकमाथि अन्याय भएको पाइएमा विभागले जरिवाना गर्ने प्रवक्ता गोपले बताए। गत आवमा विभागमा पाँच सय ९७ वटा व्यक्तिगत दाबी उजुरी परेका थिए भने एक सय ५५ वटा सामूहिक दाबी उजुरी परेका थिए। विभागले औद्योगिक दुर्घटनामा परेका २६ जना श्रमिकलाई क्षतिपूर्ति दिलाएको छ। ४२ वटा उजुरी अदालतबाट फैसला भएर आदेश आएको छ।

■ श्रम आपूर्तिकर्ताले पनि अनलाइनबाटै आवेदन दिन सक्ने

श्रम आपूर्तिकर्ता प्रतिष्ठानमा अनलाइनबाट नै आवेदन तथा नवीकरणका लागि विभागमा निवेदन दिन सक्नेछन्। विभिन्न व्यक्ति तथा कार्यालयमा आवश्यक कर्मचारीलाई आपूर्ति गर्ने कम्पनीलाई श्रम आपूर्तिकर्ता कम्पनी भनिन्छ। यस्ता कम्पनीहरूको कार्य क्षेत्रअनुसार दर्ता तथा नवीकरण शुल्क भुक्तानी गर्नुपर्छ।

नेपालमा रहेका विभागका ११ वटा कार्यालयअन्तर्गत पर्ने क्षेत्रअनुसार कम्पनी दर्ता हुनुपर्नेछ। यदि यस्ता कम्पनीले एउटा मात्रै कार्यालयले ओगट्ने क्षेत्रभित्र काम गर्ने भएमा १५ हजार रुपैयाँ भुक्तानी गर्नुपर्नेछ। त्यस्तै, दुईवटा कार्यालयले ओगट्ने क्षेत्रभित्र काम गर्ने भएमा थप पाँच हजार भुक्तानी गर्नुपर्नेछ। यसरी कार्यालय थप हुनेबित्तिकै कम्पनीले पाँच हजार रुपैयाँ थप गर्नुपर्नेछ।

यस्ता प्रतिष्ठानले असोज महिनाभित्रमा नवीकरण गरिसक्नुपर्नेछ। तोकिएको अवधिमा नवीकरण नगरेमा १० प्रतिशत जरिवाना भुक्तानी गर्नुपर्नेछ।

त्यस्तै, विभागमा श्रमिक संगठनहरू पनि अनलाइनबाट नै दर्ता र नवीकरण हुन सक्नेछन्। प्रतिष्ठानअन्तर्गतका संगठनहरू सम्बन्धित क्षेत्रका श्रम कार्यालयमा दर्ता हुन सक्नेछन् भने संघ र महासंघका भने विभागमा नै दर्ता हुनुपर्नेछ। यस्ता संस्था दर्ता र नवीकरणबापत पाँच सय रुपैयाँ भुक्तानी गर्नुपर्नेछ। विभागमा गत आवमा ८३ वटा श्रम आपूर्तिकर्ता इजाजतपत्र प्रदान भएको छ भने तीन सय ५१ वटाले नवीकरण गरेका छन्।

प्रादेशिक रूपमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य उत्कृष्ट व्यवस्थापन तथा अभ्यास गर्ने प्रतिष्ठानलाई विभागले यो वर्ष सम्मान गरेको छ। प्रदेश नम्बर एकबाट रिलायन्स स्पिनिङ मिल्स इटहरी, मधेस प्रदेशबाट सूर्य नेपाल सिमरा, बागमती प्रदेशबाट बोटलर्स नेपाल काठमाडौं, गण्डकी प्रदेशबाट गोर्खा ब्रुअरी नवलपरासीपूर्व, लुम्बिनी प्रदेशबाट सिजी फुड्स बर्दिया र सुदूरपश्चिम प्रदेशबाट सुदूर फुड इन्डस्ट्रिज कैलालीलाई सम्मान गरिएको विभागले जनाएको छ।

त्यस्तै, विभागले गत आवमा विभिन्न दस्तुरबापत चार करोड ९६ लाख रुपैयाँ राजस्व जम्मा गरेको छ। विभागमा जरिवानाबापत जम्मा ४६ लाख ४८ हजार रुपैयाँ जम्मा भएको छ। गत आवमा विभागले दुई हजार ६ सय ९९ प्रतिष्ठानमा निरीक्षण गरेको छ। दुई हजार नौ सय १९ वटा प्रतिष्ठानको श्रम अडिट प्रतिवेदन प्राप्त भएको विभागले जनाएको छ। साथै, विभागले गत आवमा एक अर्ब ३० करोड राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा गरेको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय भिमाद, तनहुँको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०५/०७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय भिमाद, तनहुँबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० भदौ २२ गते शुक्रबार**का दिन शाखा कार्यालय भिमाद, तनहुँमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण:

१. राजवीर सार्कीको नाति, भुवान सिह नेपाली/धन माया नेपालीको छोरा, मन माया नेपालीको पति, तनहुँ जिल्ला, साबिक छाङ्ग गा.वि.स वडा नं. ०९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला भिमाद न.पा. वडा नं. ०६ बस्ने **कृत बहादुर नेपाली** (ना.प्र.नं. ३९१७०, जारी मिति २०५६/०८/०६, जिल्ला प्रशासन कार्यालय, तनहुँ)।

२. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समितिमा प्राईभेट फर्म रजिष्ट्रेसन २०१४ बमोजिम दर्ता नं. ६५११/०७४/०७५ मा दर्ता कायम भई, तनहुँ जिल्ला, भिमाद न.पा.वडा नं. ६ रजिष्टर्ड कार्यालय रहेको **कृति एण्ड सन्स** (प्रोप्राईटर राजवीर सार्कीको नाति, भुवान सिह नेपाली/धन माया नेपालीको छोरा, मन माया नेपालीको पति तनहुँ जिल्ला, साबिक छाङ्ग गा.वि.स वडा नं. ०९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला भिमाद न.पा. वडा नं. ०६ बस्ने **कृत बहादुर नेपाली** (ना.प्र.नं.३९१७०, जारी मिति २०५६/०८/०६, जिल्ला प्रशासन कार्यालय, तनहुँ)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. पिते सार्कीको नातिनी, मन बहादुर सार्की/धन माया सार्कीको छोरी, कृत बहादुर नेपालीको पत्नी, तनहुँ जिल्ला, साबिक छाङ गा.वि.स वडा नं.०९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला भिमाद न.पा. वडा नं.०६ बस्ने **मन माया नेपाली** (ना.प्र.नं.६४५९४ जारी मिति २०६०/०३/१५, जिल्ला प्रशासन कार्यालय, तनहुँ)।

२. भुवान सिह नेपाली/धन माया नेपालीको नाति, कृत बहादुर नेपाली/मन माया नेपालीको छोरा, अनिता नेपालीको पति तनहुँ जिल्ला, साबिक छाङ गा.वि.स.वडा नं.०९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला भिमाद न.पा. वडा नं.०६ बस्ने **अर्जुन नेपाली** (ना.प्र.नं.४३-०१-७३-०३६५०, जारी मिति २०७३/०४/२५, जिल्ला प्रशासन कार्यालय, तनहुँ)।

संस्थागत जमानीकर्ताको विवरण:

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समितिमा प्राईभेट फर्म रजिष्ट्रेसन २०१४ बमोजिम दर्ता नं. ६५११/०७४/०७५ मा दर्ता कायम भई, तनहुँ जिल्ला, भिमाद न.पा.वडा नं. ६ रजिष्टर्ड कार्यालय रहेको **कृति एण्ड सन्स**।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **कृत बहादुर नेपाली**को नाममा मालपोत कार्यालय, दमौली, तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला छाङ्ग गा.वि.स वडा नं. ९/घ कित्ता नं. ७०३ को क्षेत्रफल ०-८-०-० (रोपनी) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **कृत बहादुर नेपाली**को नाममा मालपोत कार्यालय, दमौली, तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला भीमाद गा.वि.स वडा नं. २/ग कित्ता नं.५२२ को क्षेत्रफल ०-१५-२-१ (रोपनी) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० भदौ २१ गते** भित्र बैंकको शाखा कार्यालय भिमाद, तनहुँमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय भिमाद, तनहुँबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८० भदौ २२ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय भिमाद, तनहुँमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै ब्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय भिमाद, तनहुँमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० भदौ २२ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय भिमाद, तनहुँ फोन न. ०६५-५७२४८०

साउनमा पनि सुध्रिएन वैदेशिक व्यापार

पोहोरभन्दा पनि खस्कियो वैदेशिक व्यापार, एक अर्बभन्दा बढी मूल्यमा २० वस्तु आयात

काठमाडौं/ चालू आर्थिक वर्षको पहिलो महिनामा वैदेशिक व्यापारमा कमजोर नै देखिएको छ। बजारमा माग संकुचित अवस्थामा रहेको र बैंक तथा वित्तीय संस्थाले समेत कर्जा विस्तार नगरेका कारण आन्तरिक माग बढ्न सकेको छैन। यसको असर वैदेशिक व्यापारमा पनि परेको छ।

गत वर्ष विदेशी मुद्रा सञ्चिति जोगाउन सरकारले केही वस्तुको आयातमा प्रतिबन्ध लगाएको र कर्जा प्रवाहलाई समेत संकुचित बनाइएकाले आयात खस्किएको थियो। चालू आर्थिक वर्षको सुरुवातमा बजार चलायमान हुने अपेक्षा गरिए पनि आन्तरिक माग संकुचित हुँदा आयात-निर्यात दुवै कमजोर देखिएका छन्। चालू आर्थिक वर्षको पहिलो महिना साउनमा वस्तुको आयात-निर्यात दुवै घटेको छ।

गत आर्थिक वर्षको साउनको तुलनामा आयात १.५६ प्रतिशतले र निर्यात ८.६५ प्रतिशतले घटेको भन्सार विभागको तथ्यांक छ। विभागले बुधबार सार्वजनिक गरेको तथ्यांकअनुसार साउनमा एक खर्ब २९ अर्बको वस्तु आयात भएको छ। गत आवको साउनमा एक खर्ब ३१ अर्बको वस्तु आयात भएको छ। त्यस्तै, साउनमा १३ अर्ब ५२ करोडको वस्तु निर्यात भएको छ। गत आवको साउनमा १४ अर्ब ८० करोडको निर्यात भएको थियो। समग्रमा वैदेशिक व्यापार गत वर्षभन्दा खस्किएको हो। कुल वैदेशिक व्यापार एक खर्ब ४२ अर्ब पुगेको छ। गत साउनमा वैदेशिक व्यापार एक खर्ब ४६ अर्ब थियो। कुल वैदेशिक व्यापार २.२८ प्रतिशतले घटाएको छ।

■ अर्बभन्दा बढी मूल्यका २० वस्तु आयात

गत आर्थिक वर्षको साउनमा अर्बभन्दा बढी मूल्यमा २१ वस्तु आयात भएका थिए। अहिले अर्बभन्दा बढी मूल्यमा २० वस्तु मात्रै आयात भएका छन्। सबैभन्दा बढी आयात हुनेमा डिजेल, पेट्रोल, खाना पकाउने ग्यास, फलामजन्य उत्पादन, स्मार्टफोन, धान, रासायनिक मल, भटमासको कच्चा तेल, सूर्यमुखीको कच्चा तेल, सुन, हवाई इनधन र मकै आयात भएका छन्। पोहोर साउनमा १२५ सिसीसम्मका मोटरसाइकल एक अर्बभन्दा बढी मूल्यमा आयात हुने सूचीमा थियो। २० प्रमुख आयातित वस्तुको कुल आयात मूल्य ४९ अर्ब ९३ करोड रुपैयाँ छ। पोहोर प्रमुख २१ वस्तुको आयात मूल्य ६० अर्ब ५३ करोड थियो।

■ प्रमुख १० निर्यात वस्तु

साउनमा निर्यात हुने प्रमुख १० वस्तुमा अलैंची, कार्पेट, स्टिल, धागो, कालो चिया, घरपालुवा जनावरका लागि जाने खाद्यान्न छन्। यी १० वस्तुको कुल निर्यात पाँच अर्ब ३५ करोड रुपैयाँ छ। कुल निर्यातमा यी १० प्रमुख वस्तुको हिस्सा ३९.४६ प्रतिशत छ।

भारतले ४ साउनदेखि बासमतीबाहेकका चामल निर्यातमा प्रतिबन्ध लगाएको छ। जसकारण महँगो मानिने बासमती चामलको आयात मूल्यमा वृद्धि भएको तथ्यांकले देखाएको छ। गत वर्ष साउनमा ३६ करोड ८५ लाख रुपैयाँ बराबरको बासमती चामल आयात भएको थियो। यो साउनमा चामलको आयात ५२ करोड नौ लाख पुगेको छ।

मात्राको हिसाबले यो चामल ४५ लाख ५८ हजार किलोबराबर आयात भएको छ। पोहोर साउनमा ४७ लाख २६ हजार किलो आयात भएको थियो। साधारण चामलमा प्रतिबन्ध लागेसँगै बासमती चामलको मूल्यमा वृद्धि भएको हो।

बुढानीलकण्ठमा माटो ब्रान्डको बिक्री केन्द्र

नयाँ पत्रिका

माटोको बिक्री केन्द्र बुढानीलकण्ठको देउवाचोकमा सञ्चालनमा आएको छ। नेपालमा विषादीरहित कृषि उपज उत्पादन तथा बजारीकरणमा थप योगदान पुऱ्याउने उद्देश्यले माटो ब्रान्डको सातौँ स्टोर बुधबारबाट सञ्चालनमा आएको हो।

माटोले नेपाली उत्पादनलाई ग्राहकहरूको घरदैलोमा पुऱ्याउने र जनस्वास्थ्यको दृष्टिकोणले गुणस्तरीय उत्पादनको स्वाद लिन सकिने स्टोरका अध्यक्ष पवन गोल्यानले बताए। माटोले उपभोक्ताको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखेर नेपाली र रासायनिक मल तथा विषादी प्रयोग नगरिएका उत्पादनलाई मात्र उत्पादन तथा विक्री वितरण गरिरहेको छ।

काठमाडौंको बानेश्वर, नक्साल, नारायणचौर, गोल्फुटार तथा ललितपुरको झम्सिखेल र सानेपामा माटोका स्टोर सञ्चालनमा रहेका छन्। माटोले अनलाइन अर्डरअनुसार होम डेलिभरी गरेर पनि घरघरमा नेपाली विषादीरहित



उत्पादन आपूर्ति गरिरहेको छ। माटो स्वदेशी ब्रान्ड भएकाले नेपालीपन र आत्मनिर्भरताको भावनासँग जोडिएको गोल्यानले बताए।

किसानले आफ्नो उत्पादनको उचित मूल्य पाइरहेका छैनन् भन्ने थाहा पाएपछि यो यात्रामा लागेको उनको भनाइ छ। गोल्यानले भने, 'किसानले भोगाइ र संघर्षको मूल्य नपाएको अवस्थाको अन्त्य गर्न र उपभोक्ताबीच प्रत्यक्ष कारोबार स्थापना गर्न माटोको स्थापना गरिएको हो।' माटोको स्थापना ०७५ सालमा किसानको उत्थान र रैथाने बालीलाई जोड दिनका लागि खोलिएको हो।

मुसुरो दाल, गोसाइँकुण्डको स्प्रिङ वाटर, चितवनको मह, इलामको गाईको घिउ र अन्य धेरै यस्ता स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन माटोले प्रोत्साहन गर्दै आइरहेको छ। माटोका स्टोरमा आशापुरी अर्गानिक स्थानीय उत्पादन पनि खरिद गर्न सकिने जनाइएको छ।

वैदेशिक रोजगारीमा रहेकालाई मिड सोलु हाइड्रोपावरको सेयर बाँडफाँट

काठमाडौं/ एनआइसी एसिया क्यापिटल लिमिटेडको निष्कासन तथा बिक्री प्रबन्धकत्वमा मिड सोलु हाइड्रोपावर लिमिटेडको जारी पुँजीको १० प्रतिशत सेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीलाई बाँडफाँट गरिएको छ।

वैदेशिक रोजगारीमा रहेकालाई सात करोड ४८ लाख ४० हजार रुपैयाँ रकमबराबरको एक सय रुपैयाँ अंकित दरका सात लाख ४८ हजार चार सय कित्ता सेयर बाँडफाँट गरिएको हो।

जम्मा ३१ हजार पाँच सय २२ जना आवेदकबाट सात लाख चार हजार दुई सय कित्ता सेयरका लागि आवेदन परेको क्यापिटलले जनाएको छ। जसमध्ये एक हजार आठ सय ६७ जना आवेदकको ५८ हजार ६ सय ४० कित्ताका



लागि भएको आवेदन विभिन्न कारणले रद्द भएको जनाइएको छ। कुल २९ हजार ६ सय ५५ जना आवेदकबाट प्राप्त ६ लाख ४५ हजार पाँच सय ६० कित्ता सेयर खरिदका लागि अन्तिम आवेदन प्राप्त भएको उल्लेख छ। जसमध्ये गोलाप्रथामार्फत कुल सात हजार चार सय ८४ आवेदकलाई १० कित्ताका दरले सेयर बाँडफाँट भएको क्यापिटलले जनाएको छ।

थाई एयरवेजले नेपालमा पुनः उडान सुरु गर्दै

नयाँ पत्रिका

कोभिड महामारीका कारण अप्रिल २०२० देखि रोकिएको थाई एयरवेजको काठमाडौं उडान आगामी नोभेम्बरदेखि पुनः सुचारु हुने भएको छ। थाई एयरवेज इन्टरनेसनलले नेपालका लागि जनरल सेल्स एजेन्ट (जिएसए)मा सोसाइटी इन्टरनेसनल ट्राभल सर्भिसेजलाई नियुक्त गरेर पुनः उडान सुचारु गर्ने तयारी गरेको हो।

सोसाइटीले थाई एयरवेजका लागि सम्पूर्ण ग्राहक र एजेन्ट सपोर्ट सेवासहित चौतर्फी सेल्स, मार्केटिङ र विमानस्थलस्थित सेवा उपलब्ध गराउने जनाइएको छ। थाई एयरवेजले सन् १९६८ डिसेम्बरमा नेपालमा पहिलोपटक उडान



गरेको थियो। थाई एयरवेजका चिफ कमर्सियल अफिसर कोराकोट चटासिंघाले काठमाडौं उडान पुनः सञ्चालनमा आएकोप्रति खुसी व्यक्त गरे। 'यस उडानले दुई देशबीचको आर्थिक गतिविधिलाई समेत अभिवृद्धि गर्नेमा विश्वस्त छौं,' उनले भने, 'अस्ट्रेलिया, जापान, कोरिया, मलेसियालगायत विश्वका विभिन्न सहरमा थाई एयरवेजको उडान रहेकाले नेपालका यात्रुलाई सहज उडानको विकल्प उपलब्ध हुनुका साथै नेपालको पर्यटन प्रवर्द्धनमा पनि सहयोग पुग्ने विश्वास छ।'

सोसाइटी इन्टरनेसनल ट्राभल सर्भिसेजका अध्यक्ष रविचन्द्र सिंहले भने, 'थाई एयरवेजको जिएसए नियुक्ति हुनु सोसाइटी इन्टरनेसनल ट्राभलको अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्याससहित स्थानीय विशेषताको प्रतिबिम्ब हो। यसले नेपाली जनतालाई 'भ्याकेसन' र 'अनबोर्ड सर्भिस'को अवधारणा परिचय गराउनमा पनि महत्त्वपूर्ण भूमिका खेलेको उनको भनाइ थियो।

'एसियाज मोस्ट एडमायर्ड मार्केटिङ लिडर अवार्ड'बाट शाक्य सम्मानित



काठमाडौं/ आउटरिच नेपालका संस्थापक उजय शाक्य 'एसियाज मोस्ट एडमायर्ड मार्केटिङ लिडर अवार्ड'बाट सम्मानित भएका छन्। सिंगापुरमा आयोजना भएको सिएमओ एसिया अवार्डको १४औँ संस्करणमा शाक्यलाई सम्मान गरिएको हो।

वर्ल्ड फेडेरेसन अफ मार्केटिङ प्रोफेसनल्सबाट समर्थन प्राप्त सिएमओ एसियाले मार्केटिङको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्ने मार्केटरलाई सम्मान गर्दै आएको आउटरिचले जनाएको छ। शाक्यलाई नेपालको विज्ञापन बजारलाई व्यावसायिक बनाउन उल्लेख्य भूमिका निर्वाह गरेको भन्दै संस्थाले सम्मान गरेको जनाइएको छ। अवार्ड समारोहमा शाक्यले उपभोक्ता र तिनका समस्या समाधानमा मार्केटिङले साथ दिनुपर्नेमा जोड दिँदै मार्केटिङमा प्रविधिसँगै मानवीयता पनि महत्त्वपूर्ण हुने बताएको उल्लेख छ।

शाक्यले विगत दुई दशकदेखि विश्वव्यापी ब्रान्डलाई नेपालमा सफलतापूर्वक स्थापित गराउने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेकोमा संस्थाले प्रशंसा गरेको कम्पनीको दाबी छ। सन् २०१५ मा शाक्यले प्रकाशित गरेको पुस्तक ब्रान्ड सूत्रले उनको विशेषज्ञतालाई थप पुष्टि गर्ने बताइएको छ।

ट्यांकर र चालक निलम्बन, कर्मचारीलाई उन्मुक्ति

धनगढीमा तेजराज भट्ट

पेट्रोल बोकेको ट्यांकरमा डिजेल मिसावट भेटिएको घटनामा आयल निगमले सम्बन्धित कर्मचारीलाई जोगाएर ट्यांकर र चालकलाई कारबाही गरेको छ। निगमले तीन महिनासम्म पेट्रोलियम पदार्थ बोक्न नपाउने गरी ट्यांकर र चालकलाई निगमले निलम्बन गरेको हो।

आयल निगमको प्रादेशिक कार्यालय धनगढीका प्रमुख मोहनकुमार शाहले पेट्रोल बोकेको ट्यांकरमा डिजल मिसावट भएको पुष्टि भएपछि यस्तो कारबाही गरिएको बताए। निगमले गत बिहीबार घोडाघोडी नगरपालिका- १० को मित्र ट्रेडर्सलाई पठाएको पेट्रोलमा डिजेल मिसावट गरिएको पाइएको थियो। पेट्रोलियम पदार्थको गुणस्तर चेकजाँचमा संलग्न कर्मचारीको त्रुटि देखिए पनि निगमले ट्यांकर र चालकलाई कारबाही गरेर कर्मचारीलाई उन्मुक्ति दिएको हो।

निगमले मित्र ट्रेडर्सका लागि ना.५ख ७७३ नम्बरको ट्यांकरमा चार हजार लिटर पेट्रोल पठाएको थियो। उक्त ट्यांकर लिएर चालक कमल जोशी गएका थिए। तर, उक्त ट्रेडर्सले पेट्रोल पम्पमा खसाल्नुअघि गुणस्तर जाँच गर्दा डिजल मिसावट भएको पाइएको थियो। चालकभन्दा पनि कर्मचारीको लापरबाहीले यस्तो भएको र निगमले चालकलाई मात्र कारबाही गरेर कर्मचारीलाई जोगाएको पेट्रोलियम व्यवसायीको आरोप छ।

सुदूरपश्चिमाञ्चल पेट्रोलियम डिलर्स एसोसिएनसका अध्यक्ष चक्र मल्लले गुणस्तर परीक्षणविनै पेट्रोल पठाउनु कर्मचारीको लापरबाही भएको बताए। 'निगमले भारतबाट ल्याएपछि गुणस्तर परीक्षण गरेर मात्र पेट्रोल पम्पलाई पठाउनुपर्ने हो, तर गुणस्तर परीक्षण नगरेरै पठाएको देखियो,' अध्यक्ष मल्लले भने, 'यसमा चालकको मात्र होइन, निगमका कर्मचारीको पनि दोष छ।' मल्लका अनुसार मिसावट भएको पाइएपछि त्यहाँ पुगेका निगमका प्रमुख शाह र एसोसिएसनका प्रतिनिधिबीच उक्त पेट्रोल ढुवानीकर्ताले चालकलाई कारबाही गर्ने तथा निगमले कर्मचारी र ट्यांकरलाई कारबाही गर्ने सहमति भएको थियो। तर, ट्यांकर र चालकलाई मात्र कारबाही गरेर निगमले गुणस्तर जाँचको जिम्मेवारीमा रहेका आफ्ना कर्मचारी जोगाएको अध्यक्ष मल्लले बताए।

बैंकको कर्जा सुरक्षणवापत बैंकको नाममा रहेका सवारी साधन बुझाउने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८०/०५/०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस एनएमबि बैक लि. बाट तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको तोकिएको सययमा बुझाउनु पर्ने साँवा तथा ब्याज लगायतका रकम तिर्नका लागि ऋणीहरूलाई पटक पटक मौखिक, लिखित तरताकेता गरेको तथा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी अनुरोध गर्दा समेत कर्जा चुक्ता नगरेकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा कर्जा रकम चुक्ता गर्न वा धितोमा रहेको तपसीलमा उल्लेखित सवारी साधन बैकमा बुझाई दिनुहुन अनुरोध गर्दछौं । उपरोक्त तोकिएको म्याद भित्र बैंकलाई उल्लेखित सवारी साधन बुझाउनु नभएमा कानून बमोजिम प्रक्रिया अगाडी बढाईने व्यहोरा यसै सूचनाबाट सूचित गराउदँछौ ।

तपसिलमा उल्लेखित सवारी साधनहरू ऋणी वाहेक अन्य कसैको नियन्त्रणमा रहे भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बैंकको कुनै पनि शाखा कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछौं । उल्लेखित सवारी साधनहरू कसैले अनाधिकृत रूपमा नियन्त्रणमा राखेको देखिएमा कानून बमोजिम आवश्यक कारवाही चलाईने व्यहोरा यसै सूचना मार्फत सम्बन्धित सबैलाई सूचित गरिन्छ । साथै उल्लेखित सवारी साधन सम्बन्धमा कोहि कसैलाई जानकारी भएमा समेत यस बैंकको कुनै पनि शाखा कार्यालयमा जानकारी गराई दिनुहुन अनुरोध गर्दछौं ।

तपसिल

क्र.स.	ऋणीको तिनपुस्ते नाम र ठेगाना	जमानतकर्ताको तिनपुस्ते नाम र ठेगाना	सवारीसाधनको विवरण
१.	कर्जा शिर्षकः हायर पर्चेज कर्जा ऋणीको नामः शुक्रराज मानन्धर ना.प्र.प.नं (जारी मिति/स्थान): ४३२८/०४४/४५ (२०५८/०५/१२/चितवन) बाजेको नामः जगत बहादुर मानन्धर बाबुको नामः सानु मानन्धर ठेगानाः चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. २, च्याम्बर मार्ग ।	व्यक्तिगत जमानतकर्ताहरूः १. सिर्जना श्रेष्ठ मानन्धर ना.प्र.प.नं (जारी मिति/स्थान): ३५७२२५७ (२०५५/०३/२४/चितवन) बाबुको नामः हेम बहादुर श्रेष्ठ ससुराको नामः सानु मानन्धर पतिको नामः शुक्रराज मानन्धर ठेगानाः चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. २ । २. हेम बहादुर श्रेष्ठ ना.प्र.प.नं (जारी मिति/स्थान): ३२३/१३७० (२०४१/०८/१९/काठमाडौं) बाजेको नामः लाल बहादुर श्रेष्ठ बाबुको नामः क्षेत्र बहादुर श्रेष्ठ ठेगानाः काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. । ३. रतन मान श्रेष्ठ ना.प्र.प.नं (जारी मिति/स्थान): ३८०६६ (प्र.प्र. २०३८/०८/२४/बर्दिया) बाबुको नामः कृष्ण मान श्रेष्ठ बाजेको नामः अष्ठमान श्रेष्ठ ठेगानाः बर्दिया जिल्ला, मनाउ गा.वि.स. वडा नं. ५ ।	धनी एनएमबि बैक लि. (सावित ओम डेभलपमेन्ट बैक लि.) /ऋणी शुक्रराज मानन्धरको नाममा नारायणी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः सवारीसाधनको विवरणः (क) कम्पनीः टाटा मोटर्स भारत लि. मोडलः LPT3118TC/56, भाडा ट्रक सवारी दर्ता नः ना ७ ख १५८० बनेको सालः २०१६ च्यासिस नः MAT466420G1R16402 इन्जिन नं. 61F6358120 (ख) कम्पनीः टाटा मोटर्स भारत लि. मोडलः LPT3118TC/56, भाडा ट्रक सवारी दर्ता नः ना ७ ख १५८१ बनेको सालः २०१६ च्यासिस नः MAT466420G1R16403 इन्जिन नः 61E63517637
२.	कर्जा शिर्षकः सवारी साधन कर्जा ऋणीको नामः चौधरी सप्लायर्स प्रा.लि. (नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: १५२४६३/०७३/०७४ दर्ता मिति : २०७३/०४/०९ स्थायी लेखा नं.: ६०४८६८११२ ठेगानाः कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. ८ ।(सावितः कैलाली जिल्ला, अत्तरिया न.पा. वडा नं. ३)	संचालक तथा व्यक्तिगत जमानतकर्ताहरूः १. बिजय चौधरी ना.प्र.प.नं (जारी मिति/स्थान): ६७१०१८/३७११(२०६७/०७/१७/कैलाली) बाजेको नामः मेखु लाल डगौरा बाबुको नामः जगत बहादुर चौधरी ठेगानाः कैलाली जिल्ला, अत्तरिया न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. ३ । २. दस्नी कुमारी चौधरी ना.प्र.प.नं (जारी मिति/स्थान): ५८०१(२०५२/०२/१९/कैलाली) बाबुको नामः भागीराम चौधरी ससुराको नामः मेखु लाल डगौरा पतिको नामः खुशिराम चौधरी ठेगानाः कैलाली जिल्ला, बेलादेवीपुर गा.वि.स. वडा नं. ३ । व्यक्तिगत जमानतकर्ताहरूः १. जगत बहादुर चौधरी ना.प्र.प.नं (जारी मिति/स्थान): २०४२ (२०४४/१२/२१/कैलाली) बाजेको नामः रामलाल डगौरा बाबुको नामः मेखु लाल डगौरा ठेगानाः कैलाली जिल्ला, बेलादेवीपुर गा.वि.स. वडा नं. ३ । २. नीरू चौधरी ना.प्र.प.नं (जारी मिति/स्थान): ६७-०१-७०-०३९१८ (२०७०/०४/२४/कैलाली) बाबुको नामः बेभु राम चौधरी ससुराको नामः जगत बहादुर चौधरी पतिको नामः बिजय चौधरी ठेगानाः कैलाली जिल्ला, धनगढी न.पा.वडा नं.७ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. ३ । ३. संजिव चौधरी ना.प्र.प.नं (जारी मिति/स्थान): ६७१०१८/३७०९(२०६७/०७/१७/कैलाली) बाजेको नामः मेखु लाल डगौरा बाबुको नामः जगत बहादुर चौधरी ठेगानाः कैलाली जिल्ला, बेलादेवीपुर गा.वि.स. वडा नं. ३ । ४. अमित चौधरी ना.प्र.प.नं (जारी मिति/स्थान): ६७-२५-७०-०१७७५ (२०७०/०२/३१/कैलाली) बाजेको नामः मेखु लाल डगौरा बाबुको नामः खुशिराम चौधरी ठेगानाः कैलाली जिल्ला, बेलादेवीपुर गा.वि.स. वडा नं. ३ । ५. खुशिराम चौधरी ना.प्र.प.नं (जारी मिति/स्थान): ४१९७(२०५२/०१/१२/कैलाली) बाजेको नामः रामलाल डगौरा बाबुको नामः मेखु लाल डगौरा ठेगानाः कैलाली जिल्ला, बेलादेवीपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. ३ ।	धनी एनएमबि बैक लि. (सावित कञ्चन डेभलपमेन्ट. बैक लि.) / ऋणी चौधरी सप्लायर्स प्रा.लि. को नाममा सुदुरपश्चिम प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनहरू: सवारीसाधनहरूको विवरणः १. कम्पनीः प्रित ट्रेक्टर भारत मोडलः प्रित ४५४९, ट्रेक्टर सवारी दर्ता नः से २ त ३७०५ बनेको सालः २०१८ च्यासिस नः PCU४५०५०५७ इन्जिन नः P३४५-०८३९५ २. कम्पनीः प्रित ट्रेक्टर भारत मोडलः प्रित ४५४९, ट्रेक्टर सवारी दर्ता नः सु.प.प्र.००१-००२ त ४००२ बनेको सालः २०१८ च्यासिस नः PCU४५०५०५७ इन्जिन नः P३४५-०८३९३ ३. कम्पनीः प्रित ट्रेक्टर भारत मोडलः प्रित ६०५९, ट्रेक्टर सवारी दर्ता नः सु.प.प्र.०१- ००२ त ४००० बनेको सालः २०१८ च्यासिस नः PCW६०AG२०९५८/A इन्जिन नः P४६०-०७१२५
३.	कर्जा शिर्षकः सवारी साधन कर्जा ऋणीको नामः अल्फा इट्टा उद्योग (प्रदेश सरकार, ५ नं प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा दर्ता रहेको) दर्ता नं.: ७८८१/०६८/६९, दर्ता मिति : २०६८/०४/०८ स्थायी लेखा नं.: ११०७५७९३९ ठेगानाः रुपन्देही जिल्ला, गजेडी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल कञ्चन गा.पा. वडा नं. २ ।	प्रोप्राईटरः राम चन्द्र सिंह ना.प्र.प.नं (जारी मिति/जि.प्र.का): ३७३०३८/९२४ (२०६३/११/१६/रुपन्देही) बाजेको नामः सुर्यपति सिंह बाबुको नामः तिरथ सिंह ठेगानाः रुपन्देही जिल्ला, गजेडी गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, कंचन गा.पा. वडा नं. २ । व्यक्तिगत जमानतकर्ताहरूः १. तिरथ सिंह ना.प्र.प.नं (जारी मिति/जि.प्र.का): २१९८ (२०३६/०८/२७/गृह पञ्चायत मन्त्रालय-अड्डिकृत नागरिकता) बाजेको नामः जय श्री सिंह बाबुको नामः सुर्यपति सिंह ठेगानाः रुपन्देही जिल्ला, गजेडी गा.वि.स वडा नं. ८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, कंचन गा.पा. वडा नं. २ । २. शोभा देवी क्षेत्रिनी ना.प्र.प.नं (जारी मिति/जि.प्र.का): ८५३ (२०४६/०४/०४/ गृह मन्त्रालय-अड्डिकृत नागरिकता) बाबुको नामः खेताहु सिंह ससुराको नामः सुर्यपति सिंह पतिको नामः तिरथ सिंह ठेगानाः रुपन्देही जिल्ला, गजेडी गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, कंचन गा.पा. वडा नं. २ ।	धनी एनएमबि बैक लि./ऋणी अल्फा इट्टा उद्योगको नाममा लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः कम्पनीः MANITOU किसिमः TLB844B , Backhoe Loader सवारी दर्ता नः लु १ क ४४१७ बनेको सालः २०२० च्यासिस नः TEP844B4PL1014986 इन्जिन नः 4H3302/1920303

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि

FMO A JOINT VENTURE WITH Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५३४६१६०,
Ext. १०७, १०४

PRIME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय : इटहरी, सुनसरी, फोन: ०२५-५८७३१०/११

को

शाखा कार्यालय इटहरी, सुनसरीको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी पुनः ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०५/०७ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय इटहरी, सुनसरीबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहको सम्पतिको लिलाम बिक्री गर्ने सम्बन्धि १५ (पन्ध्र) र ७ (सात) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना पुनः प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगर मोरङमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति २०७१/०७/१८ मा दर्ता नं. २६६८१ कायम भई दर्ता भएको मोरङ जिल्ला, उर्लाबारी गा.वि.स./न.पा. वडा नं. ३ स्थित सहनी माछा पसल

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. लक्ष्मण सहनीको नाति, कपिल देब सहनीको छोरा, मोरङ जिल्ला, उर्लाबारी गा.वि.स./न.पा.वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **चन्दन कुमार सहनी (ना.प्र.प.नं. ०५३००६/२१४, मोरङ)**
२. कपिल देब सहनीको बुहारी, चन्दन कुमार सहनीको पत्नी, मोरङ जिल्ला, उर्लाबारी गा.वि.स./न.पा.वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **सुस्मा देबी सहनी (ना.प्र.प.नं. ०५-०२-७८-००८४६, मोरङ)**
३. लक्ष्मण सहनीको बुहारी, कपिल देब सहनीको पत्नी, मोरङ जिल्ला, गोबिन्दपुर गा.वि.स./न.पा.वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **पार्बती देबी सहनी (ना.प्र.प.नं. ०६३०१२/२६७, मोरङ)**

धितोमा रहेको सम्पतिको विवरण

१. **चन्दन कुमार सहनीको** नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, राजघाट (बेलवारी) गा.वि.स./न.पा. वडा नं. ७ ग स्थित कित्ता नं. ३०७ र २२६ को क्रमशः क्षेत्रफल ०-५-०-०, ०-१-१०-० (बिघा)को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
२. **चन्दन कुमार सहनीको** नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. २४६६ को क्षेत्रफल ०-०-९-० (बिघा)को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/०५/०७ गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय इटहरी, सुनसरीबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/०५/१३ गते बुधबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय इटहरी, सुनसरीमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८०/०५/१४ गते बिहिबार सार्वजनिक विदा परेकोले मिति २०८०/०५/१५ गते शुक्रबार दिउँसो १:०० बजे यस बैंकको शाखा कार्यालय इटहरी, सुनसरीमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय इटहरी, सुनसरीबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय इटहरी, सुनसरीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

कोसीको विवाद पुनः सर्वोच्चमा

मुख्यमन्त्रीले पाएको विश्वासको मत असंवैधानिक भएको भन्दै रिट, आज सुनुवाइ

नयाँ पत्रिका

कोसी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले लिएको विश्वासको मत असंवैधानिक भएको दाबी गर्दै सर्वोच्च अदालतमा रिट दायर गरिएको छ। एमाले कोसी प्रदेश संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री हिक्मत कार्कीले मुख्यमन्त्री थापाले ४ भदौमा सभाध्यक्षको मतसहित विश्वासको मत लिएको भन्दै असंवैधानिक ठहर गर्न माग गरिएको छ।

रिटमाथि बिहीबार सुनुवाइ हुने अदालत प्रशासनले जनाएको छ। सभाध्यक्षले समेत मत दिएर विश्वासको मत लिनु यसअघि सरकार गठनबारे अदालतको आदेशको समेत उल्लंघन भएको कार्कीको रिटमा छ

प्रदेश सभाको अध्यक्षता गरेका व्यक्तिले विश्वासको मतसमेत दिनु गैरसंवैधानिक रहेको र सो मतका आधारमा थापाले मुख्यमन्त्रीका रूपमा विश्वासको मत पाएको भनी भएको निर्णय बदर गर्न रिटमामार्फत माग गरेका छन्। 'प्रत्यर्थी मुख्यमन्त्रीले पेस गरेको प्रस्तावमा मत बराबर नहुँदै प्रत्यर्थी अध्यक्षता गर्ने व्यक्तिले विश्वासको मतको प्रस्तावमा मत दिएको अवस्था देखिँएको हुनाले प्रत्यर्थी मुख्यमन्त्रीले गैरसंवैधानिक रूपले प्राप्त गरेको कथित विश्वासको मत शून्यसरह भई कोसी प्रदेश सरकारको संवैधानिक हैसियत विश्वासको मत प्राप्त गर्नुपूर्वको अवस्थामा पुगेकाले त्यस्तो सरकारले दीर्घकालीन असर पर्ने प्रकृतिका कामकारबाही र निर्णय गर्नु सर्वथा अनुचित, गैरसंसदीय, गैरसंवैधानिक र संवैधानिक नैतिकताको विपरीत भएकाले प्रत्यर्थी मुख्यमन्त्रीको नाममा यस रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म कुनै पनि दीर्घकालीन असर पर्ने र दूरगामी प्रकृतिका कुनै पनि निर्णय नगर्नू-नगराउनू भनी सर्वोच्च अदालत नियमावलीको २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरिपाऊँ,' रिटमा माग छ।

कार्कीले कोसीका प्रदेश प्रमुख परशुराम खापुङ, कांग्रेसका तर्फबाट सांसद तथा विश्वासको मत लिने दिन ४ भदौमा प्रदेश सभाको अध्यक्षता गरेका इम्राइल मन्सुर, उक्त दिन केही समय प्रदेश सभाको अध्यक्षता गरेकी सांसद गीता तिमल्सिना र कोसी प्रदेश सभा सचिवालयलाई विपक्षी बनाएका छन्। साथै 'गैरसंवैधानिक रूपमा विश्वासको मत प्राप्त गरिएका भनिएका मुख्यमन्त्री' थापालाई समेत रिटमा विपक्षी कायम गरिएको छ।

कोसीकै सरकार गठनका विषयमा यसअघि कार्कीले नै दायर गरेको रिटमाथि ११ साउनमा सर्वोच्चको पूर्ण इजलासबाट आदेश भएको थियो। जसमा सभाध्यक्षले सरकार गठनका लागि मत दिनु त्रुटिपूर्ण रहेको भन्दै आदेश जारी भएको मितिले सात दिनभित्र पुनः धारा १६८ (२) अर्थात् दुई वा दुईभन्दा बढी दल सम्मिलित बहुमतको सरकार गठनको प्रक्रिया थाल्न परमादेश दिइएको थियो।

कार्कीले २२ असारमा दायर गरेको रिटमा आफूलाई प्रदेश सभाको सबैभन्दा ठूलो दलको संसदीय दलको नेताको हैसियतमा मुख्यमन्त्री नियुक्त गर्न आदेश मागेका थिए। तर, सर्वोच्चले १६८ (२) बमोजिम सरकार गठनको अवस्था नभएमा वा उक्त सरकारले ३० दिनभित्र विश्वासको मत लिन नसकेमा स्वाभाविक रूपमा उपधारा (३) बमोजिम सरकार गठन हुने नै भएकाले तत्काल आदेश दिएको थिएन र पुनः उपधारा (२) को प्रक्रिया थाल्न भनेको थियो। न्यायाधीशत्रय ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र तिलप्रसाद श्रेष्ठको इजलासले सभामुखले सरकार गठनमा समर्थन जाहेर गर्न नमिल्ने आदेशमा उल्लेख गरेको थियो।

सर्वोच्चको उक्त आदेशविरुद्ध मुख्यमन्त्रीमा थापाले विश्वासको मत पाएको भन्दै निवेदक कार्कीले अदालतको अवहेलनामा पनि कारबाही अघि बढाउन माग गरेका छन्। '... प्रत्यर्थी मुख्यमन्त्रीले कथित विश्वासको मत प्राप्त गरेको घोषणा गरेको लगत्तै सार्वजनिक सञ्चारमाध्यममा यो विषयमा अदालतले अन्तिम व्याख्या गर्नेछ भन्ने दिइएको अभिव्यक्तिले यो विषय गैरसंवैधानिक रहेको विषय निजले अप्रत्यक्ष रूपमा स्वीकार गरी अदालतको आदेश आउने दिनसम्म भए पनि जसरी पनि मुख्यमन्त्रीको पदमा पदासीन हुने कलुषित भावनाका साथ यस प्रकारको गैरसंवैधानिक कार्य गरेको हुनाले र यसअघि प्रतिनिधिसभा विघटनसम्बन्धी विवादमा यसै अदालतले प्रतिपादन गरेको कानुनी सिद्धान्तसमेतका आधारमा प्रत्यर्थी मुख्यमन्त्रीलाई भविष्यमा यस प्रकारको गैरसंवैधानिक कार्यमा संलग्न नहुन विशेष न्यायिक टिप्पणीसमेत जारी गरिपाऊँ,' रिटमा छ।

प्रदेश सभामा ९३ सदस्य छन्। सरकार गठनका लागि न्यूनतम ४७ सदस्यको समर्थन चाहिन्छ। प्रदेश सभामा एमाले सबैभन्दा ठूलो दल छ। यसअघि पनि बहुमतका लागि तत्कालीन सभामुख बाबुराम गौतमले प्रदेश प्रमुखसमक्ष आफ्नो हस्ताक्षर पेस गरेका थिए। त्यसलाई अदालतले त्रुटिपूर्ण भनेको थियो। हाल भने सभामुख नभई सभाको अध्यक्षता गरेका सांसदले मुख्यमन्त्री थापालाई विश्वासको मत दिएका हुन्। उपसभामुख 'बिरामी' बिदामा बसेकी थिइन्।

रिटमा प्रदेश सभाको बैठकमा अध्यक्षता गर्ने मन्सुरसहित डेढ मिनेट अध्यक्षता गरेकी गीता तिमल्सिनाको मत अवैध र अनाधिकृत रहेको दाबी छ। 'त्यसरी अवैध रूपमा प्राप्त गरेको मत संविधानको धारा १८६ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम असंवैधानिक, संविधानमाथिको जालसाजी र कपटपूर्ण पदको प्रयोग र दुराशययुक्त भएकाले विश्वासको मतको प्रस्ताव बहुमतद्वारा पारित भएको भनी प्रत्यर्थी अध्यक्षता गर्ने प्रदेश सभा सदस्यले प्रदेश सभामा सभाको बैठक अन्त्य हुनुअघि गर्नुभएको घोषणा कोसी प्रदेश सभा नियमावलीको नियम ११ (२) बमोजिम प्राप्त अधिकारको दुरुपयोग गरी र संसदीय मूल्य-मान्यता, संवैधानिक प्रावधान र संवैधानिक नैतिकताको विरुद्धमा रहेको छ,' रिटमा छ।

पहिरोपीडित सुवावासीलाई आपत्कालीन राहत वितरण

म्याग्दी/ अन्नपूर्ण गाउँपालिका- ३ सुवाका पहिरोपीडितलाई अल्पकालीन राहत वितरण गरिएको छ। पहिरोका कारण विस्थापित २० परिवारलाई जिल्ला विपत् व्यवस्थापन समिति, म्याग्दीले एक लाख १० हजार नगद वितरण गरेको हो। पहिरोबाट घर भत्किएका सतवीर पाइजालाई १५ हजार र अन्य १९ परिवारलाई जनही पाँच-पाँच हजारका दरले राहत वितरण गरिएको छ।

दानामा गएको पहिरोको निरीक्षण गर्न पुगेका गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले उक्त राहत रकम वितरण गरेका हुन्। मन्त्री जुग्जालीसहित संविधानसभा सदस्य गोविन्द पौडेल, अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन, प्रमुख जिल्ला अधिकारी तुलसीराम पौडेल, गाउँपालिकाका उपाध्यक्ष दिवाकुमारी तिलिजा पुन, प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीलगायतको उपस्थिति थियो।

मन्त्री जुग्जालीले तत्काल पहिरोको क्षति न्यूनीकरण, सुरक्षित बसोवासको व्यवस्था गर्नुका साथै दीर्घकालीन रूपमा प्राविधिक टोलीबाट अध्ययन गरी बस्ती स्थानान्तरण, एकीकृत बस्ती निर्माण र पुनर्निर्माणका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाए। ३२ साउनमा आएको अविरल वर्षाले गाउँको शिर र पुछारको कालीगण्डकी नदीतीरको खामभित्ता र सुकेबगर क्षेत्रबाट पहिरो गएपछि सुवागाउँका २० परिवारको उठीवास लगाएको छ। पहिरोले एक घर भत्किनुका साथै नौ घर उच्च जोखिम र १० घर जोखिममा परेका छन्। दानाको सुवासँगै पुलीबाङ, फगाम, कमेरेडाँडा, तितरलगायतमा समेत पहिरोको जोखिम बढेको छ। जोखिममा रहेका सुवावासीलाई गाउँपालिका र जिल्ला विपत् व्यवस्थापन समितिको पहलमा दानास्थित वडा कार्यालयको सभाहलमा खाने-बस्ने व्यवस्था मिलाएको दानाका वडाध्यक्ष रमेश पुर्जाले जानकारी दिए। सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म गलेश्वरबाट खटिएका प्रहरी टोलीले समितिले उपलब्ध गराएको टेन्ट र त्रिपाल टाँगेर पहिरो पीडितको लागि बसोवासको पूर्वाधार निर्माण गरेका छन्। ५० जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको गाउँपालिकाका अध्यक्ष पुनले बताए।

संघ र प्रदेशका...

पृष्ठ १ बाट क्रमशः

हकमा संघीय मन्त्रिपरिषद् र प्रदेशमा प्रदेश मन्त्रिपरिषद्लाई रहेको इजलासको ठहर छ।

'... नेपालको संविधानको शब्द, भाव र मर्मसमेतलाई दृष्टिगत गर्दा वित्तीय विनियोजन ऐन, २०८० को रूपमा पारित आर्थिक वर्ष ०८०/८१ को बजेट वक्तव्यको बुँदा नं. ४४५ सँग सम्बन्धित व्यवस्था र सातवटै प्रदेशका व्यवस्थापिकाहरूको आर्थिक वर्ष ०८०/८१ को विनियोजन ऐनमा व्यवस्था गरिएका समान प्रकृतिका संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमसम्बन्धी व्यवस्थाहरू तथा ती व्यवस्थाहरूका लागि छुट्याइएको विनियोजित रकम खर्च गर्ने कार्य प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नू-नगराउनू,' आदेशमा छ।

अधिवक्ता त्रिलोकबहादुर चन्दसमेतले आर्थिक वर्ष ०८०/८१ को बजेट वक्तव्यको बुँदा नं. ४४५ सम्बन्धित व्यवस्थाका साथै सातै प्रदेशका विनियोजन ऐनमा यस प्रकारको व्यवस्था भए खारेज गर्न माग गरेका थिए।

उक्त रिटमाथि संवैधानिक इजलासबाट भएको आदेशमा भनिएको छ, 'संघीय र प्रदेश व्यवस्थापिकाको मूल कार्य व्यवस्थापिकीय प्रकृतिको कार्य नै हुने देखिन्छ। संघीय सांसद वा प्रदेश सभा सदस्यहरूलाई कार्यकारिणी प्रकृतिको कार्य गर्ने जिम्मेवारी प्रदान गरेको देखिँदैन। यस स्थितिमा राष्ट्रिय योजना आयोग वा प्रदेश योजना आयोग वा सम्बन्धित मन्त्रालयको सिफारिसमा नपरेका विषयमा संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमका नाममा सांसद आफैंले आफ्नो संसदीय निर्वाचन क्षेत्रको पूर्वाधार विकासको नाममा रकम छुट्याउँदा स्वार्थ बाझिने अवस्था पनि रहन्छ। यस प्रकारको विकास निर्माणको कार्यले सुशासनलाई प्रवर्द्धन गर्छ भनी निश्चित हुने अवस्थासमेत रहँदैन।'

चालू आर्थिक वर्षको बजेटको ४४५ नं. बुँदामा संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमबारे उल्लेख छ। जसमा निर्वाचन क्षेत्रका लागि जनताले अपेक्षा गरेका विकास निर्माणका स्थानीय आवश्यकताहरू जनप्रतिनिधिमार्फत सम्बोधन गर्न प्रत्येक निर्वाचन क्षेत्रका लागि पाँच करोड रुपैयाँ विनियोजन गर्ने प्रस्ताव छ।

एउटा आयोजनामा न्यूनतम एक करोड रुपैयाँ विनियोजन हुने गरी सडक, सिँचाइ, खानेपानी, शिक्षा, स्वास्थ्य, पर्यटन, खेलकुदलगायत भौतिक पूर्वाधार निर्माणका लागि कार्यक्रम छनोट गर्ने उल्लेख छ। यस कार्यक्रमका लागि कुल आठ अर्ब २५ करोड रुपैयाँ छुट्याइएको छ।

यो कार्यक्रम र प्रदेशहरूमा समेत प्रदेशको निर्वाचन क्षेत्रअनुसार यस्तै प्रकृतिका कार्यक्रम रोकिनुपर्ने मागसहित अधिवक्ता त्रिलोकबहादुर चन्दसमेतले रिट दायर गरेका थिए। जसमाथि बिहीबार यस्तो आदेश आएको हो। ११ साउनमा दर्ता भएको रिटमा कारण देखाऊ आदेशसमेत जारी भएको छ। इजलासले सात दिनभित्र विपक्षीहरूबाट जवाफ माग गरेको हो।

'... बजेट वक्तव्यको बुँदा ४४५ को व्यवस्था र सो व्यवस्था कार्यान्वयनको लागि बनेको विनियोजन ऐन, २०८० का व्यवस्था समान उद्देश्यले प्रतिनिधित्व गर्ने प्रतिनिधिसभाका समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचित प्रतिनिधिसभाका सदस्यका बीच फरक मापदण्ड अपनाएको समेत देखिन्छ,' आदेशमा छ, 'विकास योजना निर्माण र कार्यान्वयनसम्बन्धी स्वीकृत अभ्यास र मान्यता प्रतिकूल हुने गरी सीमित आर्थिक क्षमता रहेको मुलुकमा राष्ट्रिय ढुकुटीको ठूलो हिस्सा (अर्थात् संघ र प्रदेश समेतबाट अर्बौं रकम) केही खास जनप्रतिनिधिहरूको वैयक्तिक तजबिजमा खर्च गर्नु योजनाबद्ध विकासको अवधारणा तथा सुशासनको मान्यताअनुकूल हुने देखिँदैन। यसमा सरकारी कोषको रकम खर्च गर्दा अपनाउनुपर्ने पारदर्शिता र जवाफदेहितासम्बन्धी विषय पनि विचारणीय बन्न जाने देखिन्छ।'

विकासको बाधा...

पृष्ठ १ बाट क्रमशः

कार्यान्वयनमा रहेको र दुई वटा कार्यान्वयन नै नभएको आयोगको तथ्यांक छ। त्यस्तै, २ माघ ०७७ मा बसेको ४८औं बैठकले पनि २२ वटा निर्णय गरेको थियो। जसमध्ये दुई पूर्ण र १७ आंशिक कार्यान्वयनमा छन भनेे तीन वटा निर्णय कार्यान्वयन नै भएका छैनन्। २६ माघ ०७६ मा बसेको ४७औं बैठकले गरेका आठ निर्णयमध्ये दुई पूर्ण र ६ आंशिक कार्यान्वयनमा रहेको आयोगले जनाएको छ। गत २३ चैतमा बसेको ५०औं बैठकले २३ वटा निर्णय गरेको थियो। तर, ति निर्णय कार्यान्वयनको अवस्थाबारे समिक्षा भइसकेको छैन।

आयोग उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले प्राविधिक, व्यावहारिक, कानुनी र प्रक्रियागत उल्झनका कारण निर्णयहरू समयमै र पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको बताए। यद्यपि, प्रधानमन्त्रीले नै नेतृत्व गरेको बैठकका निर्णयसमेत समयमै र पूर्ण रूपमा कार्यान्वयन नहुनु दुःखद भएको उनको भनाइ छ।

'मन्त्रिपरिषद्ले जग्गा कित्ताकाट गर्ने निर्णय गऱ्यो, तर कार्यान्वयनमा आउन तीन महिना लाग्यो। यस्ता थुप्रै उदाहरण छन् जो निर्णय भएलगत्तै कार्यान्वयनमा आउन सकेका छैनन्,' उनले भने, 'एनडेकको हकमा पनि त्यस्तै हो, कानुन संशोधनमा समय लाग्ने, समन्वय गर्नुपर्ने, प्रक्रिया पूरा गर्नुपर्नेलगायत कारणले कार्यान्वयनमा ढिलाइ भएको हो। कतिपय सन्दर्भमा कर्मचारीमा काम गर्ने इच्छाशक्ति तथा लगाव नहुँदासमेत निर्णय कार्यान्वयन हुन नसकेको हो।'

आयोगका पूर्वउपाध्यक्ष डा. गोविन्दराज पोखरेलले राजनीतिक नेतृत्व र कर्मचारी संयन्त्र काम र जनताप्रति उत्तरदायी नहुँदा प्रधानमन्त्रीले नेतृत्व गर्ने एनडेक बैठककै निर्णय कार्यान्वयन नहुने गरेको अनुभव सुनाए। खासगरी निर्णय कार्यान्वयन नगर्नेलाई कारबाही गर्ने कुनै व्यवस्था नहुँदा समस्या भइरहेको उनको टिप्पणी छ। 'एनडेकका निर्णय कार्यान्वयन हुने हो भने विकासले गति लिन्छ, एनडेक अति महत्त्वपूर्ण संयन्त्र हो,' उनले भने, 'तर, राजनीतिक नेतृत्वले दीर्घकालीन सोच नराख्ने, कर्मचारी सरुवा भइरहने, काम नगर्नेलाई दण्ड-सजायको व्यवस्था नहुने र आयोगले पनि नियमित फलोअप नगर्ने कारणले एनडेकका निर्णय कार्यान्वयन भएका छैनन्।'

चन्द्रमाको दक्षिणी...

पृष्ठ १ बाट क्रमशः

सम्बोधन गर्दै भने।

इसरोका प्रमुख एस सोमनाथले यो इसरोका एक पुस्ताका वैज्ञानिकहरूको काम भएको बताए। उनले भने, 'यो हाम्रो एक्लो काम होइन, यो इसरोका एक पुस्ताका वैज्ञानिकहरूको काम हो।'

यानमा ल्यान्डर, रोभर र प्रोपल्सन मोड्युल्ससहित तीन भाग छन्। यानको कुल तौल एक हजार सात सय किलोग्राम रहेको छ। यानमा चन्द्रमाको भित्री सतहको हलचलको समेत चालपाउने सिस्मोमिटर पनि समावेश छ।

ल्यान्डर र रोभर चन्द्रमाको सतहमा करिब दुई हप्ता सञ्चालन हुने अपेक्षा गरिएको छ। प्रोपल्सन मोड्युल्स भने चन्द्रमाको कक्षमा नै रहेको छ र यसले यानबाट तथ्यांक तथा संकेतहरू लिएर पृथ्वीमा पठाइरहनेछ। चन्द्रमाको सधैं छायामा रहने यो दक्षिणी ध्रुवमा जमेको पानी र बहुमूल्य पदार्थहरूको महत्त्वपूर्ण भण्डारण हुन सक्ने विश्वास वैज्ञानिकहरूको छ।

चन्द्रमाको कक्षमा प्रवेश गरेपछि चन्द्रयान- ३ का क्यामेराले केही फोटोसमेत खिचेको थियो। २० अगस्टमा यानले खिचेको एउटा तस्बिर इसरोले मंगलबार सेयर गरेको छ। सो तस्बिरमा चन्द्रमाको धुलाम्मे खैरो सतहको 'क्लोज-अप' दृश्य देखिन्छ। यो अभियानमा करिब सात करोड ५० लाख डलर (पाँच अर्ब २० करोड भारतीय रुपैयाँ) खर्च भएको बताइन्छ।

चन्द्रमाको यही क्षेत्रमा अवतरण गर्ने उद्देश्यले गएको रुसी अन्तरिक्ष यान लुना २५ इन्जिनमा खराबी उत्पन्न भएपछि चन्द्रमाको सतहमा अगस्ट १५ मा 'क्र्यास' भएको थियो। पछिल्लो ४७ वर्षमा रुसको यो पहिलो चन्द्र अभियान थियो।

(एजेन्सीको सहयोगमा)

आठ यात्रुको...

पृष्ठ १ बाट क्रमशः

गाउँपालिका- ८ का अन्दाजी २५ वर्षीय सुशील रम्तेल र कास्कीको पोखरा महानगरपालिका- ११ फुबारीका अन्दाजी २४ वर्षीय सुमन थापाको मृत्यु भएको छ। अन्य एक मृतकको भने पहिचान खुल्न बाँकी रहेको डिएसपी जैसवारले बताए। म्याग्दीको मंगला गाउँपालिका- २ का ३० वर्षीय हरि अर्मोजा र धादिङको गजुरी गाउँपालिका- ८ का सविन रम्तेल भने हराइरहेको प्रहरीले जनाएको छ। सविन मृतक सुशील रम्तेलका भाइ भएको स्थानीयले बताएका छन्।

चालकसहित १३ घाइतेलाई उपचारका लागि काठमाडौं पठाइएको छ। एक घाइतेको राजमार्ग अस्पताल मलेखु र अर्का एकको प्राथमिक स्वास्थ्य केन्द्र गजुरीमा उपचार भइरहेको छ। सामान्य घाइते भएका सहचालक रोशन तामाङ र बागलुङ गलकोटकी भानु बुढामगर प्राथमिक उपचारपछि डिस्चार्ज भएका छन्। सहचालक प्रहरी नियन्त्रणमा छन्। सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयले उद्धार गरेका थिए।

चालक र सडक दुवैको कमजोरीका कारण दुर्घटना भएको हुनस क्ने डिएसपी जैसवार बताउँछन्। 'बस बायाँपट्टि नगई दायाँपट्टितिर ठोक्किएर त्रिशूलीमा खसेको छ। यसमा एउटा पाटोबाट हेर्दा चालकको कमजोरी देखिन्छ। त्यस्तै, दुर्घटनास्थलमा सडक साँघुरो छ, त्यहाँनेर खाल्डो पनि छ। खाल्डो छलाउन खोज्दा वा ओभरटेक गर्दा अनियन्त्रित भएर दुर्घटना भएको पनि हुन सक्छ,' उनले भने।

सहचालक तामाङका अनुसार १९ यात्रुले काउन्टरबाट र दुईजनाले इसेवाबाट टिकट काटेका थिए। त्यस्तै, दुईजना कलंकीबाट, दुईजना धादिङकै आदमघाटबाट चढेका थिए।

घाइते ६८ वर्षीया भानु बुढामगर भन्छिन्- रोगले नलगेको मलाई झन्डै त्रिशूलीले लग्यो

गाडी त्रिशूलीमा खसेको त थाहै पाइनँ। दुर्घटनापछि सँगै बसेकाहरूको अवस्था देख्दा सातो उड्यो। धन्न मलाई ठूलो चोटपटक लागेन। टाउको र खुट्टामा सामान्य चोट लागेको छ। उपचारपछि ठीक भएकी छु। उद्धारकर्ताले त्रिशूलीबाट काँध र पाखुरामा समाउँदै जंगल र भिरबाट डोरीले तान्दै उचाल्दै मलाई रोडमा ल्याए। त्यतिबेला पो झन् डर लाग्यो। म कलेजोको दीर्घरोगी हुँ। काठमाडौंमा उपचार गरेर घर फर्कँदै थिएँ। कसो घर पुग्ने नपाएको। रोगले नलगेको मलाई झन्डै त्रिशूलीले लग्यो।

कपाली तमसुक...

पृष्ठ १ बाट क्रमशः

लिए पनि बलिरामले आफ्ना भाइ रामेश्वरप्रसाद यादवमार्फत दुई लाख ५६ हजार ऋण दिएको कपाली कागज बनाएका थिए। रकम बढाएर तमसुक बनाएको पासवानदम्पतीले पत्तो पाएन। 'हामी पढे-लेखेका छैनौं, साहुले जे भने त्यही मानेर औंठा छाप लगायौं,' मीनाले दुःखेसो पोखिन्, 'बलिराम यादवसँग सयकडा पाँच रुपैयाँ ब्याजदरमा ५० हजार कर्जा लिएका थियौं। हामीलाई फसाइएछ।' तर, ऋणी यादवलाई पटक-पटक गरेर ऋण र ब्याजबापत दुई लाख रकम दिइसक्दा पनि अझै पैसा लिन बाँकी रहेको भन्दै माग्न थालेपछि मात्र आफूहरूले थाहा पाएको मीना बताउँछिन्।

जिल्ला अदालत पर्साका न्यायाधीश उद्धवप्रसाद गजुरेलले २० मंसिर ०७८ मा गरेको फैसलामा भनिएको छ, '... तमसुकमा उल्लेखित रकम दुई लाख ५६ हजार र सोको लिखत भरिभराउसम्मका मितिसम्मको कानुनबमोजिम १० प्रतिशतका दरले हुने ब्याज रकमसमेत प्रतिवादी रामेश्वरप्रसाद यादवले फिराद दाबीबमोजिम प्रतिवादी धर्मेन्द्रप्रसाद पासवानबाट भराई लिने पाउने ठहर्छ।' कपालीमा उल्लेख भएअनुसार पासवानले २५ असोज ०७२ मा दुई लाख ५६ हजार ऋण लिएर १० प्रतिशतका दरले साँवा र ब्याज पुस मसान्त ०७२ भित्र एकमुस्ट चुक्ता गर्ने भनेका थिए। तर, सो अवधिमा पैसा फिर्ता नपाएको भन्दै यादवले पाँच वर्ष पाँच महिना एक दिनको हुने ब्याज एक लाख ३८ हजार ७३८ र साँवा एक लाख ५६ हजार गरी तीन लाख ९४ हजार सात सय ३८ असुलको माग गर्दै ५ मंसिर ०७८ मा जिल्ला अदालतमा मुद्दा दायर गरेका थिए। तर, तोकिएको म्यादभित्र प्रतिवादीको प्रतिउत्तर नपरेको भन्दै अदालतको फैसला आएको थियो। आफूहरूसँग पैसा नभएकाले मुद्दा नलडेको मीना बताउँछिन्।

अदालतले फैसला गर्दा कपाली तमसुकलाई नै मुख्य आधार बनाएको छ। 'कपाली तमसुकको सक्कल प्रति अध्ययन गर्दा उक्त लिखतमा वादी-प्रतिवादीबीच लेनदेन भएको व्यहोरा उल्लेख भई प्रतिवादीले सहीछाप गरिदिएको देखिएकाले वादीबाट रकम लिएको भन्ने देखिन आएको तथा प्रतिवादीले प्रतिउत्तर नफिराई म्याद गुजारी बसेबाट निजले फिराद दाबीलाई स्वीकार गरी बसेको मान्नुपर्ने देखिन आयो।'

फैसला भएको ३५ दिन र सातदिने म्याद नाघ्दा पनि पासवानले बिगो रकम दाखिला नगरेको भन्दै जिल्ला अदालतका न्यायाधीश विश्वनाथ भट्टराईको इजलासले २२ पुस ०७९ मा उनलाई दुई वर्ष कैदमा राख्नका लागि पक्राउ पुर्जी जारी गरेको थियो। आदेशपत्रमा भनिएको छ, 'दुई वर्ष कैदमा राख्नका लागि पक्राउ पुर्जी जारी गरी पक्राउ परी आएका बखत निज प्रतिवादीले कागज गरी आफ्नो जेथा-सम्पत्ति खुलाएमा सोही जेथा-सम्पत्तिबाट वादीको फैसलाअनुसार बिगो उपर गराउने र जेथा देखाउन नसकेमा प्रतिवादीलाई बिगोबापत दुई वर्ष कैदमा राख्न कानुनबमोजिम कैदी पुर्जी दिई दाखिला हुन आएको सीधा खर्चसमेत कारागार कार्यालय पर्सा वीरगन्जमा पठाई नियमानुसार गर्नू।'

बलिरामले भने आफूले दुई लाख ५६ हजार ऋण दिएको, तर पैसा फिर्ता नगरेपछि मुद्दा दायर गरेको दाबी गर्दै आएका छन्।

साहुकार बलिरामविरुद्ध मिटरब्याजका तीन उजुरी

मिटरब्याजमा ऋण लगाउने र फरक तमसुक बनाएर फसाउँदै आएका वीरगन्जका बलिराम यादवविरुद्ध तीनवटा उजुरी परेका छन्। सरकारले गठन गरेको अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी जाँचबुझ आयोगमा मीनादेवीसहित तीनजनाको उजुरी परेको हो।

वीरगन्ज- २७ की मीना देवी, वीरगन्ज- २७ कै गायत्री देवी र वीरगन्ज- ६ का इजहार महम्मद अन्सारीले उजुरी दिएका हुन्। मीनाले ५० हजार, गायत्रीले एक लाख र अन्सारीले दुई लाख ऋण लिएर चुक्ता गरिसके पनि साँवा अझै बाँकी रहेको भनेपछि उजुरी दिएका हुन्। यी उजुरी जिल्ला प्रशासन कार्यालय पर्सामा दर्ता भएका छन्।

मिटरब्याज शाखाका अनुसार गायत्रीले बलिरामका भाइ रामेश्वर यादवलाई पनि मिटरब्याजी रहेको भन्दै उजुरी दिएकी थिइन्। हाल गायत्रीको एक लाखको विवादबारे अदालतबाट मिलापत्र भएको उक्त शाखाले जनाएको छ। गायत्रीले यादवसँग ऋण लिएको पैसा तिरिसकेकाले अब नदिने गरी अदालतमा मिलापत्र भएको मिटरब्याज शाखाका एक कर्मचारीले बताए। उनका अनुसार यादवविरुद्धका दुई उजुरीमा भने छलफल हुन बाँकी छ।

साधारणसभा सम्बन्धि सूचना

यस मैतिदेवि महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८०/०५/०४ गतेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार २९औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा हुन गइरहेको हुदा हाम्रा सम्पुर्ण सदस्य ज्युहरूलाई अनिवार्य उपस्थितिको लागि अनुरोध गर्दछौं।

तपशिल

मिति : २०८०/०५/३०
स्थान : मानसरोवर पार्टी प्यालेस पुरानो बानेश्वर ओरालो
समय : दिउँसो १:०० बजेदेखि ४:०० बजेसम्म

मैतिदेवी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
मैतिदेवी, काठमाडौं

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०५/०७)

यस दक्षिणकाली नगरपालिकाका लागि नेपाल सरकारको सशर्त कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/०८१ का लागि देहायको पदमा सेवा करारमा जनशक्ति पदपूर्ति गर्नुपर्ने भएकोले तल उल्लेखित योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको सक्कल रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेभसाईट www.dakshinkalimun.gov.np बाट उपलब्ध हुनेछ।

विज्ञापन नं.	पद	तह	माग संख्या	न्यूनतम शैक्षिक योग्यता	परीक्षा दस्तुर रु.
५-२०८०/०८१	पशु चिकित्सक	अधिकृतस्तर छैठौं	१ (एक)	मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको र परिषद्मा दर्ता भएको।	१,०००।-

क) आवेदनमा संलग्न गर्नुपर्ने कागजातहरु : उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, परिषद् दर्ता प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०५/०७

यस कार्यालयबाट प्रकाशित आन्तरिक आय संकलनको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सुचना बमोजिम उल्लेखित म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा अधिकतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम ठहरी स्वीकृतीका लागि छनौट भएकोले यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	कामको विवरण	छनौट भएको बोलपत्रदाता	कबोल अंक (मु.अ.करसहीत) रु.
01-IR-2080/081	सडक सेवा शुल्क (पुर्व पश्चिम राजमार्ग बाहेक कृष्णपुर नगरपालिकाबाट निर्मित तथा मर्मत गरिएका सबै शाखा सडक)	श्री ग्रीष्मा कन्स्ट्रक्सन, कृष्णपुर ०१ बण्ड, कञ्चनपुर	२४,७३,००८।३६
02-IR-2080/081	कबाडी तथा जीवजन्तु कर	श्री कञ्चन कन्सल्टेन्ट एण्ड कन्ट्याक्टर्स प्रा.लि., धनगढी ०२, कैलाली	३०,१५,९७०।-

अन्य सबै बोलपत्र दाताहरुलाई समेत यसै सूचनाबाट जानकारी गराइएको छ।

प्रमुख प्रशासकीय अधिकृत

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार ७ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

कुवेतविरुद्ध नेपालको कसिलो बलिङ

बलरको उत्कृष्ट प्रदर्शनको मद्दतमा नेपालले ९० रनको लक्ष्य रक्षा गऱ्यो, कुवेतले २० ओभरमा आठ विकेट गुमाएर ५५ रन बनायो

नयाँ पत्रिका

मलेसियामा चलिरहेको चार राष्ट्र सम्मिलित अन्तर्राष्ट्रिय टी-२० क्रिकेट सिरिजमा नेपालले बुधबार कुवेतविरुद्ध फितलो ब्याटिङ प्रदर्शन गरेको छ। पहिलो खेलमा हङकङमाथि सानदार ६ विकेटको जित निकालेको नेपालले कुवेतसँगको प्रतिस्पर्धामा त्यही फर्म दोहोऱ्याउन सकेन। नेपाली बलरले उत्कृष्ट प्रदर्शन गरेपछि कुवेत ३४ रनले पराजित भयो। पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा आठ विकेट गुमाएर ८९ रनको योगफल बनायो। प्रत्युत्तरमा कुवेतले २० ओभरमा आठ विकेट गुमाएर ५५ रन मात्र बनायो। लगातार दुई जितसँगै नेपाल शीर्ष स्थानमा छ।

नेपालको जितमा इन्दु बर्माले ब्याटिङ र बलिङमा एकनासको प्रदर्शन गरेकी थिइन्। लक्ष्य रक्षा गर्ने क्रममा उनले चार ओभरमा १० रन खर्चेर तीन विकेट लिइन्। यसक्रममा उनले १५ पटक डट बल फ्याँकेकी थिइन्। उनले प्रतिओभर २.५० रनरेटमा बलिङ गरिन्। ब्याटिङका क्रममा उनले १९ बलमा दुई चौकासहित २३ रन बनाइन्। यसैगरी, नेपालकी कविता कुँवरले केवल दुई ओभर बलिङ गर्दा एक विकेट लिइन्। उनले एक मेडन ओभर गर्दै चार रन खर्चिन्। नेपालका लागि सीता रानामगरले आठ रन खर्चेर एक विकेट हात पारिन्।



१० ओभरसम्म बाउन्ड्रीविहीन

पहिलो ब्याटिङ गरेको नेपालका लागि पूजा महतो र बिन्दु रावलले ओपनिङ गरेका थिए। महतोको यो दोस्रो अन्तर्राष्ट्रिय खेल थियो। हङकङविरुद्धको खेलमा उनले डेब्यु गरेकी थिइन्। कुवेतसँगको खेलमा नेपाली ओपनरले गतिलो रन बनाएनन्। नेपालले पहिलो १० ओभर खेल सकाउँदा एक चौका पनि लगाउन सकेन। महतो इनिङ्सको दोस्रो बलमै आउट भइन्। त्यसपछि सम्झना खनाल र रावलले दोस्रो विकेटका लागि पाँच रनको साझेदारी गरिन्।

रावलले सीता रानामगरसँग तेस्रो विकेटका लागि २७ रन जोड्न सफल भइन्। तर, दुवै खेलाडीले आक्रामक नभएर रक्षात्मक रूपमा ब्याटिङ गरेका थिए। रावलले ४५ बलमा २० रन बनाइन्। सीताले सात रन बनाइन्। नेपालले अतिरिक्त ११ रन पाएको थियो।

एकै ओभरमा दुई विकेट

नेपालले कुवेतविरुद्ध इनिङ्सको दोस्रो ओभरमै विकेट लियो। इनिङ्सको २.२ ओभरमा कुवेतकी मार्याम आउट भइन्। कुवेत ८.५ ओभरमा तीन विकेटको क्षतिमा २३ रनको अवस्थामा थियो। इनिङ्सको १२ ओभरमा नेपालले दुई विकेट हात पाऱ्यो। इनिङ्सको १२.१ ओभरमा शान्ति र १२.३ ओभरमा अमना सरिफले विकेट गुमाए। कुवेतका कुनै पनि खेलाडीले गतिलो साझेदारी गर्न सकेनन्। जेफा जलिनीले १९ बलमा एक चौकाको सहयोगमा ११ रन बनाइन्। खाललले २२ बलमा १० रन जोडिन्।

पाकिस्तानमा नेपाली खेलाडीले आजदेखि प्रशिक्षण गर्ने



नेपाली क्रिकेट टोलीले बिहीबारदेखि पाकिस्तानको कराँचीमा एसिया कपको तयारी गर्ने भएको छ। टोली फ्लाई दुबईको विमानबाट बिहीबार कराँची पुगेको थियो। कराँची अन्तर्राष्ट्रिय विमानस्थलमा बुधबार अवतरण गरेको नेपाली टोलीले केही दिन कराँचीस्थित नेसनल बैंक रंगशालामा अभ्यास गर्नेछ। कराँची पुगेको नेपालले कडा सुरक्षा घेरामा रहेर एक साता अभ्यास गर्नेछ।

खेलाडीले प्रशिक्षणका क्रममा स्थानीय टोलीसँग अभ्यास खेल खेल्नेछ। केही दिनको अभ्यासपछि टोली मुल्तान प्रस्थान गर्नेछ। नेपालले एसिया कपको समूह 'ए'मा घरेलु टोली पाकिस्तानको सामना गर्नेछ। यसपछि टोलीले श्रीलंकाको क्यान्डीमा भारतविरुद्ध खेल्नेछ। भारतले पाकिस्तानी भूमिमा प्रतिस्पर्धा गर्न नमानेपछि प्रतियोगिताका अधिकांश खेल श्रीलंकामा सारिएको छ। एसिया कपको समूह 'बी'मा श्रीलंका, बंगलादेश र अफगानिस्तान रहेका छन्।

विमानस्थलदेखि होटेलसम्म स्कर्टिङ

टोलीलाई विमानस्थलबाट कडा सुरक्षाबीच होटेल पुऱ्याइएको पाकिस्तानी एजेन्सीले जनाएको छ। प्रतियोगितामा सहभागी हुन पुगेको टोलीलाई भिभिआइपीस्तरको सुरक्षा प्रदान गरिएको एजेन्सीले उल्लेख गरेको छ। टोलीलाई भिभिआइपी सुरक्षा प्रोटोकल प्रदान गरिएको पाकिस्तानी एजेन्सीले जनाएको छ। कडा सुरक्षा घेरामा पाकिस्तान क्रिकेट बोर्डका पदाधिकारीले नेपाली खेलाडीलाई स्वागत गरेका थिए। खेलाडीलाई अगाडि र पछाडि सुरक्षाकर्मीले स्कर्टिङ गरी होटेलमा पुऱ्याएका थिए।

सुरक्षाको कारण देखाउँदै १० वर्षसम्म अन्तर्राष्ट्रिय क्रिकेट टोली पाकिस्तान गएका थिएनन्। सन् २००९ मा श्रीलंकाली क्रिकेट टोलीमाथि पाकिस्तानमा आतंककारीले आक्रमण गरेका थिए। पाकिस्तानमा सुरक्षा निकै फितलो र खेलाडी असुरक्षित रहेको जनाउँदै अन्य क्रिकेट टोलीले तटस्थ भूमिमा प्रतिस्पर्धा गरेका थिए। सन् २००९ देखि २०१९ सम्म पाकिस्तानले दुबईको मैदानलाई घरेलु मैदानका रूपमा प्रयोग गरेको थियो।

कराँची पुगेको नेपाली टोलीले एसिया कपको प्रशिक्षणस्वरूप बिहीबारदेखि नेसनल बैंक अफ रंगशालामा प्रशिक्षण गर्नेछ, त्यसपछि मुल्तानमा आयोजक पाकिस्तानविरुद्ध उद्घाटन खेलमा सहभागी हुनेछ

सन् २०११ को विश्वकपको आयोजक राष्ट्रसमेत रहेको पाकिस्तानमा सुरक्षाको कारण देखाउँदै सहभागी राष्ट्रले प्रतिस्पर्धा गर्न मानेनन्। उनीहरूले बंगलादेशमा प्रतिस्पर्धा गरेका थिए। सन् २०१९ मा श्रीलंकाले पाकिस्तान भ्रमण गरेको थियो।

एन्फाको विशेष साधारणसभामा भौतिक उपस्थितिको माग

नयाँ पत्रिका

सहिद स्मारक ए, बी र सी डिभिजन लिगका ३२ क्लबले अखिल नेपाल फुटबल संघ (एन्फा)को २४ भदौमा हुने विशेष साधारणसभामा अनिवार्य रूपमा भौतिक उपस्थितिको माग राखेका छन्। साधारणसभामा केन्द्रीय सदस्य, जिल्ला, प्रदेश र चार संघसँगै अन्य पदाधिकारी भौतिक रूपमै उपस्थित हुनुपर्ने क्लबहरूले बुधबार माग राखेका हुन्। पदाधिकारीहरूलाई दबाब दिन क्लबहरूले बुधबार संयुक्त हस्ताक्षर गर्दै एन्फा र राष्ट्रिय खेलकुद परिषद् (राखेप)मा उजुरीसमेत दिएका छन्।

एन्फाको धारा ३६ अनुसार विशेष साधारणसभा वा बैठकमा पदाधिकारी भौतिक रूपमै उपस्थित हुनुपर्ने उल्लेख छ। विशेष परिस्थिति, महामारी र असहज अवस्थामा मात्र भर्चुअल कार्यक्रम गर्न पाइन्छ।

सातदोबाटोस्थित एन्फाको केन्द्रीय भवनमा कार्यवाहक अध्यक्ष वीरबहादुर खड्का, कार्यवाहक महासचिव अरुणमान जोशी र कोषाध्यक्ष रवीन्द्र जोशीलाई उजुरीपत्र बुझाए। अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राई अस्ट्रेलिया पुगेका छन्। क्लबका पदाधिकारीहरूले राखेपका सदस्यसचिव टंकलाल घिसिङलाई भेटेरै पत्र बुझाए।

एन्फाको यसअघिका बैठकमा पदाधिकारीहरूलाई भौतिक उपस्थिति अनिवार्य थिएन। उनीहरूलाई 'भर्चुअल उपस्थिति'को व्यवस्था गरिएको थियो। तर, महत्त्वपूर्ण साधारणसभा भएका कारण सबै पदाधिकारी अनिवार्य रूपमा भौतिक रूपमै आउनुपर्ने ३२ क्लबले माग राखेका हुन्। ए डिभिजनको जावलाखेल युथ, बी डिभिजनका पुल्चोक युथ, प्लानिङ ब्वाइज र झम्सिखेल युथ तथा सी डिभिजनबाट स्वयम्भू, बागमती युवा क्लब र खालीबारी युवा क्लबले हस्ताक्षर गरेका छैनन्। नेपाल पुलिस, त्रिभुवन आर्मी र एपिएफ क्लबले पनि हस्ताक्षर गरेका छैनन्।

गत १९ साउनमा एन्फाको कार्यसमितिले २४ भदौमा विशेष साधारणसभा गर्ने निर्णय गरेको थियो। महासचिव राईले २३ साउनमै साधारणसभामा उपस्थित हुन ४५ जिल्ला, चार संघ, ए, बी, सी डिभिजन लिग क्लब, राष्ट्रिय लिगमा छनोट भएका चार क्लब, सात प्रदेश र एन्फा कार्यसमिति पदाधिकारीलाई पत्र पठाएका थिए। २४ साउनमा बोलाइएको साधारणसभा भर्चुअल माध्यमबाट गर्ने भनिएको छ।

■ बहिष्कार गर्ने चेतावनी

एन्फा र राखेपमा उजुरी गरेका ३२ क्लबले भौतिक उपस्थिति अनिवार्य नगरे बहुमत सदस्यद्वारा साधारणसभा बहिष्कार गर्ने चेतावनी दिएका छन्। एन्फाको विधानमा विशेष साधारणसभामा अनिवार्य उपस्थित हुनुपर्ने लेखिएको छ। विधान मिचेर भर्चुअल माध्यमबाट विशेष साधारणसभा आयोजना हुँदा बहिष्कार गर्ने क्लबका एक पदाधिकारीले बताए। 'नेतृत्व पक्षले विधानमै उल्लेख नभएको काम गर्दा हामी पनि बहुमत सदस्यद्वारा साधारणसभा नै बहिष्कार गर्छौं,' उनले नयाँ पत्रिकासँग भने। बहुमत सदस्यले साधारणसभा बहिष्कार गरे कार्यसमिति बैठक बसी १५ दिनभित्र अर्को साधारणसभा बोलाउनुपर्ने प्रावधान छ।

■ निर्वाचनपछिको पहिलो साधारणसभा

०७९ असारमा चुनावी साधारणसभापछि पहिलोपटक एन्फा साधारणसभा हुन लागेको हो। क्लबहरूले विधानको धारा ३६ बमोजिम भौतिक उपस्थिति गराउन जोड्दार माग राखेका छन्। 'एन्फा विधानको धारा ३६ बमोजिम सम्पूर्ण सदस्यको भौतिक उपस्थितिमा साधारणसभा गराउन जोडदार माग छ,' संयुक्त रूपमा हस्ताक्षर भएको विज्ञप्तिमा उल्लेख छ, 'विधानमा स्पष्ट रूपमा विशेष परिस्थिति, महामारी र असहज अवस्थामा मात्र भर्चुअल बैठक गर्न मिल्ने व्यवस्था भएकाले सदस्यहरूको भौतिक उपस्थितिमा विभिन्न विषयमा समेत सहज छलफल गर्न पाउने विधानको धारा ३७ (६) सम्बद्ध व्यवस्थालाई कुण्ठित नगरियोस् भन्ने हाम्रो ठम्याइ छ।' विधानमा महामारी र असहज अवस्था मात्र भर्चुअल बैठक वा साधारणसभा गर्न सकिने प्रावधान छ।

नेपालमा एसियाली शारीरिक सुगठन हुने

प्रतियोगितामा २५ राष्ट्रका तीन सय खेलाडीले प्रतिस्पर्धा गर्ने



नयाँ पत्रिका

नेपाल शारीरिक सुगठन तथा फिटनेस महासंघको आयोजनामा हुने ५५औँ एसियाली शारीरिक सुगठन तथा फिजिक्स स्पोर्टस् प्रतियोगिता १५ भदौमा काठमाडौंमा हुने भएको छ। नेपालमा पहिलोपटक हुन लागेको एसियालीस्तरको प्रतियोगितामा २५ राष्ट्रका तीन सय खेलाडीले प्रतिस्पर्धा गर्ने बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ। प्रतियोगिता याक एन्ड यती होटेलमा हुनेछ। जसमा पुरुषतर्फ २८ र महिलामा १६ विधा समावेश छन्। यसैगरी, मिक्स एक गरी कुल ४५ विधामा प्रतिस्पर्धा गर्ने महासंघका अध्यक्ष राजेशबाबु श्रेष्ठले जानकारी दिएका छन्।

सात दिनसम्म चल्ने प्रतियोगिताको १६ भदौमा म्यानेजर्स मिटिङ, निर्णायक मिटिङ, डोपिङ सेमिनार तथा एसियाली कंग्रेसको आयोजना हुनेछ। १७ भदौमा खेलाडीहरूको तौल तथा हाइट मेजरमेन्टसँगै उमेरसमूहको जाँच गर्ने कार्य हुनेछ।

आधिकारिक रूपमा १८ भदौमा प्रतियोगिताको उद्घाटन हुनेछ। प्रतियोगिताको पहिलो दिन १६ विधामा प्रतिस्पर्धा हुनेछ। जसमा नेपाली १४ खेलाडीले आठवटा समूहमा प्रतिस्पर्धा गर्नेछन्। १९ भदौमा २० विधामा प्रतिस्पर्धा हुनेछ। यस दिन २४ नेपाली खेलाडीले १७ समूहमा प्रतिस्पर्धा गर्नेछन्। २० भदौमा नौ विधामा प्रतिस्पर्धा हुने र पाँचजना नेपाली खेलाडीले चारवटा समूहमा प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ।

प्रतियोगिताको अन्तिम दिन शारीरिक सुगठनतर्फ ५५, ६०, ६५, ७०, ७५, ८०, ८५, ९०, १०० र ११० केजी गरी १० समूहका पहिलो हुने खेलाडीबीचको प्रतिस्पर्धाबाट सर्वोत्कृष्ट खेलाडी घोषणा गरिनेछ। उनलाई मिस्टर एसिया २०२३ घोषित गरिनेछ। शीर्ष तीन स्थान प्राप्त गर्ने तीन राष्ट्रका खेलाडीलाई पहिलो, दोस्रो र तेस्रो स्थान घोषणा गरिनेछ।

जिम्न्यासाइडमा कार्कीले जिते स्वर्ण

ब्राजिलको रियो दी जेनेरियोमा भइरहेको प्रतियोगिताअन्तर्गत कलरबेल्ट पुम्सेको फाइनलमा कार्कीले ब्राजिलका खेलाडीलाई ७.४-७.१ को अन्तरले हराए

नयाँ पत्रिका

नेपाली तेक्वान्दो खेलाडी निश्चित कार्कीले आइएसएफ यू- १५ जिम्न्यासाइडमा स्वर्ण पदक जितेका छन्। ब्राजिलको रियो दी जेनेरियोमा भइरहेको प्रतियोगिताअन्तर्गत कलरबेल्ट पुम्सेको फाइनलमा उनले ब्राजिलका खेलाडीलाई पराजित गरी स्वर्ण जितेका हुन्। निश्चितले उपाधि हात पार्न १० पूर्णांकमा ७.४ अंक जोडे। उनका प्रतिद्वन्द्वी ब्राजिलका खेलाडीले ७.१ अंक हात पारे। निश्चितले सेमिफाइनलमा मेक्सिकोका खेलाडीलाई ७.४-६.८ अंकले हराए।

महिला थ्री अन थ्री बास्केटबलमा नेपालले अंगोलालाई १५-० ले पराजित गऱ्यो। जितसँगै ११ राष्ट्रले प्रतिस्पर्धा गरेको महिला बास्केटबलमा नेपाल नवौं स्थानमा रह्यो। पुरुष थ्री अन थ्री बास्केटबलमा नेपाल 'ए'ले ब्राजिललाई ७-६ ले तथा मेक्सिकोलाई १०-६ ले हरायो। अर्को खेलमा नेपाल कोस्टारिकासँग ९-८ ले पराजित भयो। नेपालको पुरुष 'बी' ब्राजिलसँग ११-८ पराजित भयो। १० भदौसम्म सञ्चालन हुने प्रतियोगितामा ४४ राष्ट्रका दुई हजार खेलाडीले विभिन्न १८ खेलमा प्रतिस्पर्धा गरिरहेका छन्।

नेपालले बक्सिङ, पौडी, तेक्वान्दो, टेबलटेनिस र बास्केटबलका २१ खेलाडीले प्रतिस्पर्धा गरिरहेका छन्। अन्तर्राष्ट्रिय स्कुल स्पोर्टस् महासंघ (आइसी) को आयोजनामा हरेक दुई वर्षमा आयोजना हुने यो प्रतियोगिताले १५ वर्ष उमेर समूहको 'मिनी ओलम्पिक' मानिन्छ।



ग्रिनफिल्ड सेमिफाइनलमा

काठमाडौं/ आयोजक ग्रिनफिल्ड 'ए' दशौं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषतर्फ सेमिफाइनलमा प्रवेश गरेको छ। ग्रिनफिल्ड 'ए'ले किङडम हिमालयलाई ३०-२४ ले पराजित गऱ्यो। अर्को खेलमा ज्ञान निकेतनले पिपुल्स एकेडेमीलाई ३०-१२ ले हरायो। रेडिअन्ट पब्लिकले इडेन ब्रिज एकेडेमी (इबिए) लाई ३०-२६ ले हराउँदै अन्तिम चारको स्थान पक्का गऱ्यो। सिनियर पुरुषमा ज्ञान निकेतन अन्तिम चारमा पुगेको छ। ज्ञान निकेतनले द एक्सेल्सियरलाई ५१-२१ ले पाखा लगायो। सिनियर महिलामा रिब्स र संस्कृतिले सेमिफाइनलमा स्थान सुरक्षित गरे। रिब्सले रेडिअन्ट पब्लिकमाथि १९-१८ को कठिन सेटमा जित दर्ता गऱ्यो। संस्कृतिले साई निलायमलाई ३०-१८ ले विजयी भयो।

रग्बीमा नेपाल समूह 'ए'मा

काठमाडौं/ चीनको हाङझावमा हुने १९औँ एसियाली खेलकुदको पुरुष रग्बी सेभेन्समा नेपाल समूह 'ए'मा रहेको छ। नेपालसँगै यो समूहमा हङकङ चाइना र फिलिपिन्स छन्। हाङझाव एसियाडमा नेपालले पुरुष रग्बीमा सहभागिता जनाउँदै छ। पुरुष रग्बीमा जम्मा १२ राष्ट्रले प्रतिस्पर्धा गर्नेछन्। चार समूहमा विभाजन गरी लिगकम नकआउट आधारमा खेल खेलाइनेछ। समूह 'बी'मा दक्षिण कोरिया, मलेसिया र चाइनिज ताइपेई छन्। समूह 'सी'मा जापान, सिंगापुर र थाइल्यान्ड रहेका छन्। समूह 'डी'मा युएई, चीन र अफगानिस्तान छन्। रग्बीका खेल २४ सेप्टेम्बरदेखि सुरु हुनेछ। विराट श्रेष्ठको कप्तानीमा रहेको नेपाली टोलीले त्यसै दिन आफ्नो समूह चरणको दुवै खेल खेल्नेछ। नेपालले पहिलो खेल फिलिपिन्स तथा दोस्रो खेल हङकङ चाइनाविरुद्ध खेल्नेछ। एसियाली खेलकुदमा नेपालले पहिलोपटक रग्बीमा सहभागिता जनाउन लागेको हो। नेपालको सहभागिता पुरुषमा मात्र रहेको छ।

Phedikhola Rural Municipality
Office of Rural Municipal Executive Phedikhola, Syangja, Gandaki Province, Nepal

Invitation for Bids

First date of Publication: 24th August, 2023

1. ***Phedikhola Rural Municipality*** on behalf of GoN has allocated funds towards the cost of ***upgrading of following Roads*** and intends to apply part of the funds to cover eligible payments under the Contracts for ***21-PRM-W-NCB-UG-080-81-04 & 22-PRM-W-NCB-UG-080-81-04***. Bidding is open to all eligible Nepalese Bidders under ***IFB No. 04.***
2. ***Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja*** invites electronic bids only from eligible bidders for the ***Upgrading of Phedikhola Mirudanda Kalabhairav Nuwakot Municipal Road, CH 0+310 to 1+450 at Ward No. 2, Mirudanda of Phedikhola Rural Municipality***, Contract ID: ***21-PRM-W-NCB-UG-080-81-04*** and ***Upgrading of Kuvinde Mattikhan Nuwakot Municipal Road CH: 3+885 to 4+185 at Phedikhola-01, Kothe Gaun, Syangja***, Contract ID: ***22-PRM-W-NCB-UG-080-81-04*** under National Competitive Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   For contract ID: 21-PRM-W-NCB-UG-080-81-04:
   a) ***Minimum Work experience of similar size and nature:*** Successfully or substantially completion of at least 1 (One) road project consisting of Asphalt Concreting/ Otta-seal/DBST/Premix carpeting/RCC or PCC Pavement works in a 1.0 KM length with a value of at least NRs. 4,500,000.00 (Excluding VAT) within the last Ten (10) years.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the ***Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja***; website: www.phedikholamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder has option of bidding by electronic bid only. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp . Bidders, submitting their bid electronically, should deposit the cost as mentioned in table below (for each bid) of bidding document in the Rajaswa (revenue) account of office as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja; **Name of Office**: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja; **Office Account Number:** 06500308CA; Aantarik Rajaswa Khata (revenue heading) Number: Ga 1-1.
5. Electronic bids must be submitted to the ***Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja*** through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hrs on ***24-September-2023.*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***12:00 hrs on 24-September-2023*** at the ***Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security amounting to a minimum of ***following mentioned amount in table below:*** a) if cash deposited, it should be deposited on a Account No. 06500036CA Dharauti Khata of Phedikhola Rural Municipality on Prime Bank Ltd., Phedikhola and scanned copy (PDF format) of Cash deposit Voucher should be submitted along with bid or b) if bidder chooses to submit bid security from commercial bank or financial institution than scanned copy (PDF format) of bid security should be submitted along with bid. The bid security shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

S.N.	Name of Work/Project	Contract ID No.	Cost of Bid document NRs.	Bid security Amount NRs.	Estimated Amount (Including overhead, VAT & PS)	Bid Security Validity Period	Remarks
1.	Upgrading of Phedikhola Mirudanda Kalabhairav Nuwakot Municipal Road, CH 0+310 to 1+450 at Ward No. 2, Mirudanda of Phedikhola Rural Municipality	21-PRM-W-NCB-UG-080-81-04	3,000.00	301,000.00	12,022,137.97	120 days from the date of bid submission.	Bid validity period: 90 days from the date of bid submission
2.	Upgrading of Kuvinde Mattikhan Nuwakot Municipal Road CH: 3+885 to 4+185 at Phedikhola-01, Kothe Gaun, Syangja	22-PRM-W-NCB-UG-080-81-04	3,000.00	129,000.00	5,140,216.74		

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com